# कल्चुँडाको कथा

अघि किरात देशमा एकजना राजा थिए । तिनको नाम थियो – तसेथिंग । एक दिन बेलुकीपख तिनी आफ्नो दरबारको बगैंचामा यसै टहलिरहेका थिए । केही बेरपछि एक्कासि एक अनौठो तर मनोहर लय भएको गाना सुनियो । राजाको ध्यान त्यसप्रति आकर्षित भयो । गीत वास्तवमा निकै सुरिलो र मनमोहक थियो तर गाउने जीव को थियो, कस्तो थियो ? त्यसको कुनै पत्तो थिएन । केवल गानामात्र नजिकै कतैबाट सूर्यास्तको शीतल र मन्द-मन्द हावासँग तरङ्गिएर वातावरणमा गुन्जिरहेको थियो । यसो त गीतको माधुर्य नै साह्रै आकर्षक थियो, त्यसमाथि गाउने प्राणी अदृश्य र अपरिचित हुन गएकाले अरू कुतूहल पनि जाग्रत हुनु स्वाभाविक थियो । राजाले गायकलाई जान्न चाहे तर सानो वातायनबाटै उठेर ध्वनिमात्र भइरहेको त्यस गीतको गायकलाई चिन्न गाह्रो थियो, प्रायः असम्भवजस्तै थियो ।

भोलिपल्ट झिसमिसेमै राजा बिउँझे तर हिजोको गीतको मादकताको नशा लागेझैं तिनी ओछ्यानमै लम्पसार त्यसै पल्टिरहे । कोठाको उत्तरपट्टिको झ्यालबाहेक अरू झ्याल-ढोकाहरू सबै बन्द थिए । प्रभातकालीन सुशीतल हावा सुस्तरी-सुस्तरी चलिरहेको थियो । यस्तैमा एकाएक हिजो बेलुकीको गाना सुनियो । त्यो त्यत्तिकै मिठो र त्यत्तिकै उत्तम थियो । राजा फेरि त्यो मिठासमा मग्न भए ।

गीत निकै परबाट आइरहेको थियो । गीत सुनेर आनन्द लिनुका साँगसँगै राजाका मस्तिष्कमा सुन्दर कल्पना पनि उठ्न थाल्यो । तिनले सोचे – " यस गीतका साथमा बाँसुरी र मर्चुङ्गा पनि बजे त स्वर्गका अप्सराहरूले जलतरङ्गमा भजन गरेझैं सुनिने थियो । सहसा यत्तिकैमा गीत बन्द भयो । राजा बडो बेस्वादमा परे । झटपट शैय्याबाट उठेर तिनले झ्यालको ठूलोचाहिँ खापा ह्वाङ्ग उघारेर कान लाएर त्यसै गीतलाई फेरि सुन्ने चेष्टा गरे तर गीत कतै पनि सुनिएन । उनको उत्सुक इच्छा विफल नै रह्यो । फेरि कौसीमा उक्लेर तिनले गायकलाई देख्ने कोसिस गरे तर बन्द गीतजस्तै गायक पनि अलप नै थियो । राजा निराश भए । अब फेरि दिनभरि त्यो गीत सुन्न पाइन्न होला राजाले भन्ठाने ।

त्यसै दिन बेलुकीपख घाम डुब्नलाई एक जुवा जति बाँकी थियो । सधैंझैं राजा बगैंचामा टहलिरहेका थिए साथमा रानीका

सहेलीहरू पनि रङ्ग-विरङ्गका कपडाहरूले सिंगारिएर राजारानीका वरिपरि सुहाइरहेका थिए वार्तालापका लागि राजा आफ्नी रानीलाई त्यसै अनौठो गीतका विषयमा चर्चा गर्दै थिए एक्कासि त्यसै बेला त्यही गीत फेरि गुञ्जायमान भएर आयो । सबैको ध्यान त्यसैतिर गयो रानी र सहेलीहरू पनि आश्चर्य चकित भएर सुन्न थाले तर उस्तै उनीहरूले न गायकलाई देखे न त गीतको अर्थ नै बुझे । गीतभने उत्तिकै मिठो र आकर्षक थियो ।

हुँदा-हुँदा राजामाथि त्यस गीतको असर बढ्दै गयो । राजाका मनमा त्यसका विषयमा विस्तृत जानकारी पाउने उत्सुकता थपिंदै गयो । अब तिनी बगैंचामा बनाइएको शीतल घरमा एक्लै बसेर त्यसका सम्बन्धमा धेरै कुराको शोच गर्न थाले । तिनले मनमनै भने – पहिले त त्यो गाना सुनाउनेको खोजी गर्नुपर्छ, त्यसपछि त्यस गानाको अर्थ के रहेछ ? बुझी त्यसबाट सम्भव शिक्षा हासिल गर्नु पर्दछ ।

भोलिपल्ट राजाले राजसभामा आफ्नो त्यस मनसायको प्रस्ताव प्रस्तुत गरे । सभासदहरूलाई राजाले भने – “ यता केही दिन अघिदेखि म एउटा रहस्यमय गीत सुन्दै आइरहेको छु तर मैले त्यसको कुनै अर्थ लगाउन सकेको छैन, न त त्यसको गायकलाई नै देख्न पाएको छु । गीत अत्यन्तै मनोहर छ र शिक्षाप्रदजस्तो पनि बुझिन्छ ।” त्यसपछि राजाले हुकुम गरे – “ तसर्थ तपाईहरूले खोजी गरी त्यो गायक को रहेछ, पत्ता लगाउनु होला र मेरो सामुन्ने हाजिर गराउनु होला । सक्नेलाई म बकस दिने घोषणा पनि गर्दछु ।”

राजाको हुकुम हुनासाथ भारदारहरूले सिपाहीहरू खटाई त्यो मिठो गाना गाउने व्यक्तिलाई खोज्न पठाए । धुमधामसँग खोज-खबर हुन लाग्यो । सबका मनमा त्यस अचम्मको कुराका विषयमा उत्सुकता उठ्न थाल्यो ।

धेरै दिनपछि ती सिपाहीहरूले एउटा अनौठो भ्यागुतो फेला पारे । तिनीहरूलाई त्यो गाना गाउने यही हो कि भन्ने लागेर सोधे – “ बिहान सूर्योदयअघि र बेलुकी सूर्यास्तपछि मिठो स्वरले सुन्दर गाना गाउने व्यक्ति को हुन् ? तैले जानेको छस् ? राजाबाट त्यसले बक्सिस पाउने भएको छ ।”

बकसको लालचमा परेर भ्यागुताले भन्यो – “ त्यो व्यक्ति त मै हुँ नि ।”

सिपाहीहरूले भने – “ त्यसो भए दरबार हिंड ।”

तत्काल भ्यागुतो फुत्रुक्-फुत्रुक् उफ्रँदै दरबारमा गयो । भारदारहरूले त्यसलाई राजाका सामु हाजिर गरे ।

राजाले भने – " साँझ-बिहान तेरो गाना सुनेर मेरो हृदय साह्रै प्रफुल्लित भएको छ । फेरि एकपल्ट त्यो गाना सुनाएर मेरो चित्त आनन्दित गरिदे, म तँलाई बकस दिनेछु ।" राजाका यी कुरा सुनेर भ्यागुतो घमण्डले टाउको ठाडो पारी घोक्रो फुलाएर 'क्रेक क्रेक क्रेक – टर्र टर्र टर्र' गरेर कराउन थाल्यो । राजाले सुन्ने गरेको गीत त्यो थिएन तसर्थ तिनको चित्त बुझ्ने कुरै उठ्दैनथ्यो । तिनले भन्ठाने, " यो पाजी सायद पुरस्कारका लोभमा परेर आएको होला । तिनले भारदारहरूलाई भने – " यसलाई पक्रेर कुकुरहरूका अगाडि राखिंदिनू ।"

राजाबाट हुकुम हुनासाथ तुरुन्तै आई सिपाहीहरूले बिचरो भ्यागुतालाई लगेर ठूल-ठूला कुकुरहरूका सामुन्ने राखिदिए । कुकुरहरूका डरले खुम्चेर बस्ता-बस्ता भ्यागुताको शरीर नै खुम्चियो । एक प्रकारले घिनलाग्दो देखापऱ्यो ।

राजाले आफ्ना भारदारहरूलाई हुकुम दिए – " जुन गाना म साँझ-बिहान सुन्दछु, त्यो अर्कै हो । त्यसको अत्यन्तै ठूलो महत्व छजस्तो बुझिएकाले तपाईहरूले फेरि जसो गरी हुन्छ त्यस गाउने व्यक्तिको पत्तो लगाएर त्यसलाई सकेसम्म चाँडो मेरा सामुन्ने हाजिर गर्नुपऱ्यो, त्यसलाई म निकै पुरस्कार दिनेछु ।"

भारदारहरूले फेरि सिपाहीहरू खटाए । फेरि धुमधामसँग खोज-खबर हुन थाल्यो ।

यता राजाका मनमा दिनप्रतिदिन त्यस गीतका प्रति जिज्ञासा बढ्दै जान थाल्यो ।

दिनभरि विशेषतः साँझ-बिहान खोजी गर्दागर्दा सिपाहीहरूले आखिरमा एउटा कालो चरो फेला पारे र भ्यागुतासित जस्तै त्यससित पनि सोधे – " बिहान सूर्योदयअघि र साँझ सूर्यास्तपछि मिठो स्वरले सुन्दर गाना गाउने व्यक्ति को हुन् ? तैंले जानेको छस् ?

भ्यागुताले जस्तै त्यसले पनि भन्यो – " त्यो ? त्यो त मै हुँ ।"

सिपाहीहरूले भने – " अहो ! त्यसो भए राजाबाट तँलाई ठूलो बकस मिल्नेछ । तैंले दरबारमा जानुपर्छ ।"

त्यो कालो चरो खुशी भएर राजाको दरबार गयो । भारदारहरूले त्यसलाई तसेथिंग राजाका छेउ पुऱ्याए । राजाले भने – " तेरो साँझ-बिहानको सुन्दर गानाले मेरो हृदयलाई आकर्षित गरेको छ । अहिले पनि

एकपल्ट त्यो गाना सुनाएर मलाई उल्लसित पार, म तँलाई पुरस्कार दिनेछु ।"

चरो निकै खुशी भयो, टाउको ठाडो पारेर उसले बडो गम्भीर र मधुर स्वरमा अलाप लियो । राजा र दरबारका सबैमा प्रसन्नताको लहर छुटच्यो, सबैजना खुशी भए । चराले आफ्नो मिठो गीत गाउँदैलग्यो, – " चि चि च्यु मा का, चि चि च्यु च्यु म योङ ।" गीत एक किसिमले मन्त्रजस्तै आकर्षक थियो र सबजना त्यसैमा निमग्न हुन थाले ।

गीत सकिएपछि सबजनाले मुक्तकण्ठले चराको प्रशंसा गरे । राजाले प्रसन्नताले गद्गद् भएर भने – " तेरो गीत अति सुन्दर छ, आश्चर्य नै लाग्दो यो जादूजस्तो गीतको अर्थ झन् कस्तो हुँदो हो ! "

चराले निकै नम्र भएर अदबका साथ गीतको अर्थ बतायो – " सानो भाग्य लिएर जन्मेको हुँ तापनि मेरो भविष्य त ठूलो नै गराइदिनुहोस् भनी साँझ-बिहान म भगवान्को प्रार्थना गर्दछु र भगवानकै ध्यानमा म साँझ-बिहान मस्त रहन्छु ।"

त्यति सुन्दर गीतको त्यस्तो विनम्र अर्थ सुनेर राजा झन् खुशी भए, र तिनले आफ्ना भारदारहरूलाई हुकुम दिए – " यस चराको आदर्श र शिक्षा लिएर अबउप्रान्त बिहान सूर्योदयभन्दा अघि र साँझ सूर्यास्तपछि मेरा सारा प्रजाले पनि भगवान्को नामको जपना गरून् । अर्को कुरा यो एउटा सानो चरो भएर पनि यसले मानिस जातिका निमित्त यत्रो ठूलो आदर्श देखाएकोमा पुरस्कारस्वरूप यसको चुच्चो र खुट्टा सुवर्णमय बनाइदिनू ।"

तसेथिङ्ग राजाको हुकुमबमोजिम त्यस कालो चराको चुच्चो र खुट्टामा सुनको जलप लगाएर सुवर्णमय बनाइदिए र त्यस चराको नाम " कल्चुँडा" राखिदिए ।

भन्छन् – त्यसै दिनदेखि कल्चुँडाको चुच्चो र खुट्टा सुनजस्तै पहेंलो भएको हो ।

---

■

# तन्डोङ् पहाड

'फिरु लाप्चा' – को कथनअनुसार सिक्किमस्थित एउटा पहाड एकताका संसारको सबभन्दा अग्लो पहाड थियो। यसको कथा यस प्रकार छ –

आजकाल सिक्किम नामले प्रसिद्ध देशको नाम उहिले मयेल नेल्याङ थियो। पल्लो किरातमा पर्ने यस प्रदेशमा दुईवटा पहाडहरू छन्, जसलाई मानिसहरू दिदी र भाइ भन्छन्। दिदीको नाम मनोम र भाइ चाहिँको तन्डोङ् हो।

एक समय यी दिदी-भाइका बीच आपसमा को बढ्ता अग्लो हुन सक्छ भन्ने प्रतियोगिता चल्यो। दुवैजना सकेसम्म तन्किन थाले। घरी दिदी अग्ली, घरी भाइ अग्लो हुँदैगए। मनोमले भनी – " म कञ्चनजंगाभन्दा पनि अग्लो हुन सक्छु।"

त्यस्तै तन्डोङ्ले भन्यो – " सारा जगत्लाई पानीले डुबाउँदा पनि नडुब्ने सबभन्दा ठूलो बन्न सक्नुपर्छ, त्यसो हुन म सक्छु।"

यसरी ती दुवै दिदी-भाइका बीच एक जोडदार तँछाड-मछाड चल्दै गयो।

एकातिर संसारमा सबभन्दा अग्लो बन्ने यो प्रतिस्पर्द्धा चल्दै थियो भने अर्कोतिर दक्षिण-समुद्र बढ्दै आयो। नदीहरू सबका सब उल्टो शिर गरी बग्न थाले।

तन्डोङ् दक्षिणपट्टि थियो – तेर्सो रूपमा। मनोम थिई – उत्तरपट्टि। दुवैजना अग्लिदै गइरहेका थिए। समुद्रको पानीले पनि बढ्दै-बढ्दै ससाना पहाडलाई डुबाउँदै लैजान थाल्यो। बिस्तार-बिस्तार ठूलठूला पहाडहरू पनि त्यस पानीमा डुब्दै जान थाले। केवल कञ्चनजंगा, मनोम र तन्डोङ् डुबिसकेका थिएनन्। मनोम विशेषरूपले निस्फिक्री अग्लिदै गइरहेकी थिई। हेर्दाहेर्दै समुद्रको अपार जलराशिमा बिचरो कञ्चनजंगा पनि डुब्यो। मनोम र तन्डोङ्का बीचमा झन् हानाहान चल्न थाल्यो। समुद्रको पानी पनि झन्झन् विकराल रूपले बढ्दै आयो। आखिरमा ती दुई दिदी–भाइमध्ये त्यस प्रलयङ्कारी समुद्रको पहिलो सिकार विचरी मनोम बनी।

भाइ तन्डोङ् डुब्न बाँकी नै थियो तर यत्तिकैमा समुद्रको पानी बढ्न छोड्यो। समुद्रको त्यस भीषण आक्रोशमा परेर अनेक जीव-जन्तुहरूको सत्यानाश भएको थियो तर जुनजुन प्राणी तन्डोङ्का शरणमा थिए, ती भने बच्न सके।

यसरी सिक्किमको तन्डोङ् पहाड एकताका संसारभरमा सबभन्दा अग्लो भएर प्राणीहरूको रक्षक बन्यो।

■

# सुम्निमा र पारुहाङ्

हिमालयको सृजनापछि भगवान्का अगाडि एउटा नयाँ समस्या उपस्थित भयो । हिमालय त्यति विस्तृत, उच्च औ सुन्दर भए तापनि त्यसको उपयोग गर्ने तथा अन्य कुनै जीवात्मासँग त्यसको सम्बन्ध स्थापित गर्ने त्यहाँ कुनै व्यक्ति थिएन । तसर्थ भगवान्ले त्यस विपुल हिमपुञ्जमा बोखोपी नाम गरेको एकजना मानिसको सृष्टि गरे र साथै सन्तसुरुख नाम गरेकी उसकी स्त्रीको पनि ।

बोखोपी र सन्तसुरुखको दाम्पत्य जीवनका सिलसिलामा एउटी छोरीले जन्म पाई । उनको नाम रह्यो सुम्निमा । ऊ वृन्दावनमा बस्तथी । आफूलायक कुनै जीवन नभएको त्यस प्रायः एकान्त औ निर्जन स्थानमा सुम्निमा केवल पक्षीहरूसँग हिंडडुल गर्दथी, तिनीहरू नै उसका साथीसंगी थिए । ऊ आफ्ना ती साथीहरूको भाषा बुझ्दथी, तिनीहरूसँग ऊ कुराकानी पनि गर्दथी ।

एकमात्र प्रकृतिको संसर्गमा हुर्केकी सुम्निमा सुस्तरी-सुस्तरी युवती भई । तैपनि ऊ केवल चरा-चुरुङ्गीहरूसँग यो वन – त्यो वन तथा वनको एक छेउदेखि अर्को छेउसम्म घुम्न पाउँथी । त्यतिखेर स्वभावतः उसका मनमा कुनै एकजना पुरुषको सहज इच्छा जागृत हुन्थ्यो तर त्यहाँ कुनै पुरुष थिएन । यसै अभावमा भित्रभित्रै पिल्सिरहेकी सुम्निमाका दृष्टिमा एक दिन एकाएक एक जना पुरुष देखापऱ्यो ।

पुरुष आकाशबाट पृथ्वीमा आएर वन-जङ्गलतिर घुमिरहेको थियो । ऊ निकै हृष्टपुष्ट थियो, खुबै आकर्षक, खुबै लायक । उसको शरीरमात्र देख्नासाथ पनि सुम्निमा ऊप्रति मोहित भई । ऊ थियो पारुहाङ ।

पारुहाङ सुम्निमाका विषयमा केही पनि जान्दैनथ्यो । सुम्निमा आफूप्रति आकर्षित भएको कुरा त के विचराले उसलाई देखेकोसम्म पनि थिएन । तसर्थ सुम्निमालाई एकपल्ट आफ्नो अनुहारसम्म पनि नदेखाएर ऊ आफ्नो बाटो लाग्यो । सुम्निमाले ऊसँग भेट्ने मन गरेकी थिई तर भाग्यले उसको धोको पूरा हुने मौका दिएन ।

जे होस्, पारुहाङको दर्शनको कामना सुम्निमाको मनमा सदा बिझिरहने एक मधुर काँडाकै रूपमा रहिरह्यो । उसले जसरी भएपनि पारुहाङसँग सम्पर्क स्थापित गर्न चाही तर कुन उपायले ऊसँग भेट हुने

हो ? यो सुम्निमाका लागि एउटा समस्यै थियो । अन्त्यमा उसले आफ्ना साथीहरूसँग सल्लाह माँगी ।

चराहरूले भने – " पारुहाङको घर आकाशमा छ । ऊ हावाबाट आउँछ र हावाबाटै माथि जान्छ ।"

साथीहरूले सुम्निमालाई आशा देखाए – " हावासँग कुरा गर्न सक्छ्यौ भने उसैमार्फत समाचार पठाउँदा पारुहाङकहाँ पुग्छ ।"

प्रकृति-पुत्रीजस्ती सुम्निमा हावासँग पनि कुरा गर्न सक्तथी । साथीहरूले दिएको उपाय सुन्नुमात्र थियो उसले तत्काल अनुरोधपूर्वक हावालाई आफ्नो काममा लगाइहाली ।

हावाले तुरुन्तै पारुहाङकहाँ गएर ऊसँग पृथ्वीका एउटी तरुनी-सुम्निमा ऊसित विवाह गर्न चाहन्छे भन्ने खबर पु¬याइदियो । यो कुरा सुनेर पारुहाङ अत्यन्तै खुशी भयो र आफूलाई एउटी सुन्दरीको वर बनाइन पाइने हर्षमा हावा सँगसँगै पृथ्वीमा ओर्ल्यो । पृथ्वीमा पुग्नासाथ ऊ सरासर सुम्निमा बसेको ओढारमा गयो ।

तर अफशोस, काम कुरो मिल्न सकेन । सुम्निमा जति सुन्दर थिई, पारुहाङ उत्तिकै कुरूप थियो । केवल शरीरको गठन देखेर आकर्षित भएका सुम्निमाकालागि पारुहाङको च्याप्टो, कालो र ससाना आँखाहरूले रूप बिगारेको अनुहार एक किसिमको धोखा साबित भयो । पारुहाङलाई देखेर सुम्निमाका हृदयमा प्रेमको बदला सहसा भय उत्पन्न भयो । विचरी उसका सामुमा उभिनसम्म पनि सकिन र भागेर गई ।

अर्कातिर उस्तै पारुहाङलाई पनि नराम्रो चोट प¬यो । विवाहको सुखद लालचमा आकाशबाट ओर्लिने भएको विचरो फुस्सामा पर्ने देखियो । उसलाई एकातिर घोर लज्जाको अनुभव भयो भने अर्कोतिर उसको पौरुषत्वप्रति यो एक प्रकारको साह्रै ठूलो अपमान पनि थियो । अपमानित पारुहाङले हावालाई भन्यो – " तिमीले गर्दा सुम्निमासँग विवाह गर्न भनेर म पृथ्वीसम्म आएँ, सुम्निमा भने मेरो अगाडिसम्म पनि पर्दिन ! कस्तो सरमलाग्दो कुरो हो ! तर म पनि आफूले सकेको नगरी त कहाँ छाड्छु र ! "

यति भनेर आहत – अपमानित पारुहाङले गएर सुम्निमा बस्ने जङ्गलको प्रायः जम्मै पानी सुकाइदियो । तरल पदार्थका नाममा केवल एउटा कर्कलाको पातमा विशेष प्रकारले अलिकतिमात्र शेष राखेर ऊ आकाशमा उडेर गयो ।

पिउने पानी नपाएपछि जङ्गलका सबै प्राणीहरू तिर्खाले सताइन थाले । सुम्निमा पनि हर्हर भई । उसले यताउतिका सारा खोल्सा-खोल्सीहरूमा गएर आफ्नो प्यास मेट्न खोजी तर कतै एक थोपा पनि पानी थिएन । उसले आफ्ना साथीहरू – न्याउली, कुथुर्के लाहाँचे, चाँचर, भ्याकुरो, चिबे, जुरेली, ढुक्कुर, हलेसो, च्याखुरा, प्यूरा आदिलाई पानी खोज्न पठाई । लाहाँचेले रूखको टोड्कामा अलिकता पानी भेट्टायो तर आफै तिर्खाले हर्हर भैरहेको त्यस विचरोले त्यति पानी आफ्नै तिर्खा मेट्न खाइदियो । चिबेले कर्कलाको पातमा अलिकति पानी भेट्टायो । उसले चाहिँ इमानदारी साथ त्यो पानी सुम्निमालाई ल्याइदियो । तिर्खाले साह्रै आतुर भैरहेकी सुम्निमाले पानी भेट्टाउनसाथ आँखा चिम्लेर पिइहाली ।

सुम्निमा विचरी त्यो पानी पिएको महिना दिनपछि नै थला परी । यस बिमारीले एउटा अनौठो कुरा हुनगयो । सुम्निमा के कारणले बिरामी भैछ भनेर चुइयाँ, बगेरो, लाटोकोसेराहरूले जोखाना हेर्दा कर्कलाको पातको पानी खास पानी नभई पारुहाङले टुना गरी छोडेको एक प्रकारको ओखती पो रहेछ र यसैको प्रभावले गर्दा पो विचरी बिरामी भएकी रहिछ भन्ने पत्ता लाग्यो । अब के गरे सन्चो हुन्छ ? भनेर सोच्दा सुम्निमाका साथीहरूले भने – " स्वयं पारुहाङलाई झिकाएर उसैले औषधि–उपचार गरेमात्र सन्चो हुन सक्तछ ।"

साथीहरूको सल्लाहअनुसार विचरी सुम्निमालाई फेरि एकपल्ट हावालाई बोलाएर पारुहाङलाई झिकाउन करै लाग्यो ।

सुम्निमाको सौन्दर्यले आकर्षित तथा उसको व्यवहारले अपमानित पारुहाङ पनि यही दाउ पर्खेर बसेको थियो । हावाद्वारा समाचार पाउनासाथ ऊ पृथ्वीमा ओर्लिहाल्यो । साथै उसले जडी–बुटीको उपचारद्वारा सुम्निमालाई निको पनि पारिदियो । गुन लाएकाले सुम्निमाले पारुहाङलाई आफ्नू पति मानी ।

सुम्निमाले एकैचोटी पाँचवटा छोराछोरी जन्माई । बच्चाहरू पनि अनौठै भए – जेठो बाघ, माहिलो मानिस (हेन्कम्बु), साहिंलो भालु, काहिंलो चितुवा र कान्छो कुकुर ।

आकाशनिवासी पारुहाङ आकाशमै फर्किसकेको थियो, सुम्निमा पनि अब एक्लै थिइन । ऊ आफ्ना पाँच भाइ छोराहरूका साथ आनन्दपूर्वक बसी ।

■

# कुकुर

सुम्निमा र पारुहाङको सम्बन्धका सिलसिलामा एउटा अर्को पनि कथा छ । यसले हामीलाई के पनि बताउँछ भने जनावरहरूमध्ये विशेषतः कुकुरचाहिं किन मानिसहरूको हेलमेलमा रहन थालेको हो ।

सुम्निमाका थरि-थरिका बच्चाहरूमध्ये जेठो बाघ ज्यादै क्रोधी थियो । ऊ आफ्ना भाइहरूसँग रिसाउने, उनीहरूलाई सताउने आदि नराम्रा कामहरू गर्दथ्यो । विशेषरूपले ऊ हेम्कम्बु, मानिससँग साह्रै डाहा गर्दथ्यो । स्थिति जब सहिसक्नु भएन, हेन्कम्बुले एक दिन आमाचाहिंकहाँ बाघ दाजुका विषयमा उजुर गऱ्यो । उसले भन्यो – " दाजु, मसित साह्रै डाहा गर्दछन् । यस्तै होभने त म उसलाई काँड्ले हानेर मारिदिन्छु ।"

आमा चाहिंले सम्झाई – " त्यो नगर्नू, दाजु–भाइमा त्यसरी रिसराग गर्नु ठीक छैन ।"

एक दिन बाघले हेन्कम्बुसँग सिकार खेल्न जान चाह्यो । हेन्कम्बुले पनि सो कुरा स्वीकार गऱ्यो तर शंका लागेर भित्री कुरा बुझ्दा त बाघले हेन्कम्बुलाई मारेर खाने दाउ गरेको रहेछ ।

भाइ मार्ने त्यस षड्यन्त्रका विरुद्ध हेन्कम्बुले लौ त भनेर अर्को एउटा पेच रच्यो । भोलिपल्ट ऊ बाघभन्दा अघि नै धनु–काँड भिरेर जङ्गल पस्यो र त्यहाँको एउटा ठूलो रूखमाथि चढेर बस्यो । त्यसै रूखको फेदमा चलाक भएर उसले माटाको आफ्नो एउटा दुरुस्त मूर्ति बनाएर राखिदियो । बाघ उसलाई भेट्टायो कि मार्छु भनेर आएको थियो । त्यस माटाका मूर्तिलाई देख्नासाथ यो हेन्कम्बु नै हो भन्ठानेर बाघले आँखा चिम्लेर झम्टन पुग्यो । माटाको त्यो मूर्ति चकनाचुर भयो । सुराक मारेर ताक खोजिरहेको हेन्कम्बु पनि किन चुक्थ्यो ? तत्काल उसले बाघमाथि आफ्नो बाण चलाइहाल्यो । बाघ ठहरै मऱ्यो ।

हेन्कम्बुले आफूले बाघ मारेको कुरा सुम्निमालाई सुनाइदियो । सुम्निमा रुन थाली । रुँदै ऊ बाघ मारेको ठाउँमा पुगी । उसले मन्त्र–तन्त्र गरेर बाघलाई बौराइदिई ।

अहो ! कति लामो निद्रामा परेछु भन्दै बाघ उठ्यो । सुम्निमाले भनी – " निदाएको कहाँ थिइस् र तँ त मरेको पो थिइस् । तेरो भाइ हेन्कम्बुले तँलाई काँड हानेको थियो । अहिले त मैले फेरि जगाएकी पो ।" सुम्निमाले सम्झाई – " अबदेखि भाइसँग डाहा नगर्नू । हेन्कम्बु मानिस हो, ऊसँग टाढैबाट बाण हानेर अरूको प्राण लिनसक्ने शक्ति

छ ।"  – उसले अर्ती दिई – " त्यसरी रिस–राग गर्नाले आफ्नै हानि–नोक्सानीसिवाय अरू केही हुँदैन ।"

'अब घर जाऊँ' भनेर सुम्निमाले भन्दा बाघ घर फर्कन मानेन । भाइले आफूलाई मारिसकेको रहेछ भन्ने थाहा पाएर अब ऊसँग बस्न सकिन्न भनी बाघ जङ्गलैमा बस्यो ।

धेरै दिनपछि सुम्निमाको मृत्यु भयो । आमाको लास गाड्न लैजान भनेर हेन्कम्बुले आफ्नो भालु भाइलाई आदेश दियो तर भालुले आमाको लाशलाई जङ्गलमा पु¥याएर गाड्नुका सट्टा खाइदियो । पछि हेन्कम्बुलाई यो कुरा थाहा भयो र उसले भालुलाई साह्रै नराम्रोसँग पिट्यो । यहाँसम्म कि उसको टाउको नै चेप्टियो । त्यस दिनदेखि भालु पनि हेन्कम्बु मानिसका डरले घर छोडेर जङ्गलभित्रै बस्न लाग्यो ।

काहिंलो भाइ चितुवा चंख थियो । माहिला दाजु हेन्कम्बु मानिसले आफ्नो जेठो दाजु–बाघलाई मारिदिएको उसले आफ्नै आँखाले देखेको थियो । त्यस्तै साहिंला भाइ-भालुलाई पनि मानिस दाजुले टाउकै चेप्टिने गरी पिटेर जङ्गलमा खेदिदिएको पनि उसलाई थाहा थियो । तसर्थ त्यस्तो मानिस दाजुका शासनमा बस्न उसले डरलाग्दो ठान्यो र त्यस्तासँग एक्लै घरमा बस्नुभन्दा स्वतन्त्र भएर बस्नु निको छ भनेर आफै चुपचाप जङ्गल पस्यो ।

अब शेष थियो कान्छो भाइ कुकुर । विचरो जिउले पनि दाजुहरूभन्दा ऊ सानो र निर्धो थियो तर ऊ बाठो थियो । उसले सोच्यो – " जेठो दाजु बाघ बलियो थियो, निकै घमण्डी र डाहाडी थियो सबै भाइहरूलाई आफ्नो अदबमा राख्न सक्तथ्यो तर हेन्कम्बु त्यसलाई टेरपुच्छरै लाउँदैनथ्यो र विचरो मारियो । साहिंलो दाजु-भालुले पनि आफ्नो कुबुद्धिले गर्दा पिटाइ खाएर खेदिनु प¥यो । काहिंलो दाजु चितुवालाई पनि यिनै मानिस दाजुका डरले जङ्गल पस्नुप¥यो । म के गरूँ ?"  – कुकुरले मनमनै भन्यो – " अब मलाई भने भागेर जाने ठाउँ पनि छैन । जङ्गल पसुँ भने पनि चितुवा दाजुको डर छ ! "  – विचरोलाई निकै आपत प¥यो ।

मानिस दाजुबाट आफूमाथि पनि केही परिहाल्ला भन्ने उसको मनमा भय थियो । आखिरमा अरू कुनै उपाय नदेखेर उसले निश्चय ग¥यो – " होइन, बरु मानिस दाजुकै आज्ञाकारी सेवक भएर ऊसँगै बस्छु । उसका कामकाजहरू सघाइदिने गर्छु, उसकै जुठो खाएर प्राण

धान्ने गर्छु । पिटेभने पनि सहनु पर्ला ।"  यति निश्चय गरेर ऊ सरासर आफ्नो मानिस दाजुकहाँ गयो र उसका गोडामा ढोगिदियो ।

कुकुरले कातर र आदरपूर्ण स्वरमा भन्यो – " दाजु, म तपाईको दास भएर तपाईसँगै बस्छु । तपाईको चाकरी गर्छु । तपाईहरू जेजस्तो काम अऱ्हाउनु हुन्छ, म गर्छु । दिन्हौं रात पर्नासाथ घरको रखवारी गर्छु । म तपाईको भाग पनि माग्दिनँ, तपाईले खाएर उब्रेको जुठो दिने गर्नुभयो भने पनि म त्यसैमा सन्तोष गरेर प्राण धान्ने गर्छु ।"  – उसले बिन्ती गऱ्यो – " मलाई तपाईको घरबाट ननिकालिदिनुहोस्, आफ्नो सामुबाट नहटाउनोस् ।"

भाइका यस्ता कुरा सुनेर हेन्कम्बु साह्रै खुशी भयो । उसले भन्यो – " म जागा रहँदा त उति खाँचो पर्दैन तर राती म निदाउँदा तँ जागा रहेर मेरा शत्रुहरू आए–गएको हेरविचार गर्नू, पहरा गर्नू । कुनै आपत परिआयो भने मलाई ब्युँझाउने चेष्टा गर्नू ।"  उसले आफ्नो भाइलाई वाचाबन्धन गरिदियो – " म तैले इच्छा गरेअनुसार तेरो प्राण रहुन्जेल तेरो पालनपोषण गरिरहनेछु ।"

यसरी कुकुरले मानिसको संसर्गमा बस्न पायो ।

■

## कोइरालाको कथा

हिमालय पर्वत कुनै जमानामा वृन्दावन थियो । त्यतिखेर मानिसहरू भर्खर-भर्खर खोरिया फाँडेर जग्गा आवाद गर्दै थिए । एउटा ठूलो ओढारमा पाँचजना कोइराला भाइहरू बस्तथे । तिनीहरू तन्त्र-विद्यामा निकै सिपालु थिए तर आफ्नो जीविका भने चलाउँथे सिकार खेलेर । तिनीहरू बसेको ओढारको नाउँ थियो मङ्जिङ्फुक् ।

एक दिनको कुरा हो, पाँचजना भाइहरू सिकार खेल्न वनमा गए । दिनभरि जङ्गल डुलेर पनि त्यस दिन तिनीहरूले कुनै सिकार भेट्टाउन सकेनन् ।

तिनीहरू साह्रै गले र एउटा डाँडाका टुप्पामा गई बसे । त्यहाँ पाँचजना भाइहरूले ठोक्रोबाट काँड झिकेर पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशातर्फ एक–एकपल्ट हाने । अरू बाँकी काँडहरू भुइँमा गाडेर जोखाना हेर्न लागे । तिनीहरूले भन्ठाने – जताबाट हरियो झिंगा उडेर आई भुइँमा गाडेका काँडहरूमा बस्तछ, उतैतिर सिकार भेटिनेछ । यस्तो विश्वास लिएर तिनीहरू कहिले हरियो झिंगा आउला र सिकार खेल्न जाउँला भनेर जोखाना हेर्न लागे । घाम डाँडामा बस्यो तर हरियो झिंगा कतैबाट पनि आएन ।

पछि तिनीहरू खिन्न भएर उठेर घरतिर फिरे । दिनभरि हिंडेका र गलेका, त्यसमाथि झन् भोकले सताउँदा त उनीहरू हुइय्य परे । उनीहरूका आँखा तोरीका फूल देख्न थाले ।

उनीहरू बिस्तारै-बिस्तारै हिंडिरहेका थिए । रिमरिमतिर तिनीहरू एउटा आलो चिहानको नजिकै आइपुगे । त्यसमा भर्खरै मुर्दा गाडिएको रहेछ, गलिसकेको थिएन । त्यो थाहा पाएर भोकले चुर भएको जेठो दाइले भन्यो – " भोकले मर्नुभन्दा हामी मुर्दा नै खाएर भए पनि प्राण जोगाऔं ।"

माहिलाले गाली गर्‍यो – " धत्, मानिस खाने मान्छेहरू भनेर घृणा गर्छन् ! "

साहिंलाले भन्यो – " घाम डुबिसक्यो, यस्तो रिमरिममा पनि कसले देख्छ र । भोकले मर्नुभन्दा त मुर्दै खाएर भए पनि बाँच्नु बेस । आखिर सिकार पनि त एउटा मुर्दा नै हो । आज पशुको सिकार पाइएन, तसर्थ यस मुर्दालाई नै सिकार सम्झेर खाऔं ।"

काहिंलाले त्यस कुराको समर्थन गऱ्यो – “ ठीक हो । आजको सिकार यही भयो । सबै मिलेर चिहान खनौं र मुर्दा खाऔं । बरु घरमा एक चोक्टा पनि नलाने र साथै यो मुर्दा खाएको पनि कसैले कसैलाई नभन्ने । जसले भन्छ ऊ लगत्तै मान्छेको जुनीबाट रूखका जुनीमा जाने भनी वाचा–बन्धन गरौं ।”

कान्छाले भन्यो – “ आज बल्ल-तल्ल भेटेको यो सिकार पनि खाएनौं भने त हामी भोकले बाटैमा मर्नेछौं । तिमीहरूले नखाए पनि म त नखाई छोड्दिनँ ।” यति भनेर ऊ भकाभक चिहान खन्न थाल्यो ।

कान्छो भाइको यस्तो चाला देखेर सबै दाजुहरू पनि उसलाई सघाउन पुगे । सबै जनाले मिलेर अँध्यारोमा छामछाम-छुमछुम गर्दै चिहान खनेर मुर्दालाई पाखा निकाले र मासु काट्न थाले । त्यस मौकामा जेठो दाइले भन्यो – “ ए भाइ हो, काहिंलाले भनेको कुरो ठीक हो । खानलाई सबै मिलेर खाऔं तर घरमा एक चोक्टा पनि नलगौं, कहिल्यै कसैले कसैलाई पनि यो घटना नभन्ने । जसले लैजाला वा भन्ला उसले तुरुन्तै मर्नुपर्ला वा मानिसको जुनी छोडी रूख हुनुपर्ला ।”

“ लौ हुन्छ” भनेर सबैले वाचा–बन्धन गरे ।

त्यति बेलासम्ममा झमक्क रात परिसकेको थियो – चारैतिर अँध्यारो भैसकेको थियो । एक जनाले खाएको अर्काले देख्तैनथ्यो । सबैले मुर्दाको मासु खाए र रहल-पहल हाड-मासु फेरि पुरिदिए ।

भोकका सुरमा कान्छोचाहिं भाइलाई मुर्दाको मासु साह्रै मिठो लागेछ । ऊ आफ्नी स्वास्नीलाई औधी प्रेम गर्थ्यो । जहिले पनि आफूलाई मिठो लागेको चिज अलिकति भए पनि आफ्नी प्यारी पत्नीलाई लगिदिने उसको बानी थियो । अँध्यारोमा उसले मुर्दाको मासुको सानो एक चोक्टा लुकाएर आफ्नी पत्नीलाई लगिदियो । त्यो कसैले पनि चाल पाएन ।

तिनीहरू घर पुग्दा आधारात भैसकेको थियो । जहान-बालबच्चा सबै सुतिसकेका थिए । तिनीहरू पनि घर पुग्नेबित्तिकै घप्ल्याक–घुप्लुक सुतिहाले ।

सबै जना निदाएको पक्का भएपछि कान्छो भाइले स्वास्नीलाई कोटच्याएर बिउँझायो । खस्याक-खुसुक साउती गर्दै उसले त्यो मुर्दाको मासुको सानो चोक्टा स्वास्नीका मुखमा हालिदियो र भन्यो – “ यो आजको सिकार हो । घरमा नल्याउनू भन्ने सबै दाजुहरूको सल्लाह थियो तर तिम्रो मायाले गर्दा मैले तिमीलाईमात्र सानो चोक्टा ल्याएको हुँ ।

खाएर चुपचाप सुत्नू । कहिल्यै कसैलाई पनि नभन्नू ।"  यति भनेर ऊ निदाइहाल्यो ।

स्वास्नीचाहिंले मासुको चोक्टा चपाउन थाली । उसलाई साह्रै स्वाद लाग्यो । फेरि खाउँ-खाउँजस्तो लाग्न थाल्यो । त्यसका लागि उसले लोग्नेलाई बिउँझाउन खोजी तर अनेक कोसिस गर्दा पनि ऊ बिउँझेन । अघि मुर्दा काटकुट गर्दा कसोकसो गरी अँध्यारोमा मुर्दाको मासुको गन्ध कान्छो भाइको घुच्चुकमा लागेको रहेछ । उसकी स्वास्नीले अँध्यारोमा लोग्नेको मुख सुँघ्ने इच्छा गरी । उसले निदाएको लोग्नेको मुख आफूपट्टि फर्काएर सास लिंदा उसले उसको नाकमा लोग्नेको घुच्चुकबाट अघि खाएको मासुको गन्ध प¬यो । स्वाद त यहाँ पो रहेछ भनी उसले झटपट लोग्नेको घुच्चुकमा दाँत गाडी र रगत पिइरही । लोग्ने विचरो त्यसैले गर्दा म¬यो ।

भोलिपल्ट बिहान भएपछि सबै जना उठे तर कान्छो उठेन । के भएछ ? भनेर खोज-तलास गर्दा कान्छो त मरिसकेको रहेछ भन्ने सबैलाई थाहा भयो । के कारणले उसको मृत्यु भएको रहेछ ? भन्ने हल्ली-खल्ली हुन थाल्यो । कान्छी बुहारीलाई भने आफूले गरेको दोषमा आफै डर र शर्म लाग्न थाल्यो । ऊ कसैको सामु आउन सकिन । तर लुकेर मात्रै के गरोस् बिचरी ? उसले झटपट बाबियो काटेर घरमा ल्याई र तान्त्रिक मन्त्रजप गरेर बाबियो आफ्ना दुवै कुइनाहरूमा बाँधी अनि कोइराला पक्षीको रूप लिएर ऊ जङ्गलतिर भुर्र उडेर गई ।

यस्तो देखेर माहिलो भाइले भन्यो – " कान्छाले हिजोको वाचा-बन्धन तोडेर सिकार घरमा ल्याएछ, र त्यसैले उसको मृत्यु भएको रहेछ ।"  माहिलाले यति भनेकै मात्र के थियो, कान्छाको लाश पनि त्यसै ठाउँमा तुरुन्तै एउटा वृक्ष भएर खडा भयो । त्यसैलाई आजकाल कोइरालाको रूख भन्दछन् ।

■

# हिमालय पर्वत कसरी बन्यो ?

सृष्टिको सुरुमा पृथ्वी थिएन अरे । पानीमात्र थियो अरे अनि भगवानले पोरोक्मी योम्फामीलाई पृथ्वीको सृजना गर्ने शक्ति प्रदान गरी भगवानको चित्तबुभ्दो पृथ्वी बनाउनु भनी आदेश दिए अरे । पोरोक्मी योम्फामीले आफ्नो शक्तिद्वारा पानीको फेदमा मुसेखा सेखाना नामक शक्तिमान माछो बनायो । त्यस माछामाथि पानीभित्रै उसले अर्को मुजिङना खियोङना नामक शक्तिमान माछो बनाएर राख्यो । त्यसमाथि पानीभित्रै अकवानामा नामक अर्को माछो बनाएर पृथ्वी थाम्ने शक्ति राख्यो । त्यसमाथि मुगुप्लुङ थेगुप्लुङ नाउँको ठूलो पत्थर बनाएर राख्यो तर त्यो पत्थर पानीभित्रै रह्यो । फेरि पोरोक्मी योम्फामीको शक्तिले त्योभन्दा ठूलो र अग्लो पत्थरको पहाड बनाएर अघिल्लो पत्थरको चट्टानमाथि राखी त्यसको नाउँ मुरोपलुङ् खेरोपलुङ् राख्यो । त्यो पहाड साँच्चै ठूलो र अग्लो भएकाले त्यसको टुप्पो पानीको बीचबाट बाहिर निस्क्यो । फेरि पोरोक्मी योम्फामीको शक्तिले नौ प्रकारको माटो बनाई त्यस पत्थरको टुप्पोलाई छोपिदियो । बलौटे माटो बेसी भएकाले पानीका बीचमा सेतो बालुवाको मैदान देखियो । पोरोक्मी योम्फामीले आफ्नो शक्तिले दुबो झार उमारिदियो र मैदान हरियो चौर बन्यो । त्यसका चारै छेउका समुद्रहरूको नाउँ राख्यो । उत्तर र दक्षिणपट्टिको समुद्र क्रमैसित थोसिङ वारोङ र तेमेन् वारोङ भनिए । पूर्व र पश्चिमको समुद्र क्रमैसित पोसङ्थार वारोङ र पुर्निला वारोङ भनिए ।

तर समुद्र पनि अग्लो-होंचो नभएकाले तथा पृथ्वी पनि अग्लो-होंचो नभएकाले सृष्टि सुन्दर देखिएन भनी पोरोक्मी योम्फामीले पृथ्वीको रूप अग्लो, होचो तथा समथर बनाउने इच्छा गरी चारैपट्टिको समुद्रको छेउछेउदेखि कुनै ठाउँ समथर तथा कुनैकुनै ठाउँमा सानासाना पहाड बनाई ती समतल भूमिलाई तेम्बे औ सानो पहाडलाई सियाक्पे भन्ने नाउँ दियो । फेरि सियाक्पे पहाडभन्दा अग्लो एउटा पहाड बनाएर थेयाक्पे नाउँ राख्यो । फेरि त्यसभन्दा अग्लो पहाड बनाएर थेगु नाउँ राख्यो । फेरि त्यसभन्दा पनि अग्लो पहाड बनाएर कोइजोङ (कोइ जङ्फाङ)नाउँ राख्यो । अन्त्यमा यो कोइजोङ् पहाडभन्दा पनि अग्ला आठवटा नामीनामी पहाडहरू बनाएर सदासर्वदा हिउँले ढाकिरहने र पृथ्वीको सौन्दर्य बढाउने भनी तिनीहरूको नाउँ हक्तक्लुङ्मा, कोङ्कोङ्लुङ्मा, पात्कोइलुङ्मा, सेवालुङ्मा, फक्ताङ्लुङ्मा, सेन्छेलुङ्मा, फियाम्लुङ्मा र चम्जङ्लुङ्मा भन्ने राख्यो । मानिसहरू यिनै (हिउँले ढाकिरहने) पहाडहरूलाई हिमालय पर्वत भन्दछन् ।

■

# स्याङ्ग्री बूढीको नाति

अघि नेपाल देश घना जङ्गलले ढाकिएको थियो । मानिसहरू कम थिए ठाउँ-ठाउँमा दानवहरू बस्दथे । तिनीहरू मानिसको मासु खान्थे । वृन्दावन नामको एक ठाउँका छेउमा स्याङ्ग्री नाम गरेकी एउटी बूढी आइमाई बस्दथी । ऊसँग दश वर्ष पुग्न आँटेको एक नाति थियो । उनीहरू दुवै जना एउटा टुँगमा बस्दथे । टुँगमा चढ्न-ओर्लन एउटा डोरीको भऱ्याङ् राखिएको थियो । डोरीको टुप्पो रूखको टुप्पामा बाँधिएको थियो । उनीहरू टुँगमा चढ्न वा ओर्लनासाथ भऱ्याङ् उँभो तानेर टुँगमा राख्ने गर्दथे ।

एक दिन उनीहरू बसेको टुँगका फेदमा आई एउटी बूढी दानवीले आगो मागी । स्याङ्ग्री बूढीले आगो दिएँ भने मेरो नातिलाई यस बूढी दानवीले देख्छे र खाइदिन्छे भन्ठानेर " टुँगमा केको आगो हुन्छ ?" भनी त्यसलाई फर्काइदिई । त्यो दानवी भाङ्ग्राको लुगा बुन्न सिपालु थिई ।

अर्को दिन स्याङ्ग्री बूढीलाई कहीं जाने काम पऱ्यो । नातिलाई टुँगमा एक्लै छोडेर ऊ भऱ्याङ् उँभो तान्न लगाई आफ्नो काममा हिँडी । नाति केटो कोइला टोक्दै टुँगमा एक्लै बसिरह्यो । एकै छिनपछि हिजोकी बूढी दानवी त्यहाँ आएर त्यस केटालाई एउटा राम्रो यूँ देखाउदै भन्न थाली – " भऱ्याङ् एकपल्ट झारिदेऊ । म तिमीलाई यो यूँ दिन्छु ।"

यूँका लोभमा परेर त्यस केटाले तुरुन्तै भऱ्याङ झारिदियो । बूढी दानवी भऱ्याङ चढेर माथि उक्ली केटाको हातखुट्टा बाँधेर एउटा बोरामा हाली आफ्नो घरतिर लागी । घरमा लगेर बूढीले केटालाई थुक्न लगाई । केटाले थुकिदियो । थुकमा कालो रङ्ग निस्क्यो । अहिले त केटो दुब्लै रहेछ भन्ने विचार गरी बलियो पारेरमात्रै खानुपर्छ भनी बूढीले केटालाई बोराभित्र हाली धुरीमा झुन्ड्याई । बूढीले यस्तो काम गरेको एउटा कागले देखिरहेको थियो ।

यता स्याङ्ग्री बूढी घर फर्की । साङ्लोको भऱ्याङ् तुर्लुङ्ङ झुन्डिरहेको देखेर उसका मनमा चिसो पस्यो । हतारहतार टुँगमा चढेर हेर्दा त उसको नाति त्यहाँ रहेनछ । कति खोज्दा पनि उसले आफ्नो नातिलाई भेट्टाउन सकिन । कतिपल्ट डाक्दा पनि कतैबाट कुनै उत्तर आएन । नातिको सुर्ताले बिचरी बूढी एकपल्ट मूर्च्छा पनि परी । पछि बूढीले शंका गरी – मेरो नातिलाई निश्चय पनि बूढी दानवीले खाइछ ।

त्यसै पिरले गर्दा स्याङ्ग्री बूढीले खान पनि छाडिदिई । रात-दिन रुँदै-कराउँदै खरानी छरेर बूढी दानवीलाई सराप्न लागी ।

यसरी रात-दिन त्यो स्याङ्ग्री बूढीले विलाप गर्न थालेको चाल पाएर बूढी दानवीले केटामाथि गरेको कुकर्म देख्ने काग त्यहाँ आएर 'काँ-काँ' गर्दै कराउन थाल्यो । त्यसले बूढीलाई भन्यो – " शोक गर्नु पर्दैन, तिम्रो नाति मरेको छैन । बूढी दानवीले आफ्ना घरको धुरीमा धोक्रोमा हाली त्यस केटालाई झुन्ड्याइराखेकी छ । म उसलाई बचाउने उपाय गर्नेछु ।" यति भनेर काग भुर्र उडेर गयो ।

एक छिनसम्म त स्याङ्ग्री बूढीले कागले भनेको कुरो हो कि भन्ठानी तर फेरि काग जाबोले भनेको कुरो हो वा होइन भनी फेरि विलाप गर्न लागी । स्याङ्ग्री बूढीको विलाप सुनेर त्यहाँ फेरि एउटा न्याउरी आइपुग्यो । त्यसले भन्यो – " किन यति बिघ्न शोक गरेकी । तिम्रो नाति मरेको छैन । यो सब कुरा अघि आउने कागलाई पूरा थाहा छ । हामी सल्लाह गरेर तिम्रो नातिलाई बचाउने उपाय गर्नेछौं ।" यस्तो सान्त्वना दिएर न्याउरी फर्क्यो ।

तर केही गरे पनि बूढीले आफ्नो चित्त बुझाउन सकिन । ऊ फेरि विलाप गर्न लागी । त्यो देखेर त्यहाँ एउटा सानो मुसो पनि आइपुग्यो । ऊ बूढीलाई शान्तिपूर्ण वचन सुनाएर फर्क्यो । त्यसपछि एउटा कुखुराको पोथी पनि त्यहाँ आई र स्याङ्ग्री बूढीलाई सम्झाउन थाली – " तिमी मानिस भएर हामी पशुपक्षीहरूले दिएको सल्लाह मान्दैनौ । मानिसहरू हामी पशुपक्षीहरूलाई प्यारो त गर्छन् तर मनमा एउटा स्वार्थ राखेर । अर्थात् बलियो भएपछि हामीलाई मारेर खान्छन्, नभए पनि इच्छा हुनासाथ खतम गरिहाल्छन् । हाम्रो जीवन मानिसहरूका निमित्त एउटा खेलजस्तो छ । हामी पशुपक्षीहरू भने मानवजातिलाई मालिकका रूपमा देख्तछौं । उनीहरूले हामीहरूलाई जतिसुकै निष्ठुर व्यवहार गरे पनि हामी उनीहरूमाथि बदला कहिल्यै लिंदैनौं । जुनसुकै मानिसलाई पनि कुनै आपद आइलागेछ भने हामी पशुपक्षीहरू आफ्नो शक्तिले भ्याएसम्म मदत गरेर उसको उपकार गर्दछौं ।" पोथी भन्दैगई – " आज तिमीलाई आपद आइलागेको छ । नाति हराएको छ । तिम्रो विलाप हामीहरूले सुन्यौं । अब तिम्रो उपकार गर्नलाई हामी काग, न्याउरी, मुसो र म भई एउटा सभा गर्दछौं । शोक नगर । कुन तरिकाले हुन्छ – तिम्रो नातिलाई बूढी दानवीका पञ्जाबाट मुक्त गराई हामी तिम्रा काखमा सुविस्तासाथ ल्याई राखिदिनेछौं ।"

पोथीको यस्तो आश्वासन पाएर स्याङ्ग्री बूढी खुशी भई ।

त्यसपछि कागको सभापतित्वमा न्याउरी, मुसो र पोथीको सभा बस्यो । पोथीले स्याङ्ग्री बूढीको नातिलाई बूढी दानवीका पञ्जाबाट मुक्त गराउने उपायको प्रस्ताव राखी ।

न्याउरी र मुसो दुवै जनाले एक्कै स्वरले स्याङ्ग्री बूढीको उपकार गर्नैपर्छ भनी पोथीको प्रस्तावलाई जोरसित अनुमोदन गरे । तब कुन युक्तिले उपकार गर्ने भनी पोथीले सोधी । सभापति कागले जुरुक्क उठी " म एउटा युक्ति निकाल्छु, त्यसमा भलापञ्चहरूको सम्मति मिलेछ भने त्यसैबमोजिम गर्नेछु" भन्ने आशय प्रकट गऱ्यो । तब भलापञ्चहरूले युक्ति के रहेछ सुनौं र विचार गरौं भने । कागले भन्यो - " बूढी दानवी दिनहुँ तान बुनेर बस्ने गर्दछे । म त्यसलाई गीत गाएर अल्मल्याउन जान्छु । अल्मलिएको मौका पारी मुसोले धुरीमा चढेर केटो झुन्डयाइराखेको धोक्राको डोरी चट्-चट् काटिदिनु । स्याङ्ग्री बूढीले नाति बोकी घरतिर भाग्नु । पोथीले बीच बाटोमा बसी माटो कोट्टयाएर धुलो फर्फफराउँदो पारी ठिक्क परेर बस्नु । मेरो पछिपछि बूढी दानवी आएका बखतमा पोथीले त्यसका आँखामा धुलो पारिदिनु । ऊ आँखा माड्दै मेरो पछिपछि हिंडेका बेलामा म अघि गीत गाउँदा सर्त राखेबमोजिम ऊसँग आँखा, हात, खुट्टा माग्नेछु । त्यस बेला न्याउरीले फुत्त निस्केर " तिम्रा आँखाको कसिंगर निकालिदिन्छु" भनी बूढी दानवीका दुवै आँखा निकालिदिनु । ऊ अन्धी हुन्छे । म हातखुट्टा माग्न छाड्दिनँ । अनि न्याउरीले अन्धी दानवीका हातखुट्टा आफ्ना दाँतले काटिदिनु र ऊ लड्छे । यसरी स्याङ्ग्री बूढीको उपकार हुन्छ ।"

सभापति कागको युक्ति सबैलाई राम्रो लाग्यो र सबैले सर्वसम्मतिले त्यसलाई स्वीकार गरी त्यसैबमोजिम काम गर्ने भनेर दिन तोकी स्याङ्ग्री बूढीलाई पनि खबर गर्ने राय मिलाए । सभा सकिएपछि काग, न्याउरी, मुसो र पोथी–चारै जना स्याङ्ग्री बूढीका टुँगमा गए । उनीहरूले राय मिलाएको सबै कुरो सुनाइदिए । बुढिया खुब खुशी भई र तोकिएको दिन नातिलाई भगाएर ल्याउने काम गर्न तयार परी ।

तोकिएको दिन आइपुग्यो । बूढी दानवी तान बुन्दैथिई । तानको गुरुसिङ्मा बसेर काग गीत गाउन थाल्यो । तान बुनिरहेका बेलामा कागको गीत सुनेर बूढी खुशी भई । गीत सकिएपछि फेरि एकपल्ट गाऊ भनेर बूढी राक्षसनीले कागलाई अनुरोध गरी । कागले फेरि गीत गाउनलाई कुनै न कुनै सर्त राख्नुपर्छ भन्यो । बूढी दानवीले भनी –

" एउटा मानिसको बच्चो पालेर राखेकी छु । त्यसलाई मारी त्यसका आँखा, हात र खुट्टा दिउँला ।"  कागले हुन्छ भनेर घरिघरि मोटो र घरिघरि पातलो स्वरमा 'कोक्-कोक्-कोक्, काँ-काँ, काक्-काक्, काआक्-काआक्' गर्दै किसिम-किसिमका भाका हाल्दै गीत गाइदियो । बूढी दानवी गजब परेर अल्मलिइरही ।

त्यसै बीचमा मुसोले धुरीमा पसेर धोक्राको डोरी काटिदियो । स्याङ्ग्रीले नाति बोकेर घर पु¥याई । बूढी दानवीलाई यस कुराको वाजखामै थिएन ।

गीत सकिएपछि कागले अघिको सर्तबमोजिम आँखा, हात र खुट्टा देऊ भनी बूढी दानवीसँग माग्यो । बूढी "  बस्दै गर, त्यसलाई केटो मारेर ल्याइदिन्छु"  भनी जुरुक्क उठी र धुरीमा चढी तर त्यहाँ केटो लुकाएको धोक्रो थिएन । बूढी आत्तिँदै आँगनमा ओर्लेर आई र यताउति दगुर्न थाली । कागले "  किन आत्तिएको ?"  भनी प्रश्न गर्दा बूढी दानवीले भनी – " लुकाइराखेको केटो त हराएछ । मार्न पाइएन ।"  कागले भन्यो – " त्यसो भए म जताजता उड्छु उतैउतै मेरो पछिपछि लागेर आउनू, हामी त्यसलाई भेट्टाउँला ।"  कागका कुरा पत्याएर बूढी दानवी त्यसैका पछि लागी ।

बीच बाटोमा पोथी बसिरहेको देखेर काग एक छिन त्यहाँ थामियो । बूढी राक्षसनी पनि पोथीको सामुन्ने उभिई । पोथीले 'को-को-को-को'  गरेर पखेटाले भ्याएजति माटो र धुलो बूढी दानवीको आँखाभरि हालिदिई र उडेर गई । बूढी दानवी दुवै हातले आँखा माड्दैथिई, कागले अघिको सल्लाहबमोजिम आँखा, हात र खुट्टा कहिले दिने भनेर उसलाई सोध्यो । त्यसै बेला न्याउरीले फुत्त निस्केर तिम्रा " आँखाबाट कसिंगर निकाल्ने ज्ञान मसँग छ"  भन्दै बूढी दानवीका दुवै आँखाका गेडी निकालिदियो । ऊ अन्धी भई । कागले सल्लाहबमोजिमका आँखा भेट्टायो । फेरि हात-खुट्टा त पाउनु नै थियो । त्यो पनि तत्कालै चाहिन्छ भन्दा न्याउरीले आफ्ना तिखा दाँतले बूढीको हात-खुट्टा चट्-चट् काटिदियो । बूढी दानवीको प्राण गयो ।

यस्ता प्रकारले ती पशुपक्षीहरूले मदत गरेर स्याङ्ग्री बूढीका नातिलाई राक्षसनीका हातबाट फुत्काइदिए ।

---

■

## गिद्ध-देवता

अघि पल्लोकिरात पाँचथरथुमको सिङ्घाङ् थुम्कामा एउटा अग्लो राङभाङको रूख थियो । त्यस रूखका टुप्पामा किघाहाङ नाउँ गरेको एउटा गिद्ध-राजाको गुँड थियो । त्यो गिद्ध बच्चा काढेका बखत मानिसका सानासाना नानीहरूलाई चुच्चाले टिपी लगेर आफ्ना चल्लाहरूलाई खुवाउँथ्यो । यसरी गाउँका नानीहरू हराउँथे । यस्तो हुन लागेको देखी ती गाउँलेहरू त्यसको कारण खोज्न लागे । अन्त्यमा नानीहरू हराएको कारण त्यो गिद्ध हो भन्ने थाहा पाएपछि ती मानिसहरूले त्यस गिद्धलाई मार्ने सल्लाह बसाए । तिनीहरूले राङभाङ रूखका फेदमा गई तिखा काँड हानी गिद्ध-राजको गुँड भत्काउने कोसिस गरे तर त्यो रूख यति अग्लो थियो कि तिनीहरूले हानेका काँड त्यस रूखका टुप्पासम्म पुग्नै सकेनन् । तिनीहरूले अर्को दिन सल्लाह गरेर राङभाङको त्यो रूख नै ढाल्ने कुरा मिलाए । सल्लाहबमोजिम रूख ढाले पनि औ गिद्धराजाका बच्चाहरू पनि सबै मारिदिए । फेरि गिद्धराजा उडेर अर्को अलि होचो रूखमा बस्नासाथ तिनीहरूले काँड हानी त्यसको पनि प्राण लिए । ती क्रुद्ध मानिसले त्यसको मासु टुक्राटुक्रा पारी फ्याँकिदिएर हड्डीचाहिँ मसिनो पारेर हावामा उडाइदिए । त्यसका खुट्टाको नलीहाड तुरही बनाउन हुन्छ भनेर ती गाउँलेले आफ्ना राजालाई चढाए ।

यति गर्दागर्दै पनि त्यो गिद्धराजा मरेन । त्यसको मासुका टुक्राटुक्राबाट मानिस र पशुहरूको रगत चुस्ने जुका उत्पन्न भए । पिनेर हावामा उडाइदिएका हाडहरू सबै भुसुना, लामखुट्टे, किरा आदि भई मानिस जातिका दुश्मन बने ।

ती गाउँलेहरूका राजालाई चेप्ताङहाङ भन्दथे । उनले गिद्धराजाको नलीहाड खालि युद्ध गर्ने बखतमा मात्र फुक्ने प्रबन्ध गरे । कारण त्यस नलीहाडबाट निस्केको ध्वनि यति जोडदार थियो कि त्यसलाई सुन्नासाथ दुश्मनहरू थरथर काम्दथे ।

पछि एकपल्ट छथर थुमका राजासँग चेप्ताङ राजाको युद्ध भयो । युद्धमा गिद्धराजाको नलीहाड फुक्न लाएर राजाले योद्धाहरूलाई हुकुम गरे-“ जहाँसम्म तुरहीको आवाज सुनिन्छ वहाँसम्म लड्नू । जय प्राप्त हुनेछ ।”

तुरहीको ध्वनिको कारणले योद्धाहरूले छथर थुम विजय पनि गरे । विजय गरी चेप्ताङ राजाले त्यसरी नै फेदाप थुम पनि विजय गरे ।

तर फेदापका राजा चंख थिए । उनले चेप्ताङ राजालाई आफ्ना अधिराज माने तर भित्रभित्रै उनले जासुस पठाएर चेप्ताङ राजाको शक्ति कुन चिजमा रहेछ ? – बुझ्ने बन्दोबस्त मिलाए । त्यसका लागि उनले चेप्ताङ राजाका दरबारमा चाकरी गर्ने निहुँले केही सुसारेहरू पनि पठाएका थिए ।

ती सुसारेहरू चेप्ताङ राजाका बडा भक्त भई चाकरी गर्न लागे । चेप्ताङ राजाले ती सुसारेहरूमाथि विश्वास गरेर आफ्ना गुप्त स्थान र गुप्त कुराहरू पनि देखाए । आफ्नो अपराजेय शक्ति-गिद्धराजाको नलीहाडमा निहित छ भन्ने कुरा पनि सुनाइदिए । अब ती सुसारेहरू त्यो नलीहाड चोर्ने धुनमा लागे ।

रहँदा बस्ता एक दिन ती सुसारेहरूले गिद्धराजाको त्यो नलीहाड फेला पारिहाले । साथै तत्कालै उनीहरू यासोकरानीको भीरको दरबार छाडी भागे ।

तर सितिमिति तिनीहरूले आफ्नो काम फत्ते पार्न सकेनन् । बाटोमा तमर खोला पर्दथ्यो । त्यसमा पुल थिएन । पौडेर जानु पर्दथ्यो । तब त तिनीहरूलाई गिद्धराजाको नलीहाड फेदापसम्म पु-याउन महामुस्किल प-यो । पछि तिनीहरूले सल्लाह गरी तमरनदीमा फडके हाल्ने निश्चय गरे ।

चेप्ताङ राजाले नलीहाड र आफ्ना सुसारेहरू हराएको कुरा थाहा पाइहाल्छन् भन्ने कुराको तिनीहरूमा निकै ठूलो चिन्ता थियो । साथै सिपाहीहरू पठाएर तिनीहरूलाई पैल्याउलान् भन्ने डर पनि थियो । तसर्थ तिनीहरू आफ्ना सुरक्षाका लागि तमरनदी साँगुरिएको र बाँसघारी भएको ठाउँ खोज्न लागे ।

भाग्यवश तिनीहरूले भनेजस्तो ठाउँ फेला पारे । तब त तिनीहरू बाँसको टुप्पाटुप्पा जोडिएको बाँसघारीबाट पारी तर्न सके र नलीहाडसमेत फेदाप थुममा पनि पुगे तर राजदरबार नपुग्दै तिनीहरूलाई फेदाप थुममा पर्ने खोरोङ्वा नाउँको अर्को एउटा अलि सानो नदीको मुकाबिला गर्नुप-यो । तिनीहरूले त्यस नदीमा पनि सानो फडके हालेर गिद्धराजाको नलीहाड पारि तार्ने प्रयास गरे तर दुर्भाग्यवश त्यहाँ त नदी तर्दातर्दै तिनीहरूका हातबाट नलीहाड कता खस्न पुग्यो कता । बिचरीहरू आत्तिए । फेरि जे गरे पनि बगिरहेको खोलामा त्यस्तो सानो नलीहाड कहाँ पुग्यो कहाँ, त्यसै पत्ता लाउन सकिंदैनथ्यो ।

आफ्नो त्यत्रो मेहनत खेर गएकाले साह्रै खिन्न भएर बिचरी सुसारेहरू रित्तो हात फेदाप थुमका राजाकहाँ पुगे । उनीहरूले आफ्ना राजालाई खुब कोसिस गरेर चेप्ताङ राजाका हातबाट गिद्धराजाको नलीहाड हात पारेको औ मुस्किलसाथ तमरनदी तारेको कथा सुनाए । फेरि कसरी फेदाप थुमका खोरोङ्वा खोला तारिरहँदा गिद्धराजाको नलीहाड पानीमा खसेको थियो – सो पनि बताइदिए । जे होस्, चेप्ताङ राजाको शक्ति रहेको नलीहाड हराएको कुरा थाहा पाएर फेदाप थुमका राजा अत्यन्त खुशी भए । साथै उनले त्यसलाई खोरोङवा खोला दुवाली फर्काई खोजेर ल्याउन भनी आफ्ना गाउँलेहरूलाई हुकुम पनि दिए ।

फेदाप थुमका गाउँलेहरू सबै खोरोङवा खोलामा गएर दुवाली फर्काउने प्रबन्ध गर्न लागे । दुवाली फर्काउँदा फर्काउँदै नदीको गहिरो दहबाट ठूलो डरलाग्दो अजिंगर निस्क्यो । मानिसहरू डरले सबै पाखातिर भागे । तिनीहरूले हेर्दाहेर्दै त्यो अजिंगर खोरोङ्वा खोलैखोला गई तमरनदीमा पस्यो ।

ती मानिसहरूले हो न हो यो त्यसै गिद्धराजाको नलीहाड अजिंगरका रूपमा निस्की फेरि अल्पिएको हो भन्ठानेर सो कुरा फेदापका राजालाई लगेर सुनाए ।

त्यसै दिनदेखि ती मानिसहरूले गिद्धराजालाई उनको त्यस्तो आश्चर्यजनक करामतका लागि गिद्धदेवता भनी पूजा गर्न लागे ।

■

# फूलको उत्पत्ति

अघि संसारको सृष्टि भइसकेपछि क्रमशः भिर, पहरा, डाँडा-काँडा, पहाड-पर्वत तथा नदी-खोलाहरू पनि बग्दैगए । पोरोक्मी योम्फामी महादेवलाई त्यतिले पनि साह्रै सुन्सान लाग्यो । तिनले पृथ्वीलाई गुञ्जायमान बनाउने इच्छाले समुद्रको खस्रो बालुवा जम्मा गरेर आफ्नो महाशक्तिद्वारा सानो, ठूलो र किसिमकिसिमका माउरी, खागो, बारुला, बच्छिउँ, अरिंगाल, भिर-माउरी, भुमरा, भालु-भुमरा, पहेंलें, पुत्का, मुन-बारुला, अन्धा-बारुला कुमालकोटी इत्यादिका चाका बनाएर बस्ने प्राणीहरू बनाएर उडाइदिए । ती प्राणीहरू पहाड, मधेस – चारैतिर घुनुनुनु गरेर उडेकाले सारा पृथ्वी नै गुञ्जायमान भयो । त्यस बेला झारपात, रूख इत्यादिको सृष्टि भएको थिएन । यसैले ती प्राणीहरू सारा भिर-पहरातिर चाका बनाएर बस्न थाले । तिनीहरूका निम्ति खानालाई अहिलेसम्म केही पनि सृष्टि भएको थिएन । तिनीहरू घुनुनुनु गर्दै रात-दिन उडिरहेको देखेर पोरोक्मी योम्फामीको मनमा लाग्यो – यिनीहरू ता प्राणी नै हुन् । खान केही नपाई रात-दिन घुनुनुनु गरेर मात्र उडिरहनाले यिनीहरू बाँच्तैनन् । यिनीहरूका निम्ति केही न केही खानेकुरो पनि बनाउनै पर्दछ । यस्तो मनसाय लिएर उनले भगवान परमात्माका समक्ष हाजिर भएर बिन्ती गरे – " हजूर, पृथ्वी साह्रै शून्य लागेको हुनाले मैले आफ्नो शक्तिद्वारा किसिमकिसिमका चाका बनाएर बस्ने प्राणी जस्तै माउरी, खागो, बारुला, बच्छिउँ इत्यादि बनाएर हावामा उडाइदिएँ । त्यसले गर्दा पृथ्वी गुञ्जायमान भएको छ तर खानेकुरा केही नदिई यिनीहरू बाँच्न सक्तैनन् । त्यसैले तिनीहरूलाई कस्तो कुरो खानदिए तिनीहरू बाँच्न सक्लान् भनी ज्ञानबुद्धि सिक्नलाई म हजूरकहाँ आएको हुँ ।"

भगवान् परमात्माले भने–पृथ्वीमा जति किसिमका पदार्थहरू छन्, ती सबै एक दोस्रामाथि निर्भर छन् । तिनीहरू सब एउटाले अर्कोलाई सहायता गर्न र आपसमा मदत गर्ने किसिमले बनाइएका छन् । एउटाको प्राण लिएर अर्को बाँच्तछ, अथवा एउटाको रस लिएर अर्को जीवित रहन्छ । यसैले तिमीले पनि यसै किसिमको विचार लिएर ती प्राणीहरूका निम्ति किसिमकिसिमका फूलपातहरू उत्पन्न गर्नसके तिनीहरू त्यसैको रसास्वादन गरेर बाँच्नेछन् र सृष्टिको अन्त्य पनि कहिल्यै हुनेछैन । माउरी, खागो, बारुलो, बच्छिउँ ती फूलहरूमा बस्ता

तिनीहरूका खुट्टाका रौंद्वारा फूलहरूको बिउको प्रसार हुनेछ र ती फूलहरूको वृद्धि हुनेछ । यस किसिमले पृथ्वीमा अनन्त कालसम्म फूलहरू उम्रँदै रहनेछन् । ती प्राणीहरूले रसपान गर्न आफ्नो पनि वृद्धि गर्नेछन् ।

पोरोक्मी योम्फामी महादेवले भगवान्बाट यस्तो ज्ञान र शिक्षा पाएर पृथ्वीमा आई फूलहरूको सृष्टि गर्न सुरु गरे । तिनले चम्पाका फूलबाट सुरु गरेर सेकमारी फूल, बाबरी, भिर-सुनाखरी, भुइँ-सुनाखरी, पाखाकमल, पानीकमल, इन्द्रकमल, श्यामकली, कृष्णकली, सयपत्री, तारा-मण्डल, सूर्यमुखी, चन्द्रमुखी, घोगेचाँप, तिरिमिरि, मिरिमिरि, बाघमुखे, बेली, चमेली, जूही, जुनेली, भुइँचम्पा, जाईफूल, इलामे, उदासे, घोडताप्रे, अबिजालो, चित्रे, उन्यु, गोदावरी, झुम्के, चैते, लसुने, ढेङ्रे, काँडे, बिख, काँढे, असारे, माने, फर्सी, काँक्रो, करेला, चिचिन्डा, कुभिन्डो, गुलाब, तरवारे, लाहुरे, धनियाँ, सुँप, फापर, फकफके, आँखातरुवा, नीलकण्ठ, दुधे, धतुरो, बिलकन्य, केशरी इत्यादि फूलहरूको सृष्टि गरे । प्राणीहरूले पनि तिनको रसास्वादन गर्न पाए । त्यसरी तिनीहरू बाँचे र पृथ्वी पनि तिनको स्वरले गुञ्जायमान भयो ।

■

# पञ्च-बोली

धेरै अघिको कुरा हो । किराती वंशमा चुक्मिबा नामको एक जना मानिस थियो । ऊ निकै ज्ञानी थियो । समाजमा प्रचलित अन्धविश्वासमाथि उसको कुनै किसिमको आस्था थिएन । जुनसुकै कुरामा पनि पञ्चबोलीले मात्र न्यायोचित निर्णय हुन सक्तछ भन्ने उसको विश्वास थियो । ऊ अरू मानिसलाई पनि “ अन्धविश्वास अर्थहीन हो र भलापञ्चहरूको कुरामात्र सही हुन्छ” भन्ने उपदेश दिने गर्दथ्यो ।

बुद्धिमा मात्र तरुनो होइन, चुक्मिबा उमेरले पनि तन्नेरी थिइँ । एसले घरजम गरेकैं पनि धेरै दिन भइसकेकैं थिएन । चलनअनुसँर एसले दुल्ही लइँएर दुलान फर्काउनु पर्दथ्यो । यस कुरोमा करै लाग्दछ । नियममुताबिक दुलान फर्काउनलाई पण्डित बोलाएर जोखाना हेराउनु पर्दथ्यो । अरूले पनि उसलाई त्यस्तै गर्ने सल्लाह दिए तर स्वाभाविक थियो कि चुक्मिबाले त्यस कुरापट्टि कुनै ध्यान दिएन । जोखाना हेर्ने कामलाई एकातिर लत्याएर उसले त्यसै दुलान फर्काउने निश्चय गऱ्यो । त्यसैअनुसार उसले ससुराली लैजाने कोसेली सबै ठीकठाक पारी एक दिनअघि नै भरियाहरूको हात ससुराली पठाइदियो ।

आफूचाहिँ आफ्नी नवविवाहिता स्त्रीलाई लिएर चुक्मिबा सखारै ससुरालीतिर हिंड्यो ।

यता जोखाना हेर्नेहरूलाई चुक्मिबाको व्यवहार साह्रै ननिको लागिरहेको थियो । चुक्मिबाको यस्तो विचार जोखाना हेर्नेहरूका लागि स्वाभाविकै थियो । आफूलाई त्यति साह्रो नगण्य साबित गराउनु उनीहरूलाई कतैबाट पनि प्रिय कुरा लाग्न सकेन । तब त जोखाना हेर्नेहरूले आफूप्रतिको अवज्ञापूर्ण व्यवहारका लागि चुक्मिबासित बदला लिने दाउ रच्न थाले । उनीहरूमध्ये एकजना जोखाना हेर्नेले स्वास्नीलाई साथमा लिएर दुलान फर्काउन ससुरालीतिर लागेको मौका पारी चुक्मिबाको यात्रा असफल र अनिष्टकर तुल्याइदिने निश्चय गरी एक साधारण मानिसको रूप धारण गऱ्यो ।

बाटो ठाडो उकालोको थियो । नयाँ दम्पती दुलान फर्काउन हिडिरहेका थिए । यस्तैमा बेसरी घाम लागेको मौका छोपी जोखानाले नयाँ दुलहीमा प्यास जगाइदियो । क्षणैमा नववधू प्यासले छट्पटाएर “ पानी, पानी” भनी कराउन थाली । चुक्मिबालाई आपत पर्न थाल्यो । नजिकै कतै पानी पाइन्नथ्यो । यता दुलही भने तिर्खाले हिड्नै नसकेर

बाटोमा रहेको एउटा कदमको रूखका सिंयालमा लम्पसार परिदिई । पानी नजिकै यताउति कहीं पनि नपाइने, छैन त भनेर निच मार्न पनि नहुने स्थितिमा चुक्मिबालाई साह्रै विपद प-यो । जस्तै भए पनि आफ्नी नयाँ विवाहिता स्त्रीको त्यस्तो दुर्दशा देख्नु चुक्मिबाका लागि अत्यन्तै असह्य थियो । ऊ अब पानी खोज्न भनी खोल्सा-खोल्सी धाउन थाल्यो तर सितिमिति कतै पनि पानी पाइएन । आखिरमा उसले एउटा अलि गहिरो ठाउँमा सानो वनकेराको झ्याँग देख्यो । चुक्मिबा त्यही केराको दाम्छा काटी पानी जमाएर आफ्नी स्त्रीको तिर्खा मेट्नु प-यो भन्ने विचारले चेप्सा लिएर दगु-यो ।

यही मौका पारेर जोखानाले आफूलाई चुक्मिबाका रूपमा बदल्यो र झटपट गएर दुलही पर्खिरहेका ठाउँमा गई उनको तिर्खा मेटाइदियो । दुलही खुशी भई । " अब जाऔं, हिंड त" भनेर जोखानाले दुलहीलाई उठाएर लग्यो । दुलही पनि जोखानालाई यिनी आफ्नै पति हुन् भन्ठानेर उसका पछि लागी ।

यता केही बेरपछि दुनामा दाम्छाको पानी लिएर चुक्मिबा हतार-हतार आफूले स्त्रीलाई छाडेर गएका ठाउँमा आयो तर ऊ त्यहाँ थिइन । विचरो चुक्मिबा व्याकुल भयो । रोई-कराई उसले आफ्नी स्त्रीलाई बोलायो तर कतैबाट पनि कुनै जवाफ आएन । " उनले तिर्खा सहन नसकी कतै भिरबाट हाम्फालेर आत्महत्या गरिन्" भन्ने शंकाले चुक्मिबाले आकाशतिर यसो हे-यो तर त्यहाँ एउटा पनि गिद्ध देखा परेन । मरेर सिनु भएकी त रहिनछन् भन्ने सम्झेर चुक्मिबाले डाँडामाथि गएर वरिपरि नियाल्यो । पर एकजना पुरुष र एउटी स्त्री चोरबाटो गरेर छिटोछिटो हिंडिरहेका रहेछन् । उसले देख्यो । मेरै स्त्रीलाई अरू कसैले हरण गरेर पो लगिरहेको हो कि भन्ने मनमा लागेर ऊ त्यतैतिरको ओ-हालो बाटो कान्ला-बुच्काहरू नाघ्दै आँखा चिम्लेर कुद्दै गयो । तिनीहरूका नजिक पुगरे हेर्दा त गजब ! नभन्दै उसकी स्त्रीलाई त एक जना मान्छेले अघिअघि हिंडाइरहेको रहेछ, र त्यसको रूप ठीक उसकै जस्तो रहेछ ।

विचरा चुक्मिबालाई एक छिनसम्म त आश्चर्यले अवाक् रहनु प-यो । आफ्ना सम्मुख रहेको त्यो दृश्य सपना हो कि यथार्थ हो, उसलाई खुट्ट्याउन गाह्रो प-यो । उसलाई कहीं आफू पागल त भइनँ भन्ने शंका पनि लाग्यो । अथवा होस हराएको पो हो कि भनेर उसले तितेपातीको मुन्टो चुँडालेर यसो सुँघेर हे-यो । सम्मुखको दृश्य वास्तविक नै रहेछ ।

तितेपातीबाट पनि त्यसको स्वाभाविक तितो गन्ध नै आयो । फेरि गन्धेझार माडेर सुँघ्यो । उसले त्यसको पनि नराम्रो गन्ध चाल पायो । यसपछि आफू त विपनामै र होसमै रहेछु भन्ने उसले निश्चय गऱ्यो । उसले अनुमान गऱ्यो कि आफ्नैजस्तो चेहरा भएको मान्छेले अवश्य पनि मेरी स्त्री हरेर लगेको हुनुपर्दछ । यत्तिकैमा सम्मुखका दुवैजना उकालो बाटो काटेर तेर्सो बाटो लागिसकेका थिए ।

अब चुक्मिबाका लागि आफ्नी स्त्रीलाई कसरी त्यस परपुरुषबाट छुटचाएर लिने हो भन्ने समस्या थियो । त्यस दुष्टका पञ्जाबाट जसरी भए पनि आफ्ना स्त्रीलाई खोसेर लिनुपर्दछ भनेर ऊ तिनीहरूतिर दगुर्दै गयो । स्याँस्याँ गर्दै उकालो काटेपछि ऊ एकैछिन रोकियो । फेरि हतपत तेर्सो बाटोमा कुदेर गयो । एक्कै छिनमा उसले दुवैजनालाई भेट्टायो । तिनीहरूलाई भेट्नासाथ चुक्मिबाले आफ्नी स्त्रीको हात समात्यो र सोध्यो – " कोसँग हिंड्दैछचौ ?"

अब पऱ्यो फसाद दुलहीलाई ! उसका आँखाअगाडि दुई उस्ता-उस्तै पुरुषहरू उभिइरहेका थिए । लाजबाब विचरी अन्योलमा परी । चुक्मिबाले उसलाई छाडेर आफूसँगसँगै डोऱ्याएर लग्न खोज्यो ।

यता अर्को पुरुष कराउन थाल्यो – " ए, मेरी स्वास्नीलाई डोऱ्याउने तँ को होस् ?"

चुक्मिबा किन चूप लाग्थ्यो, ऊ पनि जोडले करायो – " चोर, यो त मेरी स्वास्नी पो हो । तैंले यसलाई हरेर ल्याएको होस् । बाटोमा तिर्खा लाग्यो भन्दा म पानी खोज्न गएको थिएँ, त्यही मौका पारेर तैंले बदमासी गरिस् । यो त मैले भर्खरै बिहे गरेकी स्वास्नी हो ।"

तर जोखाना पनि सितिमिति केलाई हार खान्थ्यो ? उसले एकाएक " के भनी तँ मेरी स्वास्नीलाई हात हाल्छस् ?" भनेर चुक्मिबालाई घुस्सा जमायो । एक्कासि आफूमा परेको मुक्काले बिचरो चुक्मिबा उतानो पर्न गयो तर ऊ पनि कम बलियो थिएन । तत्कालै जुरुक्क उठेर उसले पनि जोखानालाई उसको जुल्फी समातेर नजिकैमा एक घुस्सा ठोकिदियो । नाथ्री फुटेर जोखाना रगताम्मे भयो । तब जोखानाले पनि चुक्मिबालाई घोक्रो निमोठेर मार्छु भनी हात उठाएकै मात्र के थियो, त्यहाँ सहसा एउटा देवता प्रकट भए ।

" खबरदार ! झगडा नगर ! " – देवता बोले ।

दुवै झगडियाहरू छक्क परेर देवतालाई हेर्न लागे । तिनीहरूको झगडाको कारण के हो भनेर देवताले सोधे ।

रक्ताम्मे नाकमुख भएको जोखानाले अघि सरेर भन्यो – " मेरी स्वास्नीसँग आउँदै थिएँ । यो कहाँको पाजी आएर मेरी स्वास्नीलाई उसकी भनेर हात समाती डो¬याउँछ ।"

त्यस्तै चुक्मिबाले पनि भन्यो – " यी मैले भर्खरै बिहे गरेकी मेरी स्वास्नी हुन् । हामी ससुराली जाँदै थियौं । बाटोमा मेरी स्त्री साह्रै तिर्खाइन् र म पानी खोज्न हिंड्दा यो बदमासले हरेर मेरो अघिअघि लाँदै थियो । अहिले मैले फेला पारेँ ।"

देवताले भने – " तिमीहरू दुवैजनाको रूप-रङ्ग, जिउ सबै एक्कै जस्तो छ । त्यसैले यो स्त्री कसकी हो ? – त्यसै भन्न सकिन्न तर" – तिनीहरूका अगाडि एउटा करुवा राखिदिँदै देवताले भने – " जो यस करुवाको टुटीको मुखबाट निस्कन सक्छ उही यो स्त्रीको खास पति ठहर्नेछ ।"

देवताका यस्ता कुरा सुन्नेबित्तिकै जोखाना आफ्नो शरीरलाई सानो बनाएर करुवाको मुखबाट छिरी टुटीबाट फुत्त निस्कियो ।

अब चुक्मिबाको पालो आयो । उसले मनमनै सम्भ्यो – " मानिसको जिउ कहिल्यै पनि करुवाको मुखबाट पस्न अथवा टुटीबाट निस्कन सक्तैन । यो मानिस मन्त्रतन्त्र गर्दोरहेछ । यस्तो न्यायनिसाफ म माग्दै माग्दिनँ ।" उसले देवतालाई भन्यो – " मानिसको शरीर कदापि करुवामा छिर्न सक्तैन न त टुटीबाट निस्कन सक्छ । यो मानिस तन्त्रमन्त्र गर्दोरहेछ । म यस्तो न्यायनिसाफ माग्दै माग्दिनँ । म मानिस हुँ र यो मुद्दाको निसाफ म मानिसहरूबाटै लिन्छु । तिमी पक्का न्याय गर्छौ भने गाउँको अमालमा जानुपर्छ । गाउँको पञ्चबोलीबाट म निसाफ लिन्छु ।"

चुक्मिबाको यस्तो कुरा सुनी देवताको हृदयमा चोट परे तापनि " हुन्छ, म अमालमा जाने भएँ" भनी उनी माने ।

अमालमा पुगेपछि देवताले मुखियालाई भने – " एउटी आइमाईका लागि यी दुई मानिस भ्रगडा गरिरहेका छन् । दुवैको रङ्ग-रूप, जिउडाल एक्कै भएकाले यो आइमाईसमेत अन्योलमा परिरहेकी छ । अब यिनको खास लोग्ने कुन हो खुटयाई दिनुप¬यो ।"

यो कुरा सुनेर मुखियाले पञ्चहरू भेला पारे । सभा बस्यो । देवता र जोखाना एकमत भए । मानिसहरूको न्याय गर्ने शक्ति जाँच्ने मतलबले देवताले तीनवटा गाग्रामा गुप्त तवरले पहिलोमा रगत, दोस्रोमा फेटा, तेस्रोमा पानी राखी ढकनी लगाई सभाका बीचमा राखेर भने – " यी गाग्राहरूभित्र के-के छन् भनी म सोद्धछु । ठीकठीक जवाफ

दियौ भने यो मुद्दाको निसाफ गर्न सक्छौ । होइनभने यो मुद्दाको निसाफ गर्न सक्तैनौ र त्यसका लागि तिमीहरू सबैले प्राणदण्ड भोग्नुपर्छ ।"

देवताका यस्ता कुरा सुनी ती पञ्चहरू आपसमा सल्लाह गर्न लागे । तिनीहरूले एक मन, एक तन, एक जोर, एक सोर गर्ने निश्चय गरे । एक भाइले सत् सम्झी जस्तो विचार गर्छ, सर्वसम्मतिबाट त्यही विचार कायम राख्ने भनी तिनीहरूले निश्चय गरे । सर्वसम्मतिमा शक्ति प्रकट हुन्छ भनी विश्वास मानी वाचा-बन्धन गरेर देवताको सवालको जबाब दिन उनीहरू तत्पर भए ।

सभामा पहिलो गाग्रो देखाएर देवताले " 'यसमा के छ ?" भनी सवाल गरे । पञ्चहरूले एक मन, एक तन, एक जोर, एक सोरले त्यसमा पानी छ भनेर जवाफ दिए । देवताले ढकनी खोली गाग्रो उभिन्डो पार्दा भित्रबाट रगतको बदला पानी नै निस्क्यो । पञ्चबोलीको जित भयो ।

अब दोस्रो गाग्रोमा " के छ ?" भनी देवताले सवाल गरे । पञ्चहरूले एक मन, एक तन, एक जोर, एक सोरले त्यसमा सर्प छ भनी जवाफ दिए । देवताले बिर्को खोली गाग्रो उभिन्डो पार्दा साँच्चै फेटाको सट्टा सर्प निस्केर सल्सलाउँदै गयो । यस पटक पनि पञ्चबोलीकै जय भयो ।

तेस्रो गाग्रोमा " के छ ?" भनी देवताले सवाल गरे । सभाका पञ्चहरूले एक मन, एक तन, एक जोर एक सोरले त्यसमा दुध छ भनी जवाफ दिए । देवताले बिर्को उघारी गाग्रो घोप्टयाउँदा साँच्चै पानीको बदला दुध निस्क्यो । यस जाँचमा पनि पञ्चबोलीकै विजय भयो र देवताको हार ।

त्यसपछि सभाका भलापञ्चहरूले चुक्मिबा र जोखानाको मुद्दा बुझ्न सुरु गरे । चुक्मिबाले भएभरको बयान सुरुदेखि अन्त्यसम्मको कुरा सुनायो । जोखानाले पनि भएभरको बयान सुनायो । बाटोमा कुस्ती पर्दा देवता प्रकट भई करुवामा छिर्नेको जय हुन्छ । त्यस स्वास्नीको सही लोग्ने ठहर्छ भन्ने करुवा-जाँचमा जोखानाको जित भएको कुरा पनि पञ्चको अगाडि राख्यो तर चुक्मिबाले करुवा–जाँचलाई जादू-मन्त्रको आरोप लगायो । अमालमा अपिल लगाएको सबै कुरा बुझेपछि सभाका भलापञ्चहरूले पनि करुवामा मानिस छिर्ने कुरालाई असम्भव ठानी जोखानालाई हराई त्यस आइमाईको साँचो पति चुक्मिबा नै हो भनी फैसला गरिदिए । त्यसपछि चुक्मिबालाई नै त्यो स्त्री सुम्पी जिम्मा लगाइदिए ।

जोखाना र देवता दुवै पञ्चबोलीसँग हार खाएर अल्पिएर गए ।

■

# किराती भाषाको गडबडी

सुरुमा किरातीहरू देववंशी भनिन्थे । उनीहरूको एक भाषा थियो । किराती भाषालाई देवभाषा भनिन्थ्यो । बस्ता-रहँदा किरातवंश निकै फैलियो । उनीहरूका नेताले जनगणना गर्नुपर्दछ भनेर सबैलाई प्रत्येकले एक–एकवटा ढुङ्गा ल्याउन आदेश दिए ।

प्रत्येक मानिसले एक-एकवटा ढुङ्गा ल्याएर आफ्ना नेताका अगाडि राखिदिए । ढुङ्गा थुप्रिंदा-थुप्रिंदा त्यहाँ एउटा पहाडजस्तो बन्यो । पछि उनीहरूका नेताले जनगणना गरेको स्मृतिमा त्यो थुप्रिएको ढुङ्गाले त्यहाँ एउटा धरहरा बनाउने प्रस्ताव राखे । उनीहरूले पनि यस कुराको समर्थन गरे तथा तत्कालै धरहराको जग बसाए । बिस्तारै-बिस्तारै धरहरा बन्दैगयो, अग्लो-अग्लो हुँदैगयो । हुँदाहुँदै धरहराको टुप्पो यति माथि पुग्यो कि त्यसका फेदमा बस्नेहरूले टुप्पो देख्न छोडे तैपनि धरहरा अग्लिंदै गइरहेको थियो । थुप्रिएका ढुङ्गा कति त त्यसै थिए । काम गर्नेहरू काम गरी नै रहेकै थिए । ढुङ्गा ओसार्ने ओसार्दै थिए । हिलो-पानी दिने हिलो-पानी दिंदै थिए । गाह्रो लाउने गाह्रो लाउँदै थिए तर कामको खुब मेलो चलेकै बेला के भयो, के भयो, भाषासम्बन्धी गडबडी चल्यो । एउटाले बोलेको अर्कोले बुझ्नेन । यसले गर्दा उनीहरूमा रिसारिस पऱ्यो । झगडा चल्यो । आखिर रिसमा परेर फेदमा बस्नेहरूले धरहरा नै ढालिदिए । फलस्वरूप धेरैजसो धरहरा भत्किएको ढुङ्गामुढाले थिचिएर मरे । बाँच्नेहरूमध्ये पनि फेरि सोऱ्ह भाषाका सोऱ्हजना नेता निस्किए । तिनीहरू पनि आपस्तमा लड्न लागे । ती नेताहरूको मारामारका अन्त्यमा चारजना नेतामात्र बाँचे । फेरि तिनीहरू पनि लड्न लाग्दा पापाहाङ नाउँ गरेका एकजना नेता आफ्नो दल छुटचाई पूर्व दिशातिर बस्न जाने भनेर त्यो देशै छोडेर गए । छ महिनामा उनी सिमाङ्गढमा आइपुगे ।

यस दलमा पनि बाह्र भाषाका मानिसहरू थिए । यिनीहरू पनि एकै ठाउँमा बस्न सकेनन् । तिनीहरूमध्ये मगरवंशी, चनवंशी र गुरुङ्गवंशी उत्तर-पश्चिम गई पाल्पा, डोटी र प्यूठानमा बस्न गए । नागा, सिया, लाप्चा र काचिनवंश पूर्व आसाम, सिक्खिम र बर्मामा बस्न गए । हामी हिंडेका बाटामा केराको भ्याङ् र बोहोरीको रूख काटी राख्छौं, पहिल्याउँदै आउनु भनी अरू भाइहरूलाई अह्राई लाप्चावंश, काचिन र नागावंशका मानिसहरू अघि हिडे । त्यसपछि लिम्बूवंश, खम्बूवंश, मेचे,

कोचे, थारू, दनुवार, धिमालवंशहरू केराको भ्याङ् र बोहोरीका रूख काटेको चिह्न हेर्दै पूर्व दिशातिर लागे तर केराको टुसो पलाएर लामो भइसकेको र बोहोरीको रूख पनि काटिएर कालो दागमात्र शेष रहेको देखेर अब दाजुभाइलाई भेट्न गाह्रो पर्दछ भन्ठानी दनुवार, धिमालवंशहरू नेपाल तराईमा गएर बसे । लिम्बू, खम्बू-वंशहरू पनि अब अघि जाने दाजु-भाइलाई भेट्न सकिंदैन भनेर नेपालको पहाडमा गई बसे । मेचे, कोचे, थारूवंशीहरू पूर्वदिशातिर बढेर गए र आसाममा आफ्नो राज्य स्थापित गरे । यसै ठाउँबाट वंश फैलिएर उत्तर दिशा जानेहरू डुक्पावंशी नाउँ राखी भुटान देशमा गएर बसे । दक्षिण दिशा जानेहरू गारो, खासी, जयन्तिया पहाडमा गएर बसे । गारो पहाडबाट फैलिएर जानेहरू हाइजोंगवंश नाउँ गरी मैमनसिंह प्रदेशमा बस्न गए ।

फेरि आसामका नौ गाउँबाट फैलिएर जानेहरू कछारीवंश नाउँ राखेर सिलहट, त्रिपुरा, मनिपुर, कुमिल्ला र दक्षिण समुद्रका छेउको नोवाखोली प्रदेश, चटगाउँ प्रदेश तथा आराकान प्रदेशसम्म बस्तै गए ।

■

# लाप्चा पुरोहित

भगवानको काम सृष्टिमा मात्रै सीमित हुन सकेन । उनले सृष्टि गर्नुका साथै आफ्नो सृष्टिको सुरक्षाका लागि अरू-अरू काम गर्नुपर्ने भयो । यस सम्बन्धमा एउटा रुचिकर कथा पाइन्छ ।

सुरुमा आकाश, पृथ्वी, समुद्र, सूर्य, चन्द्रमा, तारा, ग्रह, पशुपक्षी, कीटपतङ्ग, मानिसहरूको सृजना गरिसकेपछि भगवान्ले मानिस र आफ्ना बीचमा दोभाषे काम गर्ने एकजना बुङ्थिङ् (लाप्चा पुरोहित) राख्ने मनसाय गरे र उनले गोपे बाँसलाई बुङ्थिङ्को काम गर्नु भनी पृथ्वीमा पठाए । तर ऊ पृथ्वीमा आई बुङ्थिङ्को काम नगरी एउटा अग्लो पहाडमा गएर चुपचाप बस्यो । त्यसपछि भगवान्ले साङ्ले किरोलाई बुङ्थिङ्को काम गर्नु भनी पृथ्वीमा पठाए । उसले पनि त्यो काम गर्न सकेन । भगवान्ले त्यो काम फेरि फटेंग्रोलाई सुम्पे तर उसले पनि त्यो काम गर्न सकेन ।

अन्त्यमा भगवान्ले स्वयं आफ्नो कान्छो छोरोलाई पृथ्वीमा गएर पहाड-पर्वत, नदी-समुद्र, जङ्गल इत्यादिको हेरचाह गर्नु भनी आदेश दिएर पृथ्वीमा पठाए । साथै पृथ्वीलोकका मानव जातिलाई भूत-प्रेतका पञ्जाबाट बचाउनु भन्ने आदेश पनि दिए । बुङ्थिङ्ले मानव जातिलाई भूत-प्रेतका पञ्जाबाट बचाउनका लागि कस्तोकस्तो औषधि लानुपर्दछ भनी भगवान्सँग सोध्यो । भगवान्ले बुङ्थिङ्लाई अदुवा, फच्याङ्, लसुन तथा घुङ्रिङ् दिएर पठाए ।

पृथ्वीमा आएर बुङ्थिङ्ले पनि अदुवा, फच्याङ्, लसुन र घुङ्रिङ्को औषधि बनायो । उसले पृथ्वीमा आएर हेर्दा भूतहरू पृथ्वीभरि फैलिएर बसेको देख्यो । ओडारभरि, रूखका फेदफेदमा, खोल्सा, नदी, डाँडा जहाँतहीं भूतैभूत बसेको देख्यो । उसले सबै भूतहरूलाई भेला पारेर भन्यो – “ भगवान्ले मलाई पृथ्वीभरका पहाड-पर्वत, डाँडा, खोल्सा सबैको हेरचाह गर्नु भनी पठाएका हुन् । तर तिमीहरू मभन्दा अघि आई यहाँका डाँडा, खोल्सा, रूख, ओडार, खोला-नाला सबै ठाउँ ओगटेर बसिसकेकाले अब म यस लोकमा बस्दिनँ । फेरि भगवानकहाँ गई यो खबर सुनाउँछु ।”

बुङ्थिङ्का यस्ता कुरा सुनी भूतहरू डराए । उनीहरू सबैले बुङ्थिङ्को हात समाती बिन्ती गरे – “ भगवानकहाँ नजानुहोस् । बरु हामी सल्लाह मिलाएरै पृथ्वीमा बसौं । हाम्रो कुरा मान्यौ भने हामीहरू

पनि तिम्रो हुकुम मान्नेछौं । हामीहरूले मानिसहरूलाई दुःख दिएका, बिरामी पारेका बेला तिमीले हामीलाई केही बली चढायौ भने हामीहरू पनि बिमारी मानिसहरूलाई दुःख दिनेछैनौं, छाडिदिनेछौं अनि मानिसहरू रोगबाट मुक्त हुनेछन् ।"

भूतहरूका यस्ता कुरा सुनी बुङ्थिङ्ले भन्यो – " तिमीहरू यो कुराबमोजिम सपथ खान्छौ भने म पनि यो कुरा मान्नेछु ।"

भूतहरूले साँचो-साँचो सपथ खान्छौं भनी बुङ्थिङ्लाई विश्वास दिए ।

" त्यसो भए यस पहाडमा थुक" – एउटा पहाड देखाउँदै बुङ्थिङ्ले हुकुम दियो ।

भूतहरूले त्यो पहाडमा थुकिदिए । तत्काल त्यस पहाडमा पहिरो गयो । फेरि नदीमा थुक्न हुकुम दियो । भूतहरूले नदीमा थुके । नदी सुकेर गयो । फेरि रूखमा थुक्नु भनी हुकुम दिंदा तिनीहरूले रूखमा थुके । रूख पनि सुकेर गयो ।

तब बुङ्थिङ् भूतहरूले मेरा कुरा सुन्ने साँचो रहेछन् भन्ने विश्वास मानी मानव जातिको दुःख-दर्द हटाउनलाई यस पृथ्वीमा बस्न थाल्यो । साथसाथै उसले भगवान र मानिसहरूका बीच दोभाषेको काम पनि गर्न थाल्यो । भन्छन् – हाम्रो समाजमा भूतप्रेत आदिलाई बलि चढाउने काम पनि यसै सिलसिलामा चलेको हो ।

■

# नाग-राजा

कुनै समयमा पल्लोकिरातको वृन्दावन नजिक एउटा सानो गाउँमा एउटी गरीब तर शुद्ध दिल भएकी बूढी आइमाई बस्दथी । उसलाई खानको साह्रै दुःख थियो तर ऊ आफ्ना भाग्यमा सन्तोष मानी वनका साग-सिस्नु खाएर भए पनि जीविका चलाउँदथी ।

एक दिन त्यो बूढी थुन्से बोकेर साग-सिस्नु टिप्न खोल्सा-खोल्सीतिर गई । सिस्नु टिप्दाटिप्दै उसले बोकेको थुन्से औधि गह्रौं भएर आयो । बूढी छक्क परी । सिस्नु टिप्नासाथ थुन्से यति बिघ्न गह्रौं किन भयो भनेर उसले भुइँमा बिसाएर हेरी । थुन्सेभित्र एउटा भयङ्कर कालो सर्प गुँडुल्किएर बसेको रहेछ । बूढी त्यो सर्प देख्नासाथ डरले थुन्से छाडी निक्कै परसम्म भागी तर गरीब मानिसको थुन्से पनि एउटा धनै हो । पछि त बूढीलाई आफ्नो थुन्सेको माया लागेर आयो । मनमा जत्तिकै डर भए तापनि उसले त्यो थुन्से सित्तै छाड्न सकिन । उसले एउटा लामो घोचो ल्याएर टाढैबाट त्यस थुन्सेमा हिर्काउन लागी । यसो गर्दा त्यो कालो सर्प डरले थुन्सेबाट बाहिर सुल्किएर गयो । बुढी खुशी भई । त्यसपछि बिस्तारै थुन्सेका छेउमा गएर थुन्से उभिन्डो पारी टकटक्याई र फेरि नाम्लो हाली अर्को घारीमा गएर सिस्नु टिप्न लागी ।

अघि भएको घटनाको झझल्को मान्दै फित्कौलीको चिम्टाले बुढिया बिस्तारै सिस्नु टिप्दै थिई । फेरि बिस्तारै-बिस्तारै थुन्से गह्रौं हुँदैआयो । बुढियाले शंका गरेर तुरुन्तै थुन्से बिसाएर हेर्दा त्यही कालो सर्प थुन्सेभित्र गुँडुल्किरहेको देखी । ऊ फेरी भागी । रिसले टाढैबाट थुन्सेभित्र ढुङ्गा हान्न थाली । सर्प फेरि थुन्सेबाट बाहिर निस्केर गयो । अब बुढिया थेत्तर भई । अब फेरि आएछ भने खुर्पाले ठुँगेर मार्छु भन्दै भुनभुनाउँदै ऊ थुन्से बोकेर अर्कै ठाउँमा सिस्नु टिप्न गई ।

बुढियाले आनन्दपूर्वक थुन्सेभरि सिस्नु टिपी । भारी गह्रौं थिएन । ऊ सरासर घर फर्की । घर पुग्ने बेला उसको सिस्नुको भारी फेरि साह्रै गह्रौं भएर आयो बुढियाले सम्झी, सर्प बसेको जङ्गल काटिहालें, सर्प त हैन होला । सायद सिस्नु ज्यादै टिपेछु कि – भन्दै सकी-नसकी भारी नबिसाई ऊ हिंड्न लागी तर थुन्सेको भारी साह्रै नै गह्रौं भएको हुनाले भारी नबिसाई सुख पाइन । जसोतसो थुन्से बिसाई त्यसभित्र सिस्नु पल्टाएर हेर्दा त उही कालो सर्प पो मजाले गुँडुल्किएर बसिरहेको रहेछ । बुढियाले रिसले अब नमारी छाड्दिनँ भनी थुत्त खुर्पा झिकेर सर्पउपर

प्रहार गर्न आँटी । त्यस बेला तत्कालै त्यो सर्प बोल्यो । उसले भन्यो – “ मलाई नमार्नुहोस् बज्यै, बरु मलाई आफ्नो घरमा लगेर पाल्नुहोस् । पछि तपाईलाई सुबिस्ता हुनेछ ।”

सर्पले त्यसरी बोलेको सुनी बुढिया छक्क परी । उसको मनमा एक किसिमको दया र माया पनि उत्पन्न भयो । अब बुढिया त्यससँग बिलकुलै नडराउने भई । उसले त्यो सर्प बोकेर लगी र उसो याक्सामा भएको एउटा ओखलमा हाली पालिराखी ।

बेलुकीपख बुढिया सिस्नु पकाउन अगेनामा गई तर त्यहाँ त स्वतः अगेनामा आगो दन्किरहेको र ओदानमाथि एउटा भाडामा भ्यातल पाकिरहेको देखियो । बुढिया छक्क परी । जस्तै छक्क परे तापनि भोकले बुढियालाई साह्रै सताएको हुनाले उसले त्यो पाकिरहेको भ्यातल दाबिलाले चलाई, सुकाई, पस्की र सपासप खाई । त्यस रात बुढीया बडो आनन्दसाथ निदाई ।

भोलिपल्ट बुढिया उठी, आगो फुक्न अगेनामा गई तर पहिलेजस्तै अगेनामा आगो बलिरहेको र एउटा भाँडोमा खोले उम्लदै रहेको बुढियाले देखी । बुढिया फेरि छक्क परी । उसले यो सर्पकै खेल हो भनी सर्प हेर्न ओखल भएका ठाउँमा गई सर्प ओखलमा सुतिरहेको भेटी । जसो भए पनि पाकेको खोले नखाई के गर्ने भनी बुढिया अगेनाकै छेउमा ढचास्स बसी । खोलेको भाँडो ओ~हाली, खोले पस्की, पेटभरि खाई । यस्तो तरिकाले सर्प पालेको दिनदेखि त्यस बुढियाले खाने-पिउने कुरामा कुनै किसिमको चिन्ता गर्नुपरेन । सर्पकै कारवाहीले यो बन्दोबस्त हुँदैछ भनी विश्वास मानी बुढिया ढुक्क परेर याक्सामा बस्न लागी ।

एक दिन बुढिया सर्प गुँडुलिएको ओखलकै छेउमा बसी घाम ताप्तै थिई । त्यस बेला फेरि सर्प बोल्यो । उसले भन्यो – “ बज्यै ! तिमीलाई साथी चाहिएको छ । म उत्तर दिशा गई वहाँका राजाकी छोरी बिहे गरी ल्याउँदछु । एकदुई दिन एक्लै बसे है ।”

बुढियाले भनी – “ धत् ! सर्पलाई पनि कसैले छोरी दिन्छ ? जानु पर्दैन ।”

“ हैन बज्यै, राजाले मलाई पत्याई छोरी दिन्छन् । म साँच्चै नै राजकुमारी बिहे गरेर ल्याई तिम्रो साथी बनाइदिन्छु” – सर्पले भन्यो ।

बुढिया मनमनै सोच्न लागी – ‘सर्प गएपछि म फेरि दुःख पाउँछु ।’ ऊ रुन लागी ।

यो देखेर सर्पले भन्यो – " किन रुन्छचौ बज्यै ? तिमीलाई कुनै कुराको पिर पर्नेछैन । म पनि चाँडै फर्केर आँउनेछु तर म उत्तर दिशापट्टि जाँदा त्यो माथिल्लो डाँडो नकाटुन्ज्याल मलाई नहेर्नु । आँखा चिम्लेर घोप्टिएर बस्नु । मैले त्यो डाँडो काटिसकेपछि हेर्नु ।"

उसका यस्ता कुरा सुनेर बुढियाले विश्वास मानी घोप्टो परी आँखा चिम्लेर त्यसै गरी सुती ।

सर्प ओखलबाट निस्केर उत्तर दिशातर्फ सुल्कन थाल्यो । पहाडको उकालो बाटोमा सर्पलाई उँभो चड्न साह्रै गाह्रो भयो । बल्लतल्ल डाँडाको टुप्पोसम्म मात्र के पुगेको थियो, बुढियाले घोप्टिंदा घोप्टिंदा दिक्क मानेर अब ता डाँडा काटचो होला भनी आँखा उघारी उत्तर दिशापट्टि को पहाड हेर्दा सर्पलाई देखिहाली । एक्कासि सर्प प्लित्त चिप्लेर फेरि बुढिया भएकै ठाउँमा आइपुग्यो । सर्पले साह्रै मन दुखाएर बुढियालाई भन्यो – " बज्यै ! मलाई किन यसरी दुःख दिएको ? ज्यादै मुस्किलले डाँडासम्म पुगेको थिएँ, फेरि लुटपुटिएर फर्कनु प-यो । तिम्रो मायाले म चाँडै नै आउनेछु । तिमी अहिलेभन्दा धेरै सुखसँग बस्न पाउनेछचौ । अब त बिलकुलै नहेर्नु है ! यति भनेर सर्प फेरि उँभो सुल्कन लाग्यो । बुढिया घोप्टो परिरही ।

सर्प डाँडा काटेर उत्तर मुलुकका राजाका दरबारमा पुग्यो । त्यस दिन ऊ दरबारको आगनको छेउमा भएको एउटा ठूलो ओखलमा गएर गुँडुलिएर बस्यो । भोलिपल्ट बिहानै उठेर ऊ " ए राजा ! ए राजा ! " भनी जोडसित करायो । ती राजाका जम्मा पाँचजना राजकुमारी थिए । ती सबैले छकक परी " को हो, को हो" भनी दरबारको कौसीमा निस्की चारैपट्टि हेर्ने मन गरे तर राजाले जेठी राजकुमारीलाई मात्र कौसीमा निस्केर " कराउने को रहेछ हेर" भन्ने आदेश दिए । जेठी राजकुमारीले तुरुन्तै कौसीमा निस्की यताउति हेरी तर कोही पनि देखिएन ।

अर्को बिहान फेरि त्यस्तै आवाज आयो । राजाले माहिली राजकुमारीलाई हेर्ने आदेश दिए । उसले पनि कौसीमा निस्केर चारैपट्टि हेरी तर कोही पनि देखिएन । यस्ता रीतले साहिंली र काहिंली राजकुमारीहरूको पालो पनि गयो । अन्त्यमा कान्छी राजकुमारीका पालामा दरबारको कौसीमा निस्केर राम्ररी पाखातिर हेर्दा आगनको छेउको ठूलो ओखलभित्र एउटा कालो सर्प गुँडुलिरहेको उसले देखी र राजालाई यो खबर सुनाई ।

राजा पनि " कस्तो मानिसजस्तो बोल्ने सर्प हो" भन्ने आश्चर्य मानेर त्यसलाई हेर्न भनी कौसीमा निस्के । दरबारको कौसीमा खडा भएको राजालाई देखी त्यस सर्पले राजासँग उनकी राजकुमारीहरूमध्ये एउटीलाई उसकी पत्नी तुल्याउनलाई माग्यो । सर्प बोलेको सुनी राजा छक्क परे तर छोरी मागेको कुरापट्टि उनले केही ध्यान दिएनन् । सर्पले फेरि राजालाई भन्यो – " मलाई छोरी दिएनौ भने म रुनेछु ।"

राजाले हाँसेर भने – " तँ सर्प रो अथवा मर्, कसैलाई केही खसखस छैन ।"

सर्प पहिले सानो स्वरले रोयो । त्यसले गर्दा सिमसिमे झरी पर्न लाग्यो । एक छिनपछि ऊ डाँको छोडेर रुन लाग्यो । त्यसले मुसलधार पानी परेर ठूलो भल बग्यो । खोलामा बाढी आयो । गाउँगाउँमा ठूलाठूला पैरो गएर त्यस देशका गाउँलेहरूको ठूलो क्षति हुनलाग्यो । राजाले आत्तिएर सर्पलाई भने " नरो, नरो, म आफ्नी एउटी राजकुमारी तँलाई दिने भएँ" ।

राजाका यसता कुरा सुनेर सर्प रुन छोडचो । वर्षा पनि थामियो । घाम लाग्न थाल्यो तर पछि त राजाले सर्पको वास्तै राखेनन् ।

राजाले आफूलाई यसरी धोखा दिएको बुझेर त्यो सर्प हाँस्न लाग्यो । त्यसले गर्दा गाउँमा खडेरी पर्न लाग्यो । देश तुवाँलोले छोपियो । घामको किरण बेसी चर्केकाले वनजङ्गलमा जहाँतहीं डढेलो सल्कियो । जङ्गल डढेको धुवाँले गाउँ अर्को गाउँ देखिन छोडचो । खोल्सा-खोल्सीहरूको पानी सब सुकेर गयो । मानिसहरूका बीचमा हाहाकार मच्चियो । सर्पको यस्तो कारवाही देखेर राजा फेरि डराए । उनले दरबारका कौसीमा निस्केर सर्पलाई राजकुमारी दिने प्रबन्ध मिलाई उसको हाँसो बन्द गरे ।

राजाले जेठी राजकुमारीलाई सर्पसँग जानु भनी आदेश दिए तर ऊ मानिन । माहिली राजकुमारीलाई सर्पकी पत्नी हुन जानू भनी राजाले आदेश दिए तर ऊ पनि मानिनँ । यस्तै प्रकार साहिंली र काहिंली राजकुमारहिरूले पनि सर्पकी पत्नी हुन मानेनन् । अन्त्यमा कान्छी राजकुमारीलाई जानू भनी आदेश दिंदा उसले " मेरो भाग्यमा जे हुन्छ, हुन्छ, म जान्छु" भनी ऊ सर्पकी पत्नी हुन तत्पर भई । आफ्नी कान्छी राजकुमारीको यस्तो मनसाय बुझी राजालाई दुःख लाग्यो । उनले कान्छी राजकुमारीका हातमा एउटा फलामको डल्लो र एउटा फलामकै भाला दिएर भने " सर्पसँग जानु ठीक हुँदैन । अहिलेचाहिँ जान्छु भनी सर्पको

पछिपछि हिंड्नु । एकान्तमा पुगेपछि पहिले यस फलामका डल्लोले सर्पको टाउको कुच्चिने गरी जोडले हान्नु । त्यो सर्प मरेपछि आफू सरासर आफ्ना दरबारमा फर्कनु, कथंकदाचित् हानेको लागेन भने अर्को एकान्त पारी यस भालाले सर्पको टाउको छेड्ने गरी हान्नु र ऊ मरेपछि दरबार फर्केर आउनू ।"

आफ्ना पिताको अर्ती मानी कान्छी राजकुमारी सर्पका नजिक गई । कान्छी राजकुमारी आफ्ना छेउमा उभिएको देखी सर्प पनि ओखलबाट बाहिर सुल्किएर निस्क्यो र अघिअघि सुल्कन थाल्यो । पछिपछि कान्छी राजकुमारी हिंड्न लागी । एकान्तमा पुगेपछि कान्छी राजकुमारीले सर्पको टाउको ताकेर खुब जोडले फलामका डल्लाले हानी तर सर्पलाई केही भएन । उसले भन्यो - " राजकुमारी किन धागोको गोली फ्याँकेको ?" यति भनेर उसले त्यो डल्लो टिपेर कान्छी राजकुमारीकै हातमा फिर्ता दियो । कान्छी राजकुमारी सर्पको त्यस्तो शक्ति देखेर डराई । फेरि सर्प मार्ने मन गर्न सकिन तर आफ्ना पिताले भनेझैं सर्पकी पत्नी हुने कुरो उसले असाध्य नै हो भन्ठानी । फेरि अर्को एकान्त स्थानमा पुगेपछि उसले सर्पको टाउको छेडी मार्छु भन्ने हेतुले जोडसित भालाले हानी तर सर्पले भाला समातेर, " राजकुमारी, तिमीले आफ्नो केशको पिन किन यसरी फ्याँकेकी ?" भनी कान्छी राजकुमारीकै हातमा फिर्ता दियो ।

अब कान्छी राजकुमारी साँच्चै डराई । ऊ चुपचाप सरासर सर्पका पछिपछि हिंडी । जाँदा-जाँदा दुवैजना बूढी बज्यै बसेको घरमा पुगे । बूढी बज्यै पनि साँच्चै राजकुमारी साथी पाएँ भनी हर्षले गद्‌गद् भई । 'राजकुमारी, बज्यैसँग बस्नु है' भनेर सर्प आफ्नो पुरानो थलोमा गुँडलिन गयो ।

त्यो सानो याक्सामा बज्यै र कान्छी राजकुमारी बस्न लागे । भोलिपल्ट सबेरै उठेर पाखातिर हेर्दा त ती बज्यै र कान्छी राजकुमारीले याक्साकै छेउमा चिटिक्क परेको एउटा नयाँ र अत्यन्त राम्रो घर खडा भइसकेको देखे । यो सर्पकै प्रबन्ध हो भनी सर्प हेर्न दुवैजना ओखल भएका ठाउँमा जाँदा सर्पले " आजदेखि तिमी दुवैजना यो नयाँ घरमा बस्नू" भन्यो । दुवैजना पुरानो याक्सा घर छोडी नयाँ घरमा सरे । भित्र ओढ्ने ओछ्याउने तथा लाउने लुगाहरू प्रशस्त थिए । छेवैमा सानु भान्साघरको प्रबन्ध पनि थियो तर त्यहाँ मानिसहरू भने कोही पनि देखिंदैनथ्यो । परन्तु भान्साघरभित्र पस्नासाथ जहिले पनि स्वादिष्ट भोजन

तयार भइरहेको पाइन्थ्यो । यी सबै कुराहरूको विचार गरी बूढी बज्यै र कान्छी राजकुमारी आपसमा खासाकखुसुक कुरा गर्दथे । यी सबै सर्पको इन्द्रजाल हुनुपर्छ भनी कुरा गर्थे तर सर्पको छेउमा भने यस्तो भन्न डराउँथे ।

एक दिन घाम लागेका बखत बूढी बज्यै र कान्छी राजकुमारी सर्प बसेको ओखलकै छेउमा बसी घाम ताप्तै कुरा गरिरहेका थिए । त्यस बेला सर्पले आएर भन्यो – " तिमी दुईजना मात्र बसिरहँदा उराठ लाग्दो होला । घुमफिर गरी मन बहलाउन यताउति जाने मन भए, यहाँदेखि चार हजार हातउँधो खोलाको गढतिरमा एउटा राम्रो टार छ । त्यस टारमा भोलिदेखि तीन दिनसम्म खेल-तमासा हुनेछ । तमासा हेर्न जानेहरूलाई खाने र बस्ने पूरा बन्दोबस्त छ । तिमी दुईजना तमासा हेर्न जाँदा यस घरका दाहिनेपट्टि बाट जानु । पहाडको बाटो राम्रो छैन । डाँडाहरू भेटिन्छन् तथापि बिस्तारै जानु । साँझमा फर्कंदा त्यसै बाटो नफर्की घरको देब्रेपट्टि बाट घर पस्ने गरेर आउनू । बाटो उकालो र बलौटै भए पनि अलिक फाँटिलो छ । बिस्तारै बिसाउँदै आउनू ।

भोलिपल्ट बूढी बज्यै र कान्छी राजकुमारी खानपिन गरी लुगाफाटो लगाएर सर्पका सल्लाहबमोजिम तमासा हेर्न घरको दाहिनेपट्टि बाट हिंडे । बाटो साह्रै ढाँड परेकाले मुस्किलले आधा दिनतिर त्यस टारमा पुगे । त्यहाँ मानिसहरूको भिड थियो । नाच्ने, गाउने र तमासा देखाउनेहरूको ठूलो हुल थियो ।

कान्छी राजकुमारी र बूढी बज्यैलाई त्यहाँका मानिसहरूले खुबै खातिर गरेर उच्च स्थानमा राखी तमासा देखाए । फिर्ने वेला सबै मानिसलाई पेटभरि खाना खुवाए । यी दुईजना पनि पेटभरि खाजा खाएर साँझमा घर फर्के । घर आइपुग्दा सर्प ओखलमै गुँडुलिरहेको देखे । सर्पले " तमासा कस्तो लाग्यो ?" भनी ती दुईजनालाई सोध्यो । दुवैले भने – " खुब मजाको लाग्यो । खाजा पनि खायौं । हामी दुईको औधि खातिर गरे ।"

सर्पले भन्यो – " भोलि र पर्सि पनि त्यस्तै तमासा हुन्छ । तिमीहरू जानू ।"

सर्पको सल्लाहबमोजिम ती दुवैजना दिनहुँ वहाँ गएर तमासा हेर्न थाले ।

एक रात सुत्ने बेला बूढी बज्यै र कान्छी राजकुमारीले सर्पको यस्तो लीलामा अचम्म मानेर अब सर्पको तान्त्रिक ज्ञानको पत्ता लगाई

छाड्नुपर्छ भनी मतो गरे । बज्यैले भनी – " भोलि बिहान सखारै उठी दुवैजना सर्पका नजिक गएर यस्तो भनौं – " हामी दुईजना एक्कै ठाउँमा मात्र बसिरहँदा दिक्क हुन लाग्यौं । दश-पन्द्र दिनसम्म दक्षिण, भारत देश डुल्न जान्छौं । तिमीले घर रुँगिदिनू ।" यसो भन्दा सर्पले पनि जानु भन्ने सल्लाह दिएछ भने जाने निहुँले तिमी एक कुनामा लुक्नु, म अर्को कुनामा लुक्छु । लुकेर हेर्दा, कथंकदाचित यो सर्प मानिसको रूप लिई हिंडेको देखियो भने म काठ बजाइदिन्छु, तिमी दगुरेर आई उसलाई च्याप्प समात्नू । छाड्दै नछाड्नू । म तुरुन्तै उसको सर्पको छाला खोजी आगोमा डढाइदिन्छु ।

यस्तो सल्लाह गरी दुवै सुतेर बिहान हुनासाथ उठे । नुहाइ-धुवाइ, खानपिन गरी लत्ता-कपडा लगाई तयार भई दुवै बज्यै र कान्छी राजकुमारीले सर्पका नजिक गएर यसो भने – " एक्कै ठाउँमा मात्र बसिरहँदा स्वास्थ ठीक भएन, दिक्क लाग्यो, दस-पन्द्र दिनलाई दक्षिण, भारत देश घुम्न जाने हामी दुईको इच्छा भयो । तसर्थ तिमीले घर रुँगिदिनू ।"

सर्पले पनि " हुन्छ जाऊ" भनी जबाब दियो । दुवैजना दक्षिण दिशा जाने निहुँ गरी घरको एक कुनामा लुकेर बसे ।

बेलुकीपख, घाम डाँडामा पस्नु अलिक अघि अब घरमा कोही पनि छैन भनी त्यो सर्प घरमा पसेर आफ्नो सर्पको सुन्दर छाला जिउबाट उतारी एक अत्यन्त सुन्दर राजकुमार भई आँगनमा निस्केर यताउति हिंड्न लागेको ती दुवैजनाले देखे । बज्यैले एक कुनाबाट काठ बजाइदिई । कान्छी राजकुमारीले पछिबाट कुदेर आई त्यस अत्यन्त सुन्दर राजकुमारको कम्मर समाती । " मलाई नसमात, मलाई छोडिदेऊ" भनेर राजकुमारले बिन्ती गरे तर कान्छी राजकुमारीले ठ्याम्मै छाडिनन् । यसै बेला बज्यैले घरभित्र पसेर सर्पको छाला बाहिर निकालेर आगोमा जलाउन लैजाँदा राजकुमार साह्रै डराए । उनले भने " बज्यै त्यो छाला नडढाइदिनोस्, म अब मानिसकै रूप भई तिमीहरूसँगै बस्तछु ।"

बज्यैले राजकुमारका कुरामा पत्यार मानी त्यो सर्पको छाला नडढाई छाडिदिई । त्यो सर्पको छाला औधि गह्रौं थियो । " कति गह्रौं छाला" भनी घरपट्टि फर्काई बज्यैले टकटक्याउँदा त्यहाँ हीरा, मोती, पन्ना, नीलम इत्यादिको डङ्गुर लाग्यो । बज्यैले छक्क परी पाखापट्टि फर्काई टकटक्याउँदा राजाका नोकर, चाकर, टहलुवा सिपाहीहरू धेरै

प्रकट भए । बज्यैले डरले थरथर काँम्दै त्यो सर्पको छाला लगेर हतारहतार राजकुमारलाई सुम्पिदिई ।

त्यस दिनदेखि त्यस घरमा ती नागराजा र कान्छी राजकुमारी दम्पती भई बहुतै प्रेमसाथ बज्यैसँग बस्न लागे । बस्दा-रहँदा कान्छी राजकुमारीका गर्भबाट एक अत्यन्तै राम्रो पुत्रको जन्म भयो । नागरानी साह्रै खुशी भइन् । उनले आफ्ना पितामातालाई चिट्ठी लेखिन् । उनले चिट्ठीमा यी कुरा पनि लेखेकी थिइन् । " अघि सर्पको रूप लिएर आउने व्यक्ति अहिले नागराजा भई सपरिवार आनन्दपूर्वक बसेका छौं । मेरा कोखबाट एक बालक पैदा भएको छ । अब स्वजातीय रीतबमोजिम दस्तुर बुझाउन ससुराली आउनेछौं ।"

उत्तर मुलुकका राजा आफ्नी कान्छी राजकुमारी नागरानी भएको खबर पाई बहुतै खुशी भए ।

अब नागराजाले हात्ती-घोडा तयार पारी खाने-पिउने सामानसहित कलापूर्ण जिनिसहरू जम्मा गर्न लागे । ससुराले पाउने रीतमा सामो कपडामाथि रेसमको रुमालमा हीरा, मोती, माणिक्य, पन्नाहरू राखे । सासूले पाउने रीतमा तास कुचिनका कपडामाथि सुनचाँदीका साँप्लाहरू राखे । जेठी राजकुमारीले पाउने रीतमा रेसमी कपडामाथि गट्टेको डोरी बाटेर फूल बनाई सुनपानीको जडी राखे । माहिली राजकुमारीले पाउने रीतमा रेसमी कपडामाथि परालको जाँते फूल बनाएर सुनचाँदीको पानीको जलप चढाई राखे । साहिंली राजकुमारीले पाउने रीतमा रेसमी कपडामाथि घोडाखरीको गुदीको फूल बनाई सुनचाँदीको पानीको जलप चढाई राखे । काहिंली राजकुमारीले पाउने रीतमा रेसमी कपडामाथि फापरको पिठोको छुरीको चक्र बनाई सुनचाँदीको पानीको जलप चढाई राखे । बिहेको सोतरीतका जिनिसहरू र अरू सौगातहरू सबै तयार भइसकेपछि नागराजा, नागरानी र बालक हात्ती-घोडामा सवार भई लावालस्करका साथ ससुराली हिंडे । बज्यै घरमा बसी ।

ससुराली पुगेपछि दस्तुरमुताबिक नागराजाले ससुराका सामुन्ने सामो कपडामाथि रेसमको रुमालमा हीरा, मोती, पन्नाहरू राखी ससुरालाई ढोग दिए । सासूका सामुन्ने तास कुचिनका कपडामाथि सुनचाँदीका साँप्लाहरू राखी सासूलाई ढोग दिए । जेठी राजकुमारीका अघि रेसमी कपडामाथि गट्टेको फूलमा सुनचाँदीले मोहोरेको जिनिस राखी नमस्ते गरे । माहिली राजकुमारीका अघि रेसमी कपडामाथि

परालको जाँते-फूल बनाई सुनचाँदीले मोहोरेको जिनिस राखी नमस्ते गरे । साहिंली राजकुमारीका अघि रेसमी कपडामाथि घोडाखरीको फूल बनाई सुनचाँदीले मोहोरेका जिनिस राखी नमस्ते गरे । काहिंली राजकुमारीका अघि रेसमी कपडामाथि फापरको पिठोको फूल बनाई सुनचाँदीले मोहोरेका जिनिस राखी नमस्ते गरे । सबैका जुवाइँ नागराजासँग परिचय भइसकेपछि उत्तरका राजाले आफ्नी कान्छी छोरी-जुवाइँका नाउँमा एक विवाह-भोज दिए ।

जेठी राजकुमारीको स्वभाव अलि नकच्चरो किसिमको थियो । ऊ आफ्नी कान्छी बहिनीको ऐश्वर्यमा डाहा गर्न लागी । पिताले सर्वप्रथम मलाई नै यस सर्पसँग जानु भनी आदेश दिनुभएको थियो । म गएकी भए, अहिले नागरानी हुनेथिएँ भनी ऊ पश्चात्ताप गर्न लागी । उसले मनमनै कान्छी बहिनी नागरानीको हत्या गरेर उसका बदला आफू नागरानी हुने षड्यन्त्र रच्न थाली ।

उसले आफ्नी कान्छी बहिनीका नजिक गएर कुरा सिकाउन थाली । उसले नागरानीलाई भनी " पितासित गई यसो भन्नु – म अलिक दिन माइत बस्छु । जुवाइँ नागराजा झट्टै फिर्नुभए पनि म पछिबाट जेठी राजकुमारीसँग घर फर्कनेछु ।"

नागरानीले पनि आफ्नी दिदीले सिकाएबमोजिमको कुरा आफ्ना पितालाई भनेर अलिक दिन माइत बस्ने कुराको अनुरोध गरिन् । पिताले पनि आफ्नी छोरीको यस्तो विचार थाहा पाई जुवाइँ नागराजालाई " कान्छी छोरी अलिक दिन माइत बसोस्, जेठी राजकुमारीसँग घर पठाउनेछु" भने ।

नागराजालाई अग्रज्ञानद्वारा उनी रानीलाई निश्चय पनि जेठी राजकुमारीले बध गर्ने षड्यन्त्र रचेको हो भनी थाह भइहाल्यो तथापि आफ्ना ससुराले भनिहाले भनेर उनका कुरा अस्वीकार गर्न सकेनन् । उनी भोलिपल्टै लगत्तै घर फिरिहाले । घर पुगी आफ्नी प्यारी पत्नीको अकालमृत्यु हुने रहेछ भनी शोकले व्याकुल भएर चुपचाप आफ्ना गुप्त कोठामा गई ढोका लगाएर केही नखाई-नपिई विलाप गरी बसे ।

बूढी बज्यैले रानी र बालक किन नआएको भनी प्रश्न गर्दा पनि नागराजा केही जबाब नदिई शोक गर्दै बिछ्यउनामा पल्टिरहे ।

उता जेठी राजकुमारीले नागरानीका कपडा, आभूषण आदि लगाई " म पनि रानीजत्तिकै देखिएँ कि" भनी सोधिन् । नागरानीले पनि " हो, उस्तै देखिनु भयो" भनी जबाब दिइन् । फेरि सानु बालक हातमा

लिएर " कसो म पनि नानीकै आमाजस्ती देखिएँ कि" भनी सोधिन् । नागरानीले पनि " हो, उस्तै देखिनुभयो" भनी जबाब दिइन् । " नानी भोकाउँदा रुन लाग्यो भने के चिज दिने गरेकी छ्यौ" भनेर सोध्दा नागरानीले " लेउ दिनुपर्छ" भनेर ढाँटिदिइन् । " नानीले फोहर गऱ्यो भने कसरी सफा गर्ने गरेकी छ्यौ" भन्दा " राजहट्टी-संहारक कुत्ता आ– भनी कुकुर डाक्नुपर्छ" भनेर नागरानीले झुटो कुरा सिकाइदिइन् । नागरानीको पूरा भेद चाल पाइसकेपछि र उनको उठबस सबै कुराको अनुकरण गरिसकेपछि जेठी राजकुमारीले नागरानीलाई अब घर फर्कने अनुमति पितासँग माग भनी सिकाई । नागरानीले पनि आफ्नो पितासँग घर फर्कने अनुमति मागिन् ।

राजाले पनि आफ्नी कान्छी छोरी नागरानीलाई बालकका साथमा जेठी राजकुमारीका साथ घर पठाइदिए । लावालस्कर ठूलै थियो तापनि जेठी राजकुमारीले लावालस्कर अघि पठाइदिई । उसले नागरानीलाई छोटो बाटो जानुपर्छ भनी मूल बाटो छोडी सुखा खहरेको गोरेटैगोरेटो हिंडाउन लागी । सुखा खहरेमा पानी पाउन दुर्लभ थियो । नागरानी घाँटी सुकेर " पानी ! पानी ! " भन्दै बहुतै दुःखसँग हिंड्न लागिन् । " यस्तो सुक्खा बगरमा कहाँबाट पानी ल्याइदिनु" भन्दै जेठी राजकुमारी रिसले अघिअघि हिंड्थी । बाटोमा खान भनी बोकेको खाजा पनि जेठी राजकुमारीले धेरैजसो आफैले खाई नागरानीलाई कम्ती दिन्थी । बगरमा हिंड्दा-हिंड्दा नागरानीका पैतालामा ठेला उठी उनी लँगडीजस्तै भइन् । खोच्याङ खोच्याङ गर्दै बिचरी सहिनसक्नुको पिर सँहदै जेठी राजकुमारी जताजता जान्थी, उतैउतै पछ्याउँथिन् । जेठी राजकुमारी छोरी काखी च्यापी अघिअघि हिंड्थी । बाटोमा एउटा काँक्राको झाङ्ग भेटियो । नागरानीले खोज्दा एउटा चिचिलो भेटियो । यसले पनि केही तिर्खा मर्ला भनी खानलाई मुखमात्र बाएकी थिइन्, जेठी राजकुमारीले तुरुन्तै हात लप्काएर उनका हातबाट चिचिलो खोसी छोरोलाई पो दिनुपर्छ भनेर लिइन् ।

नागरानी साह्रै लाचार भइसकेकी थिइन्, खोल्च्याङ् खोल्च्याङ् गर्दै जाँदा एउटा ठूलो र गहिरो दहका छेउमा उनीहरू आइपुगे । तिर्खाले नागरानीको प्राण जान लागेको थियो । पोखरीको पानी देख्नासाथ नागरानी कतै केही नहेरी दहका नजिक पुगी घोप्टो परेर पानी पिउन लागिन् । त्यसै मौकामा पापिनी जेठी राजकुमारीले आफ्नी कान्छी बहिनी

नागरानीलाई पछिल्तिरबाट आएर त्यसै दहमा डुबाई मारी । आफू बालक पिठचुँमा बोकेर सरासर नागराजको घरमा पुगी ।

बूढी बज्यैले नागरानी नै सम्भी घरबाट बाहिर निस्केर रानी र बालकको स्वागत गरी । ऊ बनावटी रानी हो भनेर बज्यैले चिन्नै सकिन । ऊ तुरुन्तै नागराजाको गुप्त कोठामा गई । ढोका ढक्ढक्याएर उसले नागरानी र बालक घर आइपुगेको खबर गरी तर नागराजाले त्यस कुराको केही वास्ता राखेनन् ।

बालक भोकले रुन लाग्दा जेठी राजकुमारीले लेउ खुवाएको बूढी बज्यैले पनि केही शंका मानी । फेरि छोरोले फोहर गर्दा " राजहड्डी-संहारक कुत्ता आ" भनी कुकुरलाई डाकेको सुनी बूढी बज्यैले यी त नागरानी होइनन् भन्ने थाहा पाई तर ऊ केही गर्न सक्तिन थिई । तसर्थ ऊ चुपचाप नजानेजस्तो गरी बसिरही ।

नागराजाले पनि यी सबै कुरा थाहा पाए । उनले यो स्वास्नीमानिसले नागरानीलाई बाटैमा मारी आफू उसैको रूप लिई आएकी हो भन्ने कुरा बुभिसकेका थिए ।

उनी तुरुन्तै उठी ढाल-तरवार, काँड-धनुले सुसज्जित भएर आफ्नी प्यारी रानीको लाश भेट्टाउन हिंडे । जाँदाजाँदा बाटाकै नजिक एउटा ठूलो दह भेटियो । दहका छेउमा उनकी प्यारी रानीको लाश ढाडिएर पानीमाथि उत्रेको देखियो । नागराजा लाश पाखामा निकालेर जलाई, खाक पारी घर फर्के ।

भोलिपल्ट नागराजा बिहानै उठी आफ्नी प्यारी रानीको अकाल मृत्यु भएको सम्भदै बिछ्याउनामा पल्टिरहेका थिए । बिछ्याउनाको शिरपट्टिको भ्याल खुला थियो । सूर्योदय हुनलाई पूर्व दिशामा रङ्ग-विरङ्गका प्रभाहरू निक्लिरहेका थिए । त्यसै बखत एउटी सानी धोबिनी चरी हुर्र उडेर आई त्यस भ्यालमा थपक्क बसी वियोगपूर्ण स्वरमा गीत गाउन थाली –

आछ्यु छ्यु ए, आछ्यु छ्यु ए, ए ए ए,
पप्पा ए, मम्मा ए, ए ए ए,
आसा ए, आबु ए, ए ए ए,
आक्के के ए केवाबे ए, ए, ए ।

अर्थात् " ए मेरो छोरो ! तिमी हामी आमा-बाबुदेखि अलग्ग भयौं । तिमीलाई यस बेला जाडो लागेको छ कि ? ए मेरा हृदयको टुक्रा छोरा, तिमी यस वेला कस्तो छौ ?"

त्यस सानी धोबिनी चरीको गीतको अर्थ नागराजाले बुझे । मेरी प्यारी रानीले त धोबिनी चरीको औतार पो लिइछन् भन्ने विश्वास गरी उनी त्यो धोबिनी चरीलाई समात्नु पऱ्यो भनी बिस्तारै चाल मारेर उठ्दा नउठ्दै चरी हुर्र उडेर गई ।

अर्को दिन सबेरै उठी उनी झ्याल खोली धोबिनी चरी आउली कि भनी बाटो हेर्न लागे तर उनलाई झ्यालमा उभिइरहेको देखी धोबिनी चरी डरले आउँदिन भनी नागराजा फेरि ओढ्ने ओढी निदाएकोजस्तो गरेर धोबिनी चरीलाई पर्खी बसिरहे । एकै छिनमा त्यो चरी झ्यालमा आएर बसी । ऊ फेरि त्यही वियोग गीत गाउन थाली । नागराजाले आफ्नी प्राणजस्ती प्यारी रानीको प्रेम स्मरण गरेर आँसु खसाले । उनले फेरि आफ्नो मन दरो बनाई मानिसको जीवन यस्तै हुँदो रहेछ भनी आफैले आफ्नो दिल शान्त गराई आँसु पुछे, । फेरि धोबिनी चरीलाई समात्न हात लम्काउँदा चरी उडेर गई ।

पर्सिपल्ट नागराजा सखारै उठी झ्याल खोली धोबिनी चरी बस्ने ठाउँमा लिसो लगाएर आफू फेरि ओढ्ने ओढी चरीको बाटो हेर्न लागे । एकै क्षणमा धोबिनी चरीले आई लिसोमाथि बसेर वियोग गीत गाउन थाली । नागराजा चाल मारेर उठी झ्यालमा पुगे । धोबिनी चरीले उड्ने कोसिस गरी तर लिसोमा टाँसिएपछि उसको के लाग्थ्यो र ? नागराजाले बडो होसियारीसँग त्यस चरीलाई लिसोबाट निकालेर म्वाइँ खाई एउटा चिटिक्क परेको पिंजडाभित्र बहुतै प्रेमसाथ पालिराखे । उनी आफ्नै हातले त्यस चरीलाई चारो-पानी दिन्थे ।

प्रत्येक प्रातःकाल त्यो चरी वियोग गीत गाउँथी । नागराजा एक प्रकारले आफ्नी प्राणजस्ती प्यारी रानी आफैसँग छिन्भन्ने विश्वास मानी सन्तोषसाथ बस्न लागे ।

एक दिन नागराजालाई सिकार खेल्ने मन भयो । उनी धेरै मानिसहरू लिई वनमा सिकार खेल्न गए । नागराजा घरमा नरहेको मौका पारी त्यस राक्षसनी जेठी राजकुमारीले पिंजडामा पालिराखेकी चरीलाई झिकी मारी र पोलेर खाइदिई ।

बेलुकीपख नागराजा सिकारबाट थाकेर आई खानपिन गरी तुरुन्तै निदाइहाले । स्वप्नमा उनलाई साह्रै ऐंठन भयो । उनलाई स्वप्नमा

एउटी राक्षसनीले औधि दुःख दिएकाले राम्रो निद्रा लागेन । उनी उज्यालो नहुँदै उठे । कुर्दाकुर्दा बल्ल रिमरिम उज्यालो भयो । उनी सधैं धोबिनी चरीको गीत सुन्न उत्सुक हुन्थे तर त्यस बिहान धोबिनी चरीले गीत गाएको नागराजाले सुनेनन् । उनी आफ्ना मनमा विस्मात मानी चरीलाई के भएछ भनी पिंजडा हेर्न जाँदा पिंजडाभित्र चरी थिइन । " पिंजडाकी चरी के भई ?" भनी नागराजाले जर्किएर कराउँदा जेठी राजकुमारीले जबाब दिई – " हिजो छोराले औधि रोडचाइँ गरेको हुनाले चरी मारी पोलेर खान दिएँ ।"

नागराजाले यस्तो कुरा सुन्नासाथ शोक र क्रोधको वेग रोक्न सकेनन् । उनले तत्कालै जेठी राजकुमारीका हातबाट छोरो थुतेर उसलाई भुइँमा पछारी मारिदिए । उनी गुप्त कोठामा पसेर ढोका लगाई सात दिन, सात रातसम्म केही नखाई, केही नपिई तान्त्रिक जप गरी बसे । अन्त्यमा उनले एउटा खाली बाकस अगाडि राखेर, मन्त्र जपी बन्द गरेर भने " यदि मेरी निर्दोषी पत्नीको प्रेम ममाथि रहेछ भने तथा शत्रुद्वारा अकालमै मर्नु परे तापनि चरीको औतार लिई मेरै प्रेममा बस्नलाई म सुतेकै झ्यालमा आई गीत गाएकी हुन् भने औ उनैका गर्भबाट जन्म भएको यो मेरै छोरो हो भने आजका सात दिनमा यस बाकसभित्र चर्खा चलेको शब्द होस् । औ बाकस खोल्दा मेरी प्रिय पत्नी तथा सुपुत्र साथै प्रकट भएको देख्न पाऊँ ।"

मन्त्र जप गरेका सात दिनपछि त्यस बाकसभित्र चर्खा चलेको घुर्घुर शब्द आयो । नागराजाले हतार-हतार बाकस खोलेर हेर्दा आफ्नी प्रिय पत्नीलाई छोरो काखमा राखी बसिरहेको देखे । उनले आमा-छोरो दुवैलाई बाकसभित्रबाट बाहिर निकाली आफ्ना कोठामा लगे ।

जेठी राजकुमारीले प्राणदण्ड पाउने अपराध गरेको भए तापनि नागराजाले उसलाई माफी दिई आफ्ना घरबाट निकालिदिए । ऊ आफ्नै माइत गई । त्यसपछि बूढी बज्यै, नागराजा, नागरानी र बालक आनन्दपूर्वक घरमा जीवन बिताउन लागे ।

■

## देवता-मानिस

अघि हिमालय-क्षेत्रमा दुई किसिमका मानिसहरू बस्तथे । सभ्य जाति आफूलाई 'देवता' भन्दथे र सभ्य भइनसकेकाहरूलाई 'मानिस' भन्दथे । यसै मानिस-जातिमा जो बदमास थिए, तिनीहरूलाई देवता-मानिसहरू 'राक्षस' भन्दथे । देवता-मानिसहरू अरू साधारण मानिसहरूसँग नाता-कुटुम्ब जोड्दैनथे । कारण देवता-मानिसले उनीहरूलाई ज्ञानरहित मानिसमा गन्ती गरेका थिए तर जतिकै सभ्य भए तापनि ती देवता-मानिसहरूका नाच-गान, चाल-व्यवहार साधारण मानिसकै सरह थियो । विशेष गरी उनीहरूमा सिकार खेल्ने र तन्नेरी-तरुनीहरू जङ्गलमा, पानी-पँधेरोमा अथवा कुवा-नदीका नजिक भेट भएमा रत्यौली र कविता भनी, गीत-गान गरी, नाची, जुहारी खेली, माया-प्रेम बसाई दुवैथरिको हृदय मिलेपछि आफ्नो राजीखुसीले विवाह गर्ने चलन एकै थियो तर तान्त्रिक ज्ञानमा देवता-मानिसहरू ज्यादै उन्नत भएकाले साधारण मानिसहरू उनीहरूसँग औधि डराउँथे । युद्ध गर्नुपर्दा देवता-मानिसहरू हातमा ढाल-तरवार लिएर उडी-उडी काँड हानेर दुश्मनहरूले देख्तामा हजारौं काँडको वर्षा भएको देखाउन सक्तथे । यसो हुँदा दुश्मनहरू डरले भाग्दथे । कुनै दिन साथी-संगातीहरू जङ्गलमा भेट भएभने साधारण मानिसहरूलाई उनीहरूका बठयाइँका खेल देखाउँथे । पहिले मानिसहरूलाई तरुल खन्न लाउँथे । ढिलो गरेको खण्डमा देवता-मानिसहरू मन्त्रद्वारा तुरुन्तै तरुल निकाली आफूहरू पनि खान्थे, मानिसहरूलाई पनि दिन्थे । यी दुवै जातिका आपसी भेटघाट पनि सधैं हुँदै गर्ने भए तापनि देवता-मानिसहरू विशेष गरी हिउँ पर्ने अग्लाअग्ला पहाडमा बस्थे । हिउँले ढाकिएका पहाडमा बस्ने उनीहरूको आदतै थियो । तसर्थ साधारण मानिसहरूले देवता-मानिसहरूलाई 'हिम-मानव' पनि भन्थे । तिनीहरूका राजालाई काङछेन हाङ भन्थे ।

यस किसिमले देवता-मानिसहरू र साधारण मानिस आपसमा भेटघाट, नाच-गान भई बस्ने गर्दा एक पटक एउटा साधारण मानिसको छोरो र देवता-मानिसकी छोरीको माया-प्रेम बसेछ । ती दुईको गान्धर्व विवाह पनि भयो । देवता-मानिसकी छोरीलाई साधारण-मानिसको छोराले नाच-गानमा मोहित पारी पत्नी बनाएको खबर देवता-मानिसकी छोरीका माइतीमा पुग्यो । यो कुरा सुन्नासाथ धेरै देवता-मानिसहरू औलिया गाउँमा आए र केटी-केटाको पत्ता लगाई उनीहरूको दस्तूरबमोजिम

छोरीको विवाह गरिदिए । यसअघि कहिल्यै पनि देवता-मानिसले अरू मानिससँग वैवाहिक सम्बन्ध जोरेका थिएनन् । यसै पालादेखि हामी देवता-मानिसले तिमी साधारण मानिसहरूसँग वैवाहिक सम्बन्ध जोर्न पाएकाले अब साधारण मानिसको पनि कल्याण हुनेछ भनी दुलहीका बाबुले भने । जुवाइँ पनि लेकाली गाउँमा आउनू, देवता-मानिसहरूको संगत गर्नू र उनीहरूजस्तै हुनू भनी उपदेश दिई उनीहरू घर फर्के ।

दुई महिनापछि त्यो मानिस पत्नीसाथ ससुरालीतिर हिँड्यो । ससुराली गाउँमा उसका लागि साह्रै जाडो थियो तापनि उनीहरूको खानपिन, दबाई-बुटीले गर्दा त्यस मानिसलाई उस्तो जाडो भएन ।

एक दिन ससुराले जुवाइँलाई औलमा कस्तो जनावरको सिकार पाइन्छ भनी सोधे । जुवाइँले भन्यो – " मृग, जरायो, चित्तल, थार, बँदेल, घोरल, झारलहरू प्रसस्त पाइन्छन् ।" ससुराले भने " हिउँको सिकार देखेका छैनौ होला । अब एक महिनापछि जुवाइँ आफ्ना गाउँमा गई सिकारी कुकुरहरू लिई आफूले सधैँ सिकार गर्ने गौंडामा ढुकेर बस्नु होला । हामीहरू हिउँको सिकार लखेट्दै औलमा झार्छौं । जुवाइँले त्यो सिकार कुनै रीतले उम्काउनु हुनेछैन ।"

ससुराको यस्तो सल्लाह सुनेपछि जुवाइँ आफ्नो घर फि-यो । महिना दिन पुगेपछि तोकिएको दिन जुवाइँ सिकारी कुकुरहरू लिएर काँड-धनु ठीक पारी ताँदो चढाई गौंडा ढुक्न गयो । धेरै टाढाबाट " सिकार आयो, सिकार आयो" भनेको शब्द जुवाइँका कानमा प-यो । ऊ पनि खुब चनाखो भई कुनै तरिकाले पनि आएको सिकार उम्काउँदिन भनी नारीमा लाप्चा लगाई तम्तयार भई बस्यो । " सिकार आयो, सिकार आयो," भन्ने शब्द नजिकनजिक आयो । जुवाइँ ताँदोमा काँड चढाई आधासम्म सर खिँची तयार भयो तर पशुपंछीका नाउँमा कुनै पनि सिकार देखिएन । " सिकार आयो, सिकार आयो" भन्ने शब्द अझै नजिक आयो तर कुनै सिकार पनि त्यस गौंडामा देखिएन । एकै छिनमा एउटा मुस्टे चरो जुवाइँ उभिएकै सामुन्नेको हल्लुँडेको हाँगोमा बस्न आयो । यो त सिकार होइन तापनि अहिलेसम्म केही थिएन । यो सानु चरो एक्कासि यहाँ देखियो । भरे केही पनि आएन कि भनी सोधे भने यही चरोमात्र आएको हो भन्नु पर्ला भन्ठानी उसले धनुका टुप्पाले हिर्काई त्यो मुस्टे चरो मा-यो । अनि त्यसलाई जाबेमा हाली जुवाइँ काँड, धनु लिई फेरि तयार भई बस्यो ।

एकै छिनमा देवता-मानिसहरू हातमा धनु-काँड, चेप्सा, बर्छा लिएर सामुन्ने खडा भए। " जुवाइँले सिकार केही पनि देखेनौ ?" भनी उनीहरूले सोधे। " मैले ता केही पनि देखिनँ" भनी जुवाइँले भन्यो। उनीहरू सिकारको गन्ध खोज्न लागे। अघि मुस्टे चरो बसेका ठाउँ सुँघ दा, सिकारको गन्ध हरायो भनी उनीहरू कराउन लागे। यो सिकारको जिम्मा जुवाइँलाई लाग्छ भनी उनीहरू नाना भाँतिका कुरा गर्न लागे।

जुवाइँले उनीहरूका कुरा सुनी दिक्क मानेर जाबेमा हालेको मुस्टे चरो झिकी उनीहरूका सामुन्ने फ्याँकिदियो र अनि भन्यो – " पशुपक्षीको सिकारका नाउँमा योमात्र मैले देखेँ।" ती देवता-मानिसहरू छक्क परी " यो कस्तो जुवाइ रहेछ ? यत्रो ठूलो सिकार जाबेमा हाली राखेछ" भनी उनीहरूले मुस्टे चरोको छाला काढी सबैलाई बिलो बाँडे। जुवाइँका भागमा मुस्टे चराको एउटा फिला पऱ्यो। घाम डाँडामा बसिसकेकाले सबै देवता-मानिसहरू खुशीसाथ जुवाइँलाई बिदा गरी घर फर्के।

जुवाइँ रिसले चुर भयो। दिनभरिको सिकार सानु चरोको एक फिलो ! के गर्ने ? यी देवता-मानिसहरू साँच्चै नै मानिस रहेनछन्। यिनीहरूसँग मिल्दिनँ, छुट्टिन्छु भनी भुन्भुनाउँदै जुवाइँ घर फर्क्यो। घर आइपुग्दा उसकी पत्नी तान बुन्दै थिइन्। " ला है ! तेरो माइतीको सिकार" भनी जाबेबाट मुस्टे चराको सानु फिलो झिकी उसका अगाडि फ्याँकिदियो। मुस्टेको फिलो उसकी पत्नीको फिलोमा लागी उसका फिलाको हाड ठनक्कै भाँचिन गयो। उसकी पत्नी मरें नि बाबा ! भन्दै डाँको छोडी रुन थाली। जुवाइँ छक्क पऱ्यो। कस्तो अचम्म ! मुस्टेका फिलाले मानिसको फिलो भाँच्चिनु। ऊ अब उसको उपचार गर्न लाग्यो। उसकी पत्नी रातभरि रोइरही।

भोलिपल्ट सखारै उठी जुवाइँ सरासर ससुरालीतिर हिंड्यो। वहाँ पुगी घरको दुर्दशा सुनायो। उसको ससुरो तुरुन्तै जुवाइँसँग औलिया गाउँमा झऱ्यो। उसले आफ्नो छोरीको भाँचिएको फिलो छामी मन्त्र-तन्त्र गरी तुरुन्तै निको पारिदियो।

ससुरोले भन्यो – " जुवाइँले किन अवहेलना गरी हिउँका सिकार फ्याँकिदिएको ? त्यसको सेवन गरेको भए तिमीहरू अर्कै बुद्धिका मानिस हुने थियौ" तर जुवाइँ मूर्ख थियो उसले ससुरासित " मलाई बिदा दिनुहोस्। तपाईंहरूको संगतमा रहन सक्तिनँ, तपाइँहरूको ज्ञान बुझ्न सक्तिनँ" भनी सदाका निम्ति बिदा माग्यो।

“ त्यसो होइन ! नहुने सम्बन्ध जोडिहाल्यौं । केही बिग्रेको छैन । तिमीहरूकै कल्याण हुनेछ । बिदा माग्ने कुरा नगर जुवाइँ ! हामी मानिसहरूभन्दा एक तला माथिका देवता-मानिस हौं । यस ज्ञानले गर्दा अरू मानिसभन्दा माथि उठ्नेछौ । मानिसले पनि देवताहरूको संगत गरेमा तिनीहरू पनि देवता हुन सक्तछन् । तसर्थ जुवाइँले पनि हाम्रो संगतमा दिल दियौ भने बिस्तारै-बिस्तारै अवस्था बदलिँदै जानेछ । छुट्टिने कुरा गर्नु बुद्धियुक्त कुरा होइन ।” यति भनी अर्ति-उपदेश गरेर ससुरा आफ्ना घरतिर फर्के ।

तर जुवाइँले पछिपछि गएर ससुरालाई आफ्नी पत्नी जिम्मा लगाई फेरि बिदा माग्यो । ससुराले भने – “ यो काम झट्टै हुँदैन । साँच्चै तिमी अब हामी देवता-मानिसका संगतमा बस्तैनौ भने अब पाँच महिनापछि फेरि आउँछु र आफ्नी छोरी साथ लिई फर्कन्छु । सकेमा छुट्टिने काम नगर्नू । पछि पछुताउनुपर्ला । एक फेरा छुटेपछि फेरि देउताको संगत पाइनेछैन ।” यसरी ससुराले जुवाइँलाई सम्झाई घर फर्काए ।

पाँच महिना पुगेपछि त्यो देवता-मानिस आफ्ना जातका अरू पाँच मानिसहरू साथ लिएर फेरि औलिया गाउँमा झऱ्यो । उसले पाँच हात लामो रेसमी कपडा पनि ल्याएको थियो । उसले अब के भन्छौ भनी जुवाइँलाई गर्दा जुवाइँले देवता-मानिसको संगतबाट बिदा माग्छु भन्यो । देवता-मानिसले “ बिदा लिने निश्चय हो भने तिम्रा शाखा-सन्तान सबै पाखा, मैदानमा ल्याउनू” भन्यो । उनीहरू पाखामा निस्के । ससुराले पाँच हात लामो रेसमी कपडाको एक छेउ एउटा देवता-मानिसलाई समात्न लगाए । अर्को छेउ अर्को देवता-मानिसलाई समात्न लगाए । यसरी टाँगिएको रेसमी कपडाको उत्तरपट्टि छोरी र आफ्ना सन्तानहरू र दक्षिणपट्टि जुवाइँ र उसका सन्तानहरू सबै राखे । टाँगिएको रेसमी कपडाका बीचमा उभिएर त्यस देवता-मानिस उसकी छोरी तथा अरू साथीहरू सबै देख्तादेख्तै अल्पिएर बेपत्ता भए । त्यस दिनदेखि मानिस र देवता-मानिसको फेरि कुनै सम्बन्ध जोरिन सकेन ।

■

## छट्टु बाँदर र मूर्ख कामीको कथा

अघि पूर्वी नेपालको कुनै गाउँमा एउटा ज्यादै गरीब मानिस बस्तथ्यो । एक दिन त्यो मानिस सिकार खेल्न गयो र एउटा कालिज मारी घरमा फर्क्यो । कालिज भुत्ल्याई चिरफार गर्दा उसले त्यसका गाँडभित्र आला जौका केही गेडा भेटचो । त्यस मानिसले बारी खनी डल्ला फोरी मल हाली ती जौका गेडा एकएक गरी रोप्यो । समयमा जौ उम्री सप्रेर आयो औ लामालामा बाला लागी पाक्न पनि लाग्यो । त्यो मानिस खुब खुसी भई दिनहुँ जौबारीमा गई जौको बाला हेर्थ्यो । एक दिन जौको बाला हेर्न भनी बारीमा जाँदा उसले एउटा बाँदर आई जौ टिप्दै खान लागेको देख्यो । उसले झोक्किएर बाँदरलाई धपायो र घर फर्कने बेला बारीमा पासो पनि थापिराख्यो ।

भोलिपल्ट बारी हेर्न जाँदा उसले एउटा ढड्डु बाँदर पासोमा परिरहेको देख्यो अनि बाँदरलाई पासैमा मार्ने प्रबन्ध गर्न लाग्दा बाँदरले आफूमाथि ठूलो आपत् आउन लागेको देखी भन्यो " मलाई नमार्नुहोस् । मलाई घरमा लगी पाल्नुभए भविष्यमा तपाईलाई ठूलो मद्दत हुनेछ ।" बाँदर बोलेको सुनी मानिस छक्क पऱ्यो औ यसले निश्चय पनि भविष्यमा मलाई कुनै न कुनै काममा मद्दत गर्छ भन्ठानी बाँदरका कुरामा विश्वास गरेर त्यस बाँदरलाई घरमा लगी पाली राख्यो ।

त्यो मानिस बसेका गाउँमा एउटा मानिस तामा, पित्तल, फलाम इत्यादि धातुको काम गर्थ्यो । ऊ बडो धनी र अलिक अधबेस्रो थियो । धातुको कामले उसलाई यति बिघ न नाफा भएको थियो कि उसका घरमा सुन, चाँदी, रेसम आदि प्रशस्त जम्मा भएको थियो ।

त्यो बाँदर आफूलाई पाल्ने मानिससँग रहँदा-बस्दा एक कान दुई कान भई आएका खबरले त्यस छिमेकीको धन यतिसम्म रहेछ भन्ने उसलाई पनि पूरा थाहा हुनगयो ।

एक दिन बाँदरले गरीब मानिसलाई भन्यो " बिहे गर्दा आफूभन्दा धनीकी छोरी ल्याउनुपर्छ, अनि पो आफ्नो घर सुध्रन्छ । तिम्री स्वास्नी रहिनछन् । मेरो सल्लाह मान्छौ भने तिमीलाई राजाकी छोरी बिहे गराइदिनेछु । घरको सट्टा दरबार खडा गराइदिने ल्याकत ममा छ ।" । बाँदरका यस्ता कुरा सुनी गरीब मानिसले भन्यो – " जसो भन्छौ मान्नेछु ।" बाँदरले भन्यो – " उसो भए अब उप्रान्त तिमीले धेरै नबोल्नू । कसैले जात सोधे भने 'राजपूत (वंश) हुँ । बालककालमा दुस्मन

लागी बाबुआमा, राज्य सबै नष्ट भएकाले टुहुरो भई जात लुकाई गरिबी हालतमा बसेको छु'  भन्नू । अरू कुरा केही नभन्नू । राजाकी छोरी बिहे गराउने पूरा बन्दोबस्त मेरो जिम्मामा रहनेछ ।"  त्यस मानिसले बाँदरका कुरा मान्यो ।

अर्को दिन बाँदर गाउँको महाजन कामीका घरमा गई गफ गर्न लाग्यो । कुरामा कुरा थप्दै जाँदा बाँदरले महाजन कामीलाई भन्यो – " घाइँघुइँ कुरा सुन्दा उत्तर दिशापट्टि बाट मंगोली दलहरू हजारहजार लडाइँ गर्दै, मानिस मार्दै, लुट्दैपिट्दै आउँदैछन् । सायद यस गाउँमा पनि आउँछन् । यस गाउँको ठालू तिमीमात्र छौ । हामीजस्ता गरिब-गुरुवालाई मारे भने पनि के लुट्लान् र ? तिम्रो त प्रशस्त धन छ । तिमीलाई सबैभन्दा पहिले मारी धनदौलत जम्मै लुट्छन् । तिमीलाई तर्साउने कुरामात्र गरेको होइन, साँच्चै बदमासी गर्नेछन् । अघिबाटै होसियार हुनुपर्छ ।"

बाँदरका यस्ता डरलाग्दा कुरा सुन्दा महाजन कामी झसंग भई थरथर काम्यो । उसले बाँदरलाई हात जोरी भन्यो – "  तपाईं त कुरा गर्न पनि जान्ने र उँधोउँभोका हालखबर पनि सुन्ने हुनुहुँदो रहेछ । साँच्चै नै गाउँमा लुटपिट होला । अब के गरेदेखि बाँच्ने उपाय होला ? बाबा ! केही न केही उपाय त बताइदिनुहोस् ।"

"  बाँच्ने उपाय दुईवटा छन् –"  पहिलोचाहिँ तिमीले ठूलठूला दुईवटा तामाका भाँडा कमाई ढकनीमा साँचो लाउने अन्तराप-ताल्चा पनि जडी भुइँभित्र गाड्नुपर्छ । एउटामा तिम्रो घरमा भएको तासकुचिन, रेसमी कपडाहरू जम्मै हाली बीचमा सुनचाँदी सबै लुकाई, ढकनी लगाई साँचो मार्नुपर्छ । माथिबाट घाँस–पतकरहरू छरिदिनुपर्छ । अर्का भाँडामा अघिल्लो भाँडामा नअटाएका दामीदामी कपडाहरू र सुनचाँदी लुकाउनुपर्छ । तिमी आफै पनि लुगाका बीचमा पसी लुकेर बस्नुपर्छ । तामाको भाँडो देखेभने मंगोलहरूले लुट्छन् । तसर्थ घाँस-पतकरले नदेख्ने गरी छोपी भाँडा लुकाउनुपर्छ । त्यसो गरे लुटाहाको केही चल्दैन । ज्यान, ज्यान बाँच्छ । धन, धन जोगिन्छ ।"

"  अर्को उपाय यो छ – यस गाउँदेखि चार दिनको बाटोमा अघि तीन-चार पुस्तादेखि बसाइँ आएका एउटा मंगोल राजा छन् रे । उसका छोरीहरू पनि थुप्रै छन् रे । त्यस मंगोली राज-घरानासँग सम्बन्ध जोर्न पाए निश्चय पनि लुटपिटबाट बाँच्ने थियौ । कारण उनीहरू आपसमा मिल्ने थिए । आफू पनि उनीहरूको जुवाइँ हुन पाए आफ्नो कुल-कुटुम्बले

मार्छन् र ? तिमी धनी छौ । मंगोलहरूलाई धन पेले छोरी दिइहाल्छन् । कस्तो लाग्यो लौ भन त ?"

महाजन कामीले " दुवै उपाय असल लाग्यो" भनी जवाफ दियो ।

" त्यसो भए तिमीले दुवै काम गर्नुपऱ्यो । ठूलाठूला दुईवटा तामाका भाँडा पनि तयार पार्नुपऱ्यो । राजाकी छोरी ल्याएपछि यस्तो घरले हुँदैन, दरबार पनि बनाउनुपऱ्यो । फेरि तिमी मेरो पत्यार मानी कलियो हाल्छौ भने एक भारी रेसमी कपडा र केही हीरा, मोती, सुन, चाँदीहरू केटी मगनी गर्ने कोसेलीका रूपमा मलाई देऊ । म राजाका दरबारमा गई कुरा चलाई आउँछु र तिमीलाई दुलाहा बनाई दुलही लिन जान्छु । कुरा मिलेन भने तिम्रो धन, मालमत्ता वापस हुन्छ । लुटपिट हुन लागेका खण्डमा भाँडामा पसी लुके । ज्यान बाँचिहाल्छ । धन बाँचिहाल्छ । लुटाहाहरूको केही चल्दैन ।"

बाँदरका यस्ता चाखलाग्दा कुरा सुनी मूर्ख महाजन कामीले हतपत उठी रेसमी कपडाको कुम्लो बनाइदियो । त्यसपछि लाख रुपैयाँको हीरा, मोती, सुनचाँदीको पोको पारी बाँदरका जिम्मा लगाएर " यथाशक्ति कुटुम्ब जोर्ने काममा चाहिँ बल गर्नुहोला" भनी हात जोऱ्यो । " त्यसका लागि म छँदै छु नि" भनी बाँदर रेसमी कपडाको कुम्लो र हीरा, मोती, सुनचाँदीको पोको लिएर घर गयो र आफ्ना मालिकलाई साथ लिएर उत्तर दिशाका मंगोल राजाको दरबारतर्फ हिंड्यो । चार दिनमा मंगोल राजाका दरबारमा पुगी उनको घाम ताप्ने चिप्लेटी ढुङ्गामा आफूले बोकेका रेसमी कपडाहरू सबै ओछ्याई त्यसमाथि बसेर दुवैजना ठूलो र चर्को स्वरले कुरा गर्न लागे ।

बाँदरले मालिकलाई सानो स्वरले कुरा सिकाउँदै भन्यो – " म ठूलो स्वरले जग्गा कुन-कुन हुन्, नदी कुन हो ? – भनी प्रश्न गर्छु । तिमीले पनि ठूलो स्वरले 'जग्गा त्यही हो । नदी त्यही हो' भनी जबाब दिनू ।" त्यसपछि बाँदरले चर्को स्वर गरी 'जग्गा कुन-कुन हो, नदी कुन हो' भनी सोध्यो । मालिकले पनि सिकाएजस्तै गरी चर्को स्वरले 'जग्गा त्यही हो, नदी त्यही हो' भनी जबाब दियो ।

यसरी कसैले कराएर कुरा गरेको सुनी राजाका टहलेहरू " को हो यसरी जोरसित कुरा गर्ने ?" भनी तिनीहरूका नजिक आई " तिमीहरू को हौ ? यहाँ किन आएका ?" भनी सोधे । बाँदरले जबाब दियो – " हामीहरू राजपूत(वंश) हौं । बालक कालमा दुस्मन लागी बाबु, आमा,

राजपाट नष्ट भएकाले जग्गा कहाँ-कहाँ थिए, नदी कुन-कुन थिए भनी सिमानामा बुझ्न आएका हौं ।"

टहलेहरूले यी सब कुरा राजाका कानमा पुऱ्याइदिए । राजाले तिनीहरूलाई डाक्न मानिस पठाए । बाँदरले भन्यो – " हामी बसेदेखि राजा बसेको ठाउँसम्म रेसमी कपडा बिछ्याइदिए जान्छौं । रेसमी कपडा छैन भने यहाँ हामी बसेको रेसम झिकी बिछ्याउँदै लैजाऊ । हामी त्यसमाथि हिंड्दै राजाका सामुन्ने जान्छौं ।" उनीहरू रेसमको लुगा लगाई रेसमकै फेटा बाँधी राजाका सामुन्ने जान तयार परे ।

टहलेहरूले पनि तिनीहरू बसेकै रेसमी कपडा बिछ्याउँदै राजा बसेका ठाउँसम्म पुऱ्याए ।

ती दुईजनाले रेसमी कपडामाथि हिंडेर गई रेसमकै रुमालमा हीरा, मोती, मुँगाहरू राखी राजालाई नमस्कार गरे । " तिमीहरू को हौ, के कामले यहाँ आएका हौ ?" भनी राजाले प्रशन्न भई प्रश्न गर्दा बाँदरले जबाब दियो – " हामीहरू राजपूत(वंश) हौं । सानैमा दुस्मन लागी बाबुआमा, राजपाट नष्ट भएकाले जग्गा कहाँ-कहाँ थिए, नदीहरू कहाँ कहाँ थिए भनी बुझ्न आएका हौं । अर्को कुरा यस मेरा भाइका लागि कन्या खोज्न भनी आएका हौं ।" प्रभावित भएका राजाले आफ्नी छोरी दिन राजी भई त्यस मानिससित छोरीको बिहे गरिदिई अलिक दिन दरबारमा राखे ।

त्यसबीच बाँदरले आफ्ना मालिकलाई भन्यो – " आजका सात दिनपछि तिमीले राजाको हुकुम मागी बीस-पच्चीस नाल बन्दुकका साथ आफ्ना गाउँमा आई मूर्ख महाजन कामीका घरको उत्तरपट्टिको जङ्गलमा सिकार खेल्ने निहुँले खुब बन्दुक पड्काउनू र फेरि यतै फर्कनू । म लिन आउँला र अनि सबैजना सँगै घर फर्कौंला ।"

बाँदरले एक्लै घर फर्की मूर्ख महाजन कामीका घरमा गई भन्यो – " उत्तर दिशाबाट मंगोल दल आई उधुम लुटपिट चल्दै रहेछ । बाटामा हामीहरू फेला पऱ्यौं । मेरा साथीलाई पनि मारिदिए । धनदौलत सबै लुटे । म बडा मुस्किलले भागेर आइपुगे । अब हप्ता दिनसम्ममा यस गाउँमा पनि आइपुग्छन्जस्तो लाग्छ । चाँडोचाँडो धनदौलत लुकाउने र आफू पनि लुक्ने उपाय गरिराख्नु पऱ्यो ।"

मूर्ख महाजन कामीले बाँदरका कुरामा पत्यार मानी चाँडोचाँडो सबै धनदौलत एउटा तामाको भाँडोमा हाली साँचो लगाई भुइँमा गाडी घाँस-पतकरले पुऱ्यो । अर्को तामाको भाँडोमा पनि बाँकी सम्पत्ति हाली

त्यसमा आफू पनि लुक्ने जग्गा बनाई खाडल खनी भाँडो खाडलभित्र हाली ऊ तयार परी बस्यो । लुटपिट गाउँमा पस्यो भनेको सुन्नासाथ खाडलभित्रको तामाको भाँडोमा पसी ताल्चा मारिदिएर लुक्न उसले साँचोसमेत बाँदरलाई दिई ऊ आफू खुब चनाखो भई काम केही पनि नगरी उत्तर दिशातर्फ नजर लगाई बस्यो ।

हप्ता दिनपछि बाँदरको मालिक राजाको अनुमति मागी सिकार खेल्न भनी पच्चीस नाल बन्दुक र गोलीहरू लिई आफ्ना गाउँको जङ्गलमा आयो । मूर्ख महाजन कामीका घरको उत्तर दिशापट्टि जङ्गलभित्र बेउजुर बन्दुक पड्काई ऊ र उसकासाथ आएका सिकारीहरू फेरि उतै फर्के गए ।

जङ्गलभित्र बन्दुकको आवाज हुनासाथ बाँदरले मूर्ख महाजन कामीका घरमा गई " लौ लुटपिट गर्ने आइपुग्यो । चाँडो खाडलभित्रको भाँडाभित्र पस" भन्यो । महाजन कामीले पनि बन्दुक पड्केको सुनेकै थियो । डरले थरथर काँप्दै भाँडोभित्र पसी लुक्यो । बाँदरले ढकनीको साँचो लाई माटाले खाडल पुरी घाँस-पतकरले छोपिदियो ।

त्यसपछि बाँदर आफ्ना मालिक र दुलहीलाई लिन मंगोली राजाका दरबारमा गयो । बाँदरले राजासँग अनुमति मागी दुलही र दुलहालाई हात्ती र घोडामा सवार गराई लावालस्करसाथ आफ्ना गाउँमा ल्याई मूर्ख महाजन कामीले बनाएको नयाँ र उत्तम घरमा राख्यो र धनदौलत हालेर गाडेका दुवै तामाका भाँडा झिक्नलाई दुलही-दुलहाका जिम्मा लगायो । भाँडाका मुख थुनिएकाले मूर्ख कामी मरिसकेको थियो । बाँदर उसको मालिक र राजकुमारी सुखपूर्वक् बसे ।

■

# मुक्केगुबा

कुनै समयमा किराती वंशमा सुवाङ्हाङ् नाउँ गरेका एक धार्मिक राजा थिए । उनका छेन्पोहाङ् र मुक्केगुबा नाउँ गरेका दुई भाइ राजपुत्रहरू थिए ।

त्यस बखत उत्तर तिब्बत देशमा होरु राजा राज्य गर्दथे । त्यस देशलाई किरातीहरू होरु देश भन्दथे । होरु राजा अत्यन्त धनी तर प्रजा-शोषक र निष्ठुर राजा थिए । उनका दरबारका खम्बाहरू सुवर्णमय थिए । सिंहासन सुनचाँदी तथा यूँ आदि रत्नले जडिएको थियो ।

तर आफ्ना प्रजालाई साह्रै सताएको हुनाले उनका प्रजाजनले एकमत भई परमात्माको भक्ति गरी न्याय माग्न थाले । परमात्माले ती दुःखी प्रजाहरूउपर अन्याय भएको देखी होरु राजालाई दण्ड दिने निश्चय गरे । उनले किराती राजा सुवाङ्हाङ्लाई राती सुतेका बखत एउटा सपना देखाए । स्वप्नमा भगवान्ले सुवाङ्हाङ् राजालाई भने – " उत्तर तिब्बतको होरु राजाले आफ्ना प्रजालाई साह्रै अन्याय गरेकाले अब उसको भोग पुग्यो । तिमीले देशमा हमला गरी त्यस राजा र त्यसका शाखा-सन्तान सबैलाई नष्ट गर्नू ।" सबेरै सुवाङ्हाङ् राजा निद्राबाट बिउँझनासाथ होरु राजाका देशमाथि चढाइ गर्ने उपाय सोच्न लागे । उनले आफ्ना दुई राजपुत्रहरूलाई आफ्ना सामने हाजिर गराएर भने – " तिमी दुईमध्ये एकजनाले हातहतियार लिएर उत्तरका होरु राजासँग लड्न जानुपर्छ । होरु राजा तथा उसका शाखा-सन्तान सबैलाई नष्ट गर्नुपर्छ । युद्धमा तिमीलाई विजय प्राप्त हुनेछ । यसमा केही शंका छैन । तसर्थ तिमीहरू दुवैजना आआफ्ना धनुषवाण लिएर वाण हान्न जानू । वाण हान्दा जसले जित्छ उसैले युद्धक्षेत्रमा जानुपर्छ । राजकुमारहरूले आफ्नाआफ्ना धनुर्वाण लिएर जङ्गलतर्फ प्रस्थान गरे । जङ्गलको एउटा खुला मैदानमा लक्ष्य राखी दुवैपट्टि वाण हान्न लागे । होडबाजीमा कान्छो मुक्केगुबा वीर ठहऱ्यो । दुवै दरबार फर्के । दरबार फर्कंदा कान्छो छोराको ठोक्रोबाट आगोको ज्वाला निस्केको सुवाङ्हाङ् राजाले देखे ।

दरबार आइपुगेपछि राजाले कसको जित भयो भनी सोधे । कान्छो मुक्केगुबाले आफ्ना दाज्युलाई देखाएर उनको जित भयो भन्दा जेठो छेन्पोहाङ् लाज मानी आफ्ना पिताको सामुन्ने उभिन नसकी भागेर गए । सुवाङ्हाङ् राजाले कान्छो मुक्केगुबाको वीरत्व बुझी उनलाई

आफ्नो अग्निवाण, ढाल, तरबार दिई होरु राजासँग युद्ध गर्न जानू भनी हुकुम दिए ।

मुक्केगुबाले होरु राजासँग युद्ध गर्ने शक्ति प्राप्त गर्नाका निमित्त परमात्माको तप गर्न लागे । तप गर्दागर्दै एक दिन मुक्केगुबा निदाए र स्वप्न देख्नथाले । स्वप्नमा भगवान् निङ्वाफुमाले भने – " युद्ध गर्न डराउनु पर्दैन । जहाँ आपद् पर्छ भगवान्लाई सम्झनू । म युमासाम्माङ्लाई रणदेवीका रूपमा पठाउँछु । उनले तिमीलाई मद्दत गर्नेछन् । उनैले शत्रुको संहार गर्न तिमीलाई मद्दत गर्नेछन् । तिम्रो निश्चय जय हुनेछ ।" निद्राबाट ब्यूँझी मुक्केगुबा औधी खुसी भए ।

भोलिपल्ट मुक्केगुबाले आफ्ना शस्त्र-अस्त्रले सुसज्जित भएर आफ्ना पिताको बाइपंखी घोडामा सवार भई आकाशमार्गबाट उत्तर दिशातिर प्रस्थान गरे । तर होरु देशको ठेगाना उनलाई थाहा थिएन । उनी एउटा अग्लो पहाडको टाकुरामा अडे । उनले चारैपट्टि हेरे । होरु राजाका देश अथवा दरबारको पता लाउन नसक्दा त्यसै पहाडको टाकुरामा बेसरी भगवान्को प्रार्थना गर्न लागे । रणदेवी युमासाम्माङ् तुरुन्तै सामुन्ने देखा परिन् र भनिन् – " के भयो ? के माग्छौ ?" मुक्केगुबाले भने – " होरु देश तथा होरु राजाको दरबारको पत्ता लागेन । पत्ता भइसकेपछि कस्तो तरिकाले युद्ध गर्नुपर्ने हो ज्ञान तथा शक्ति माग्दछु ।" रणदेवी युमासाम्माङ्ले भनिन् – " होरु देश उत्तर तिब्बतमा छ । होरु देशको केन्द्रस्थानमा त्यसको राजधानी पर्छ । यस बेला आफ्नो धनको घमण्डमा मस्त भएर त्यसको राजा सुनचाँदी र यूँ आदि रत्नले मोढेको सिंहासनमा बडो शोखसाथ आराम गरिरहन्छ । तिमीले यहाँदेखि अझ उत्तरपट्टिको अर्को पहाडको टाकुरोमा जानू । वहाँ पुगेपछि ठीक उत्तर दिशा ताकी आफ्नो अग्निवाण छोड्नू । त्यस अग्निवाणले होरु राजाको दरबार यति टाढा छ भनी पत्ता लगाउनेछ । त्यसपछि तिमीले आफ्नो वायुपंखी घोडा चढेर वहाँ गई उनीसँग युद्ध गर्नू । नडराउनू, जय तिम्रो हुनेछ । आपद् पर्दा भगवान्को नाम सम्झनू र म तुरुन्त प्रकट भएर मद्दत गर्नेछु ।" यति भनेर युमासाम्माङ लोप भइन् ।

रणदेवी युमासाम्माङ्को यस्तो अर्ति सुनेपछि मुक्केगुबा आफ्नो वायुपंखी घोडामा सवार भै अझ उत्तरपट्टिको अग्लो पहाडका टाकुरामा ओर्लिए । वहाँबाट उनले ठोक्राबाट अग्निवाण झिकी उत्तर तिब्बत देश ताकेर हाने । अग्निवाण आकाश गर्जाउँदै उत्तर दिशातर्फ उड्यो । आकाशमा अनौठो गर्जन सुनेर होरु देशका सारा मानिसहरू के आयो

भनी छक्क परेर आकाशतिर हेर्न लागे तर होरु राजाले केही वास्ता गरेन । होरु रानीले आकाशतर्फ हेर्दा वाणजस्तो चिज कुनै वस्तु दरबारकै सोझो आइरहेको देखिन् । दरबारकै छानामा झर्ने हो कि भनेर उनी डराइन् । उनले होरु राजालाई कहीं लुक्ने सल्लाह दिइन् तर अहंकारी राजा त्यस्तो सल्लाह किन सुन्थे । उनी चुपचाप दरबारमै बसिरहे । अग्निवाणको भयंकर आवाज दरबारकै छानामाथि आइपुगेको शंका गरी रानीले होरु राजालाई उनी बसिरहेको सिंहासनबाट घँचेटेर भुइँमा लडाइदिइन् । होरु राजा भुइँमा लड्नासाथ अग्निवाण पनि आई होरु राजाकै सिंहासनमा गाडियो । त्यो होरु राजाले डराउनुको साटो खुसी भएर रानीलाई भन्यो – " भगवान्ले मलाई स्वर्गबाट अग्निवाण पठाई दिएका हुन्, यस बाणलाई होसियारसाथ राख्नू । दुस्मनसँग लड्दा यही अग्निवाण प्रयोग गर्नुपर्छ ।"

होरु राजाको यस्तो आदेश सुनी रानीले त्यो गाडिएको अग्निवाण झिक्ने कोसिस गर्दा वाण आफै उछिट्टिएर होरु राजाको बुढीऔंला काटेर आफ्नै टुप्पोमा उनी फेरि जहाँको तहाँ फर्केर गयो । होरु राजा तथा रानीहरू छक्क परे ।

अग्निवाण फर्केर गई मुक्केगुबाको सामुन्ने होरु राजाको बुढी औंलो फ्याँकी ठोक्रामा पस्यो । मुक्केगुबाले होरु राजाको राजधानी यतै रहेछ भनी पत्ता लगाइहाले । उनी वायुपंखी घोडामा चढेर आकाशमार्गबाट होरु राजाको दरबारका छेउमा पुगे । त्यहाँ वायुपंखी घोडाले लुकाएर आफ्नो तान्त्रिक शक्तिद्वारा उनले तुरुन्तै एउटा चैत्य बनाई उनले सानो बालकको रूप लिई त्यस चैत्यभित्र बसेर अनौठो किसिमको ढ्याग्रो बजेको आवाज निकाल्न लागे । त्यो शब्द सुनेर होरु राजा छक्क परे । यो कस्तो आवाज भनी होरु राजाले आफ्ना अफिसरहरू पत्ता लगाउन पठाए । अफिसरहरूले दरबारकै नजिक रहेको त्यो नयाँ चैत्य देखे । त्यही चैत्यभित्रबाटै त्यो ढ्याग्रो बजेको आवाज सुनी होरु राजालाई त्यो समाचार दिए । होरु राजाले तुरुन्तै त्यो चैत्य भत्काउने हुकुम दिए । सिपाहीहरूले तत्कालै चैत्य भत्काइदिए । चैत्यभित्र तिनीहरूले एउटा राम्रो बालक देखेर त्यसलाई राजाको सामुन्ने पुर्‍याइदिए । होरु राजाका आफ्नै अनेक राजकुमारहरू थिए तापनि त्यस बालकको सुन्दरतामा मोहित भएर उनले यो मलाई भगवान्ले दिएको पुत्र हो भनेर त्यसलाई पाल्ने निश्चय गरे । होरु राजाले आफ्ना निजी राजपुत्रहरूभन्दा त्यो सानो बालकलाई बढ्ता प्यारो गर्न लागे ।

बालक तरुण भएर उसले होरु राजाको फौजको व्यवस्था बुझ्न लाग्यो । नयाँ रूप लिएका मुक्केगुबा रातैपिच्छे मन्दिरमा गई धुप बालेर देवीको प्रार्थना पनि गर्न लागे । स्वप्नमा युमासाम्माङ्ले आएर मुक्केगुबालाई 'के वर माग्छस् माग' भनिन् । मुक्केगुबाले भने – " होरु राजाको जम्मा फौज बाह्र हजार रहेछ । मैले उनीसँग युद्ध गरी त्यस फौजलाई नष्ट गर्नुपरेको छ । तसर्थ हजूरसँग म बाह्र हजार दैवी सिपाहीहरूको मद्दत माग्छु । तीन पटकमा मेरो माग पूरा होस् । पहिलोपटक खालि दुई हजार सिपाही, दोस्रो पटक छ हजार सिपाही र तेस्रो पटक चार हजार सिपाहीहरूको मद्दत होस् । मैले होरु राजाको जर्नेल म आफै भएर पटक-पटक गरी उनका सेनालाई युद्ध क्षेत्रमा ल्याई देवगणद्वारा नष्ट गर्ने उपाय गरेको छु ।"

मुक्केगुबाको यस्तो कुरा सुनी युमासाम्माङ्ले भनिन् – " तिमीले आफ्नो फौज लिएर रणक्षेत्रमा ल्याइसकेपछि मेरो सम्झना गर्नू र तिम्रो आँखाका सामुन्ने हजारहजार शत्रुलाई एकएक गरी मारिदिनेछन् ।" म तिम्रो ध्वजामा रहनेछु । डराउनुपर्दैन ।" यसरी प्रोत्साहन दिई युमासाम्माङ् अन्तरध्यान भइन् ।

बिहान निद्राबाट बिउँझेपछि मुक्केगुबाले हतारहतार मुख धोई रण-सामग्रीले सुसज्जित भएर होरु राजाका सामुन्ने गई बिन्ती चढाए – " सरकार ! मुक्केगुबा भन्ने मानिस दुई हजार फौज लिएर सरकारसँग लड्न आउँदैछ भनेको खबर सुनें । मेरो जिम्मामा दुई हजार सिपाही बक्से म सेना लगी रणक्षेत्रमा लडी शत्रुलाई सोतर पारी आउनेछु ।"

उसका कुरामा विश्वास मानी होरु राजाले दुई हजार सिपाही उनको तैनाथमा दिए । मुक्केगुबाले पनि होरु राजाको जर्नेल भई दुई हजार सिपाहीहरू लगी रणक्षेत्रमा डटाए ।

वहाँ पुगेपछि उनले इष्टदेवीको ध्यान गरे । एक्कै छिनमा हजारौं देवगण प्रकट भई होरु राजाका सिपाहीहरूसँग घमासान युद्ध गर्न लागे । होरु राजाका सिपाहीहरू एकएक गरी मारिए । मुक्केगुबा एक जनामात्र बाँचे । उनले दगुर्दै गई होरु राजालाई बिन्ती चढाए – " सरकार, दुस्मनको फौज चार हजार रहेछ । तसर्थ युद्धमा उनीहरूको जय भयो । चार हजार सिपाही पाए शत्रु दमन गरी आउने थिएँ ।"

होरु राजाले तुरुन्तै चार हजार सिपाहीहरू लैजाने हुकुम दिए । मुक्केगुबा चार हजार फौज लिई रणक्षेत्रमा पुगे । वहाँ पुगी उनले फेरि इष्टदेवीको जप गरे । क्षणभरमा हजारौं देवगणले प्रकट भई होरु राजाको

सेनालाई एकएक गरी मारिदिए । मुक्केगुबाले फेरि होरु राजाको सामुन्ने आई भने – " सरकार ! दुस्मनको सेना जम्मा छ हजार भएकाले यसपालि पनि संग्राममा उनीहरूकै जय भयो । छ हजार सिपाही लगें भने अवश्य पनि हाम्रो जित हुनेछ ।" होरु राजाले छ हजार फौज तुरुन्त लैजाने हुकुम दिए । मुक्केगुबा फौजसाथ फेरि रणक्षेत्रमा पुगे । त्यस फौजको पनि उसै गरी समाप्त भयो । सब सेना खतम भइसकेपछि देवगणपट्टिका सेनापति काचुङ्चीहाङ् र होरु राजाका सेनापति खेबायोङ्वाको द्वन्द्वयुद्ध भयो । अन्त्यमा काकुङ्ची हाङ्ले खेवायोङ्वालाई बिजुलीवाणले प्रहार गरी मारिदिए ।

सेनापतिसहित सारा फौज दुस्मनद्वारा खतम भए भन्ने खबर होरु राजाका कानमा पुग्यो । होरु राजा डरले आफ्नो ढाल, तरवार लिएर फलामले बनेको आफ्नो गढमा लुक्न गए । मुक्केगुबाले यस कुराको चाल पाइहाले । उनी ढाल, तरवार लिएर होरु राजासित युद्ध गर्न तत्पर भए तर फलामले बनेको गढ यस्तो किसिमको थियो कि त्यस गढभित्र पस्ने ढोकाको कसैलाई पत्तै हुँदैनथ्यो ।

मुक्केगुबाले फेरि इष्टदेवीसित प्रार्थना गरी बुद्धि मागे । युमासाम्माङ्ले स्वप्नमा आई मुक्केगुबालाई भनिन् – " तान्त्रिक ज्ञानद्वारा आफ्नो शरीरलाई माकुराको रूपमा बनाउनू । त्यसपछि त्यस फलामको गढमा गई मसिनो प्वाल खोज्नू । त्यसै प्वालबाट छिरी त्यस गढको भित्री छानामा गई होरु राजालाई हेर्नू । ऊ समुद्रभित्र पानीमा सुतिरहेको देखिनेछ तर नडराउनू । त्यो समुद्र होइन । बरु कोठामा लगाइएको रङ्ग-रोगनले मात्र त्यो समुद्रजस्तो देखिएको हो । जालोद्वारा तल कोठामा झर्नासाथ तान्त्रिक ज्ञानद्वारा आफ्नो मानिस रूप धारण गरी ढाल, तरबार हातमा लिएर होरु राजालाई निद्राबाट बिउँझाई युद्ध गर्नू । तिम्रै जय हुनेछ ।"

मुक्केगुबा निद्राबाट ब्यूँझी तान्त्रिक शक्तिद्वारा सानू माकुरोमा परिणत भई फलामको त्यस गढमा गए । चारैतिर घुम्दा एउटा सानो प्वाल भेटियो र उनी त्यसै प्वालबाट छिरी होरु राजा भएका कोठामा पुगे । होरु राजा ठूलो समुद्रको माझमा सुतिरहेको देखियो । जस्तो देखिए तापनि मुक्केगुबा नडराई झरे । उनी जालोबाट झुन्डिएर कोठामा झरेर मानिस रूपमा ढाल, तलवार हातमा लिएर 'ए होरु राजा द्वन्द्वयुद्ध गर्न उठ' भनी कराए । अनि होरु राजा निद्राबाट ब्युँझी हातमा ढाल, तरवार लिएर खडा भए । मुक्केगुबा अघिसम्म होरु राजालाई बुबा भन्दथे । त्यस

अवसरमा उसैलाई आफ्ना सम्मुख शत्रुझैं उभिएको देख्ता होरु राजालाई झन् रिस उठ्यो र उनले तरवारले मुक्केगुबाको घिच्रोमा ताकेर हाने । मुक्केगुबाले त्यसलाई आफ्ना ढालले रोकी जबाबी प्रहार गरे । यस किसिमले होरु राजा र मुक्केगुबाको तरवार-युद्ध हुँदै थियो । होरु रानी आइपुगिन् । उनले लट्टेका मसिना गेडा ल्याई कोठाको जमिनमा छरिदिइन् । मुक्केगुबाको गोडा चिप्लियो र उनी लडे । होरु राजाले उनका छातीमा सवार भई भने – " तेरो काल आइपुग्यो । भन्ने कुरा छ भने भनिहाल् ।" मुक्केगुबाले भने – " बुबा ! यो घुँडाले मुटु थिचिदिएकाले बोल्नै सकिनँ नत्र केही कुरा भनिराख्ने थिएँ ।" होरु राजाले आफ्नो घुँडा अलिकति सार्नलाई चटपटाउँदा मुक्केगुबाले तुरुन्त होरु राजालाई पछारी उसको टाउको काटिदिए । मुक्केगुबाले होरु राजाको शिर काट्नासाथ त्यो शिर उडेर एउटा सिमसारमा लुकेर रह्यो ।

मुक्केगुबाले विचार गरे – होरु राजा र उसको सेना त नष्ट भयो । अब उसका छोराहरू कहाँ लुकाएको छ अथवा होरु राजाको अरू गुप्त रहस्य के-के रहेछ त्यो पनि बुझ्नुपर्‍यो । यसै उद्देश्यले मुक्केगुबा होरु राजाकी रानीलाई आफ्ना संरक्षणमा राखी त्यसै गढमा बसे ।

होरु रानीले पनि आफू उनैका वशमा परेकीले उम्कने विचार गरी उनलाई मिठो जाँड रक्सी बनाई पिउन दिइन् । आफूलाई मताउन खोजेको विचार बुझी मुक्केगुबाले आफ्नै हातले एक जोडा सुनको रक्सी पिउने कचौरा बनाए । आफूले पिउने कचौराको पिदमा सानु प्वाल राखी अर्को चाहिँ सग्लै राखेका थिए । फेरि परालको चाङ्देन बनाई भित्रपट्टि भुस भरेर ठीक पारे । रक्सी पिउने बखत दुवै कचौरामा भरी रक्सी हालेर पराल र भुस भएको चाङ्देन माथि राखे । होरु रानीको सम्मान गरेको देखाउन उनले रानीलाई पनि साथै पिउने आग्रह गर्दथे । चुहुने कचौरा आफूलाई राखी सग्लो कचौरा रानीलाई दिएको र मुक्केगुबाको जम्मै रक्सी चुहेर भुसका मेचमा दबेकी होरु रानीले थाहा पाउँदैनथिइन् । होरु रानी रक्सी पिई मात्ती लट्ट भई निधाई उठिन् । मुक्केगुबा जुरुक्क उठी गुप्त ठाउँमा लुकी होरु रानी बिउँझेपछि के गर्दिरहिछिन् भनी कुराको चेवामा बस्तथ्यो ।

होरु रानीलाई मातले छोडेपछि ऊ बिउँझिन्थी र 'मुक्केगुबा राजा' भनी खुब जोडले डाक्तथी । मुक्केगुबा चुप लागी बस्दा मुक्केगुबा आफ्नो देश फर्केछ भन्ने उसलाई विचार हुन्थ्यो र अब आफ्ना पति होरु राजाको नाउँ लिईलिई रुन्थिन् । त्यस सम्झनाले होरु राजाको शिर

गाडिएको सिमसारबाट उठेको मुक्केगुबा टाढैबाट पनि देख्थे । यत्तिकैमा मुक्केगुबा प्रकट भई 'किन बोलाएको म यहीं छु' भनी ठूलो स्वरले जबाब दिन्थे र उता सिमसारमा लुकेको होरु राजाको शिर फेरि भित्र भासिन्थ्यो । मुक्केगुबाले आएर होरु रानीसित बसी उसै गरी फेरि रक्सी खाने निहुँ पारे । त्यसै गरी रानी फेरि निदाइन् र मौका पारेर मुक्केगुबा उठी गएर सिमसारमा लुकेको होरु राजाको शिरलाई टुक्राटुक्रा पारी नष्ट गरिदिए । फर्केर आई उसै गरी लुकेर बसे ।

मातले छोडेपछि होरु रानीले फेरि मुक्केगुबालाई नदेखी बोलाई । केही उत्तर नपाउँदा उसले होरु राजाको नाम लिएर डाकी । यसपालि होरु राजाको शिर नउठेको देख्दा ऊ आत्तिंदै उठेर आफ्ना छोराहरूलाई लुकाइराखेको कोठातिर दगुरी । मुक्केगुबाले लुकेर यो सबै थाहा पाए । उनी ठूलो स्वरले कराउँदै रक्सी खाने कोठामा आए । होरु रानी उनको स्वर सुन्नासाथ आफ्ना छोराहरूलाई लुकाएको ढोका लगाई झट्टै रक्सी खाने कोठामा आइपुगी । मुक्केगुबा केही नजानेको जस्तो गरी रक्सी खाने निहुँ गर्न लागे । होरु रानी उसै गरी फेरि रक्सी खाँदा लट्ठि इन् । मुक्केगुबाले गएर होरु रानीले लुकाइराखेको होरु राजाका छोराहरू सबैलाई मारिदिए । उनी अब लुक्न गएनन् । उनले मनमनै भने – अब काम सकें । होरु राजा अब राम्रै गरी सखाप भयो । अब आफ्ना घर फर्कनुपर्‍यो । आफ्नो वायुपंखी घोडालाई हेर्न जाँदा होरु रानीले अघि नै त्यसलाई लँगडो पारिदिएको देखे ।

मुक्केगुबा साह्रै सुर्ताए । अब घर फिर्ने बाटै रोकियो, के गरौं ? भनी भगवान्लाई सम्झन लागे । रात परिसकेकाले उनी निदाए । सपनामा युमासाम्माङ्ले आई 'के वर माग्छस्' भनी सोधिन् । मुक्केगुबाले भने – " मैले गर्नुपर्ने कर्त्तव्य गरिसकें । अब घर फर्कन चाहन्छु । घोडा लँगडो भएछ । अब कसरी घर फर्कने ? बुद्धि माग्छु ।" युमासाम्माङ्ले भनिन् – " म आफ्नो फिस्टोद्वारा पत्र र एउटा पोको पठाउनेछु । चिट्ठी राम्ररी पढी त्यसैबमोजिम गर्नू । एउटा दर्शनढुङ्गाको टुक्रा र एउटा निगालोको टुक्रो लिनू । घर जाँदा बाधा पार्न होरु रानीले पछ्याई भने दर्शनढुङ्गाको टुक्रो फ्याँकीदिनू । त्यसले पहाड खडा गरिदिनेछ । त्यो पनि नाघी भने निगालो फ्याँक्नू घारी भै बाटो भुलाइदिनेछ । त्यसबीच तिमी आफ्ना घर पुगिसक्नेछौं । पोकोमा एउटा सानो वायुपंखी घोडाको घाउमा लाउने औषधि हुनेछ । लगाई निको पार्नू । कसैले चाल नपाउने गरी पोको फुकाउनू । र घोडाको लँगडो खुट्टामा लगाई निको पार्नू । एक क्षणमा त्यो वायुपंखी घोडा तुरुन्तै सवारीको लायक भै जानेछ । त्यसमा सवारी गरी आफ्नो देशमा फर्कनू ।" यति भनी युमासाम्माङ् अन्तरध्यान भइन् । निद्राबाट बिउँझेर उनले रक्सी पिएझैं गरी होरु रानीलाई पनि पिउन लगाए । रानी नशामा मस्त भई फेरि निदाइन् ।

झिसमिसमै फिस्टोले चिट्ठी र पोको लिएर आइपुग्यो तर मुक्केगुबालाई सुतेको देखी अब कसरी चिट्ठी र पोको दिने भनी ऊ बिचल्ली पऱ्यो । यत्तिकैमा उसका मनमा उपाय फुऱ्यो । ऊ उडेर मुक्केगुबाको मुखमा बस्न गयो । मुक्केगुबा झस्केर बिउँझे । फिस्टोले उनका हातैमा चिट्ठी र पोको राखिदियो र मुक्केगुबाले चिट्ठी पढिसकेको मात्र के थिए कि होरु रानी उनी सुतेको कोठामा आइपुगी । मुक्केगुबाले चिट्ठी र पोको दुवै लुकाइहाले । होरु रानीले शंका गरी – के लुकायौ मलाई पनि देखाऊ भनी जिद्दी गरिन् तर मुक्केगुबाले रक्सी पिउने बहाना गरी कचौरामा रक्सी हाले र होरु रानीको कचौरामा पनि भरी पारी रक्सी हालिदिए । दुवैले रक्सी पिए । होरु रानी मात्तेर लट्ठिइन् । मुक्केगुबालाई मौका पऱ्यो र उनी बाहिर निस्केर पोको खोली ओखती झिकी बायुपंखी घोडाको खुट्टामा लगाइदिए । क्षणभरमै घोडा ताजा भयो । घोडामा चढेर उनले अब दर्शनढुङ्गाको टुक्रो, मालिङ्गाको एक टुक्रो जेबमा राखी चुपचाप वायुपंखी घोडामा सवार भएर आफ्ना घरतिर आकाशमार्गबाट प्रस्थान गरे ।

केही बेरमा होरु रानीको नशा कम भयो । उसले मुक्केगुबालाई बोलाई तर उनको कतै पत्ता लागेन । होरु राजालाई बोलाइन् तर उसको पनि केही चिह्न देखिएन । उडेर आफ्ना छोराहरूलाई लुकाएर राखेको कोठामा गई । त्यहाँ सबै मरिसकेका रहेछन् । होरु रानी शोक र रिसले व्याकुल भई मुक्केगुबालाई पक्रन दगुरी तर मुक्केगुबाले बाटामा खडा पारिदिएका बाधाहरूले उनलाई छिटो हिंड्न दिएनन् ।

मुक्केगुबा सुविस्तासाथ आफ्ना पिताको दरबारमा पुगे । उनले आफूले गरेका काम सबै आफ्ना पितालाई सुनाइदिए । होरु राजा आफ्नो सेना, सन्तानसहित नष्ट भएको खबर तथा युमासाम्माङ्ले प्रत्येक आपद्मा मद्दत गरेको खबर सुनेर पिताले मुक्केगुबालाई भने – " भगवान्ले युमासाम्माङ्लाई पठाई यस्तो ठूलो राज्य विजय गर्न मद्दत गरेपछि उनै युमासाम्माङ्ले त्यस देशको राजा हुनू भन्ने केही चिह्न दिए । वहाँ गई त्यस देशको राजा भई वहाँका प्रजाहरूलाई यो युमासाम्माङ् धर्म सिकाउनू ।" युमासाम्माङ्ले स्वप्नमा राजालाई दर्शन दिइन् । उनैका आज्ञानुसार मुक्केगुबा आफ्ना पिताका उपदेश तथा युमासाम्माङ्को आज्ञा शिरोपर गरी फेरि बायुपंखी घोडामा चढेर आकाशमार्गले होरु देशमा फर्की वहाँको राज्य गर्न लागे ।

देवता र पिताको आज्ञा मानेर यत्रो पराक्रम गरेकाले उनको नाम रह्यो र ठूलो राज्य पनि पाए तर बाबुले झैं आफूलाई पालन-पोषण गर्ने होरु राजा र उनकी रानी र परिवारप्रति विश्वासघात एवं कृतघ्नता पनि गरेकाले उनले जीवनभर महारोगी हुनुपऱ्यो ।

---

■

# यूमा-धर्म

उबाहाङ्का पिताको नाउँ लासाहाङ् थियो । उनका कान्छा भाइको नाउँ चाङ्बाहाङ् थियो । लासाहाङ्को राजधानी उपाजोंगमा थियो । उनलाई उपाजोंगका मानिसहरू लाङ्दर्मा राजा भन्दथे । यी राजा निकै धार्मिक थिए । उनी आफ्ना प्रजालाई एक सर्वशक्तिमान आत्माको पूजा गर्न सिकाउँथे । यो सभ्यता चीन देशबाट आएको थियो । चीनकी महारानी सुयेन नो सुनुहाङ्माको आदेशबमोजिम यो मत उपाजोंगमा पनि प्रचार गरिएको थियो । यस मतलाई युमाधर्म भन्दथे ।

उबाहाङ् र चाङ्वाहाङ्हरू बालक छँदै उपाजोंग राजधानीमा धर्मका विषयमा गडबडी चलेको थियो ।

उपाजोंगका एकजना विद्वान् मानिस देश भ्रमण गर्दै भारत देशको प्रसिद्ध विद्यापीठहरूमा धर्मको अध्ययन गरेर उपाजोंग फिरेका थिए । उनी बौद्ध थिए । ती विद्वान् मानिसलाई थोन्मी साम्बोटा भन्दथे । उनैका चेला लालुङ्पाल्दोरले विस्तारै-विस्तारै बौद्धमतको प्रचार गरी उपाजोंगका निक्कै मानिसहरूलाई आफ्ना शिष्य बनाइसकेका थिए ।

लासाहाङ् राजाको भनाइ थियो कि धर्म भनेको एउटा देशको सभ्यता सिवाय अरू केही होइन । उपाजोंगमा आफ्नै देशको सभ्यता हुँदाहुँदै अर्को देशको सभ्यताको प्रचार हुन लाग्यो भने प्रजामा फुट पैदा भई एकता रहँदैन । देशमा लडाइ झगडा बढ्न गए शासन-व्यवस्थामा शान्तिस्थापना गर्ने भार बढ्छ । प्रजालाई ऐनबमोजिम दण्डसजायमात्र दिइरहे सारा प्रजा असन्तुष्ट भई शासनविरोधी भावना उम्रने आशंका हुनजान्छ । तसर्थ सुरुमा नै देशमा अशान्ति उठ्ने बाटो छेकिहाल्नुपर्दछ । यसले भविष्यमा देशको कल्याण हुनेछ ।

लासाहाङ्ले लालुङ्पाल्दोर लामालाई आफ्ना सामुन्ने हाँजिर गराए । राजाले उनलाई धेरै कुराको प्रमाण दिई आफ्नो देशको सभ्यताको कदर गर्नु तथा अरूका सभ्यताप्रति सम्मान राख्नु सभ्य मानिसको कर्त्तव्य हो भनी सम्झाए तर लालुङ्पाल्दोरले आफ्नो बाटो छाडेनन् । उनी भन्दथे " हिंसा नगर्नु ठूलो धर्म हो ।" राजाले भने – " अहिंसा परम-धर्म हो भनी म पनि मान्दछु तर न्याय र अन्यायको समस्या खडा भए यस सद्विचारको रूप पनि अर्कै हुनजान्छ । न्यायमा हिंसा भएको अधर्म भन्न सकिन्न । अपराधीलाई दण्ड दिने, हिंसा होइन, त्यो पाप ठहर्दैन ।"

लालुङ्पाल्दोरले भन्यो – " त्यसो भए, देशको राजाले दोषी व्यक्तिहरूलाई प्राणदण्ड दिएमा केही पाप लाग्दैन ।"

राजाले भने – " दोषी व्यक्तिलाई प्राणदण्ड दिने काम परेमा त्यस राजाले प्राणदण्ड दिएको ठहर्दैन, बरु ऐनले प्राणदण्ड दिएको ठहर्छ । तसर्थ राजालाई पाप लाग्ने कुराको प्रश्न नै उठ्दैन । राजा त एउटा साधारण मानिस हो । राजाले पनि अन्यायमा कसैलाई प्राणदण्ड दिए भने उनीमाथि रहेका सर्वशक्तिमान् ईश्वरले उनीमाथि पनि निसाफ गर्नेछन् ।"

लालुङ्पाल्दोरले भने – " ग्यागर देशका राजकुमार शाक्यमुनिले जगत्का यी सबै कुरामाथि विचार गरी सबै दुःख-सुख, न्याय-अन्याय, कर्त्तव्याकर्त्तव्य – सबैको त्याग गरी खालि मनुष्य-जातिलाई दुःखबाट मुक्त गर्ने उपायमात्र गरेको कथा छ । मानिस जन्मेपछि मर्नैपर्छ । तसर्थ आफ्नो जीवनकालमा अहिंसाकै बाटो पैल्याए आफू र अरूहरूलाई पनि केही न केही मद्दत गर्न सकिन्छ ।"

राजाले भने – " मौरीको पनि रानी हुन्छ । रानीले जहाँ बस्न मन गर्छ वहीं बस्छ । औ मोरीहरू आई उसका वरिपरि बस्छन् । रानीले पनि कस्तो जग्गामा बस्ता अरू मौरीहरूलाई सुविस्ता हुन्छ भन्ने विचार गरी तेस्तै जग्गामा बस्नुपर्दछ । यसै प्रकार मानिस जातिमा पनि राजा भएपछि आफ्ना प्रजाको सुविस्ताको विचार गर्नुपर्दछ । प्रजामा मेलमिलाप रहेन भने उनीहरूका राजालाई अवश्यमेव दुःख लाग्छ । देशमा मेलमिलाप राख्न ऐनकानुन बनाइन्छ । ऐनकानुनले बाँधिएर नै राजा र प्रजा सबै सुख-शान्तिसँग बस्न सक्तछन् । यसैलाई सभ्यता पनि भनिन्छ ।

ग्यागर देशका राजकुमार शाक्यमुनि आफ्नो देश, राजपाट, धनदौलत सबको त्याग गरी सत्को खोजीमा लागे औ सिद्धि पनि प्राप्त गरे । जसजसलाई भगवान्ले जस्तोजस्तो ज्ञानबुद्धि प्रदान गरेका छन् उस्तैउस्तै किसिमले मानिस आफ्आफ्ना बाटामा चल्दछन् ।

आफ्नू सभ्यतामा आस्था राख्नु पनि धर्म नै हो । हाम्रो मुलुकमा पनि एक सृष्टिकर्ता र सर्वशक्तिमान आत्मा अदृश्य रूपमा छँदैछन् भन्ने विश्वास छ । तन, मन, धनले उनैको पूजा गर्नु तथा उनका नाममा कुनै किसिमको बली नगरी अर्थात् अहिंसावादी भई मन पवित्र राखी उनैलाई ज्ञानबुद्धिको आधार मानी साँझबिहान सेवाभक्ति गरी शक्ति मागी परोपकार गर्नु र मनमा शान्ति प्राप्त गर्नु नै हाम्रो सभ्यता हो, धर्म हो ।

जुन मानिस अथवा देश आफ्नो सभ्यता छोडी अरूको सभ्यता अपनाउन अग्रसर हुन्छ, उसलाई आफ्नो संस्कृति नष्ट भएको पनि थाहा हुँदैन । तसर्थ उपाजोंगको सभ्यताको हनन गर्नु हाम्रो हितको कुरा होइन ।"

तर लालुङ्पाल्दोरको मन अर्कै सभ्यतामा लहसिएकाले उनले राजाको शिक्षातिर ध्यानै नदिई उनै भित्रभित्रै ग्यागर देशको सभ्यता प्रचार गर्न लागे । त्यतिमात्र होइन, उनी भित्रभित्रै लासाहाङ् राजाको बध गरी उनले सिकाएको युमा सभ्यताको अन्त्य गर्ने अभिप्रायले उनी षड्यन्त्र पनि गर्न लागे । राजाले पनि लालुङ्पाल्दोरको विचार आफ्नो सभ्यतापट्टि नआएको थाहा पाई विस्तारै विस्तारै लालुङ्पाल्दोर लामाको पछि लाग्ने व्यक्तिहरूलाई सजाय दिन लागे । यसरी उपाजोंगबाट बौद्धमत हटाउन खुब कोसिस हुनलाग्यो ।

राजाको भित्री अभिप्राय बुझी एक दिन लालुङ्पाल्दोर लामाले लाहाहाङ् राजासँग धर्मविषयमा फेरि छलफल गर्ने अनुमति मागे । यिनताकासम्म उनले दरबारका भारदारहरूलाई हात लिइसकेका थिए । राजाले पनि खुसीसाथ लालुङ्पाल्दोरलाई आफ्ना बैठकमा सम्मानपूर्वक डाके । उनले सम्झेका थिए यसपाला लालुङ्पाल्दोरले स्वदेश तथा स्वसभ्यताको इज्जत राखी परचक्रीको सभ्यता छोड्लान् तर उनी आएका थिए, राजाको वध गर्न । राजालाई यसको शंकै थिए । कारण लालुङ्पाल्दोर अहिंसावादी मतका नेता थिए ।

लासाहाङ् राजा सधैंझैं आफ्ना बैठकमा बसी ढोकाबन्द गरी लालुङ्पाल्दोरसँग धर्मविषयमा छलफल गर्दैथिए । कुरामा कुरा गल्दै जाँदा तर्कको जोशमा लालुङ्पाल्दोर जुरुक्क उठेर चुपी झिकी लासाहाङ् राजाको मुटुमा घसी आफू फुत्त बाहिर भागे ।

पछिबाट दरबारमा हल्लीखल्ली मच्चियो । भारदारहरू भेला भए । आपस्तमा सल्लाह गरे । धर्मको छलफलमा लालुङ्पाल्दोर लामाले राजाको वध गरेको देखियो । तर ती भारदारहरू सबै पाल्दोरकै मत ठीक छ भन्ने भइसकेका थिए । तसर्थ तिनीहरूले पाल्दोर लामालाई दण्ड दिने कुराको उठानै गरेनन् । लासाहाङ् राजा कालगतिले परलोक भए भन्ने हल्ला देशभरमा प्रचार गरियो । भारदारहरूले मतो गरी उपाजोंगको राजसिंहाशनमा लासाहाङ् राजाकी रानीलाई युमा महारानीको पदवी दिई आरुढ गराए । देशको वास्तविक सत्ता लामाहरूको हातमा आयो । देशभरमा बौद्धमतको प्रचार हुन लाग्यो ।

दुई राजपूत(पुत्र)हरू जवान भएपछि राजसिंहासनमा कुन भाइलाई राज्याभिषेक दिने भन्ने कुराको छलफल हुन लाग्यो । लामा मन्त्रीले कान्छा चाङ्बाहाङ्लाई आफ्नो राजा निर्वाचन गरी उपाजोंगको राज्यसिंहासनमा राखे । जेठो

उबाहाङ् राजकुमारको चित्त भाँचियो । उनले आफ्ना कुलदेवता युमासाम्माङ्को पूजा गरी सामर्थ्य मागे । देवताले उनलाई सपनामा युमा महारानीको रूपमा दर्शन दिई भने – " आफ्नो भाइ चाङ्बाहाङ् उपाजोंगको राजा भयो भनी चित्त नदुखाउनू, दक्षिण दिशातिर युद्ध गर्दै जानू । जय प्राप्त हुनेछ ।"

उबाहाङ्ले बिहानै उठी आफ्नी आमा युमा महारानीसँग राज्यको अंशबन्डा गरिदेऊ भनी निवेदन गरे । युमा महारानीले उनलाई पैतृक अंशका रूपमा देशको उत्तरी भाग दिई सबै फौजको प्रमुख पनि बनाइदिइन् । अब सबै फौजले उनलाई उबाहाङ् राजा भन्न लागे ।

उबाहाङ् राजाले आफ्नो फौज उठाई उपाजोंग राजधानीदेखि दक्षिणपट्टि का सबै सानासाना राजाहरूलाई विजय गरे । उनले भने – " कान्छा भाइ चाङ्बाहाङ्लाई मन्त्रीवर्गले एउटा जोंगको राजा निर्वाचित गरे । म आफ्नै सामर्थ्यले दसवटा जोंगको मालिक भई आफ्नो सभ्यताको प्रचार गर्छु ।"

यस्तो दृढ विचार गरी उनले प्रथम चाङ्पाजोंगमा आफ्नो दखल जमाए । त्यसपछि दक्षिण दिशापट्टि का पावजोंग, साम्यजोंग, टिंग्रीजोंग, तानाकजोंग, तिङ्केजोंग, जोंगखाजोंग, खाम्पाजोंग, तापलिङ्जोंग, आग्येजोंग, पोमेजोंग, साखेजोंग र चेम्फुजोंग–जम्मै गढहरूमा विजय प्राप्त गरी तराईको मिथिला प्रदेशसम्म हमला गरेर आफ्नो देशको सिमाना बढाए । उनले तिब्बतदेखि हिमालय पहाडका किरात देश तथा तराईको मिथिला प्रदेशसम्म आफ्नो अधिकार जमाए । उनले युमाधर्मको प्रचारमा ठूलो काम गरे ।

यसै युमाधर्मलाई वर्तमान पूर्वी नेपालका किरातजातिहरू " बुढी बज्यैको धर्म" भनी घरघर पूजा गर्छन् । यसलाई किराती भाषामा युमासाम्माङ् पनि भन्छन् । नेपाली भाषामा यासोकेनी महारानी बुढी बज्यैको धर्म भनी पूजा गर्छन् ।

पल्लोकिरात पाँचथर थुमको यासोक गढीमा तीन सालमा एक पटक बैशाख महिनामा यो " युमाधर्म" को ठूलो पूजा हुन्छ । कुम्मायोक सिद्धिस्थानमा फलफूल, धुप, धुवाँले पूजा हुन्छ । हिंसाकर्म चल्दैन तर कुसायोक नामक स्थानमा बीसासय बली दिएर पूजा गर्छन् । सालमा एक पटक यो युमाधर्मको ठूलो पूजा हुन्छ । दक्षिण दिशातिर विजययात्रा सुरु भएको महिना भनी कार्तिक महिनामा " उँधौली पूजा" -का नामले युमा महारानी बुढी बज्यैको पूजा हुन्छ । फेरि मधेश तराईको विजय गर्दै काशी पुगी वहाँबाट बैशाख महिनामा पहाड फिरेको स्मरण गरी उनै युमा महारानीको पूजा " उँधौली पूजा" हुन्छ ।

■

## सिस्नुको कथा

हजारौं वर्षअघि पृथ्वीमा झार, जङ्गल, वनस्पति केही पनि उत्पन्न भएको थिएन । सृष्टिकर्ता भगवान्ले पोरोक्मी योम्फामी नाउँ भएको एक शक्तिमान् आत्माको सृष्टि गरे । उनले पोरोक्मी योम्फामीलाई पृथ्वीमा झार-पात, वनस्पति इत्यादिको सृष्टि गरी पृथ्वीको शोभा बढाउनु भन्ने आदेश दिए ।

पोरोक्मी योम्फामीले पनि आफ्नो शक्तिले भ्याएसम्म किसिमकिसिमका झारपात, वृक्ष, लतादिका बिउ बनाएर थुपार्दा एउटा हात्तीको शरीरझैं थुप्रो लाग्यो । यी झारपात, वनस्पती आदिका बिउ तयार गरिनुअघि नै हावा, सूर्य, चन्द्र, तारा, नक्षत्र इत्यादिको सृष्टि भइसकेको थियो र पृथ्वीमा त्यस वेला भयङ्कर हावा चल्दथ्यो ।

पोरोक्मी योम्फामीले आफ्नो मनमा यसो सम्झे–यत्रो ठूलो पृथ्वीमा जताततै झार, जङ्गल, वनस्पति आदि उमार्नु परेको छ । मैले बनाएका यी बिउहरू (आफै) छर्दै हिंड्नुपरे साह्रै गाह्रो पर्ला । कस्तो बिउ कुन ठाउँमा छर्नुपर्ने हो ? त्यो पनि एउटा गाह्रै कुरो छ । अब कुन उपायले यी बिउहरू पृथ्वीमा छर्ने भनी बहुतै बिचार्दा तिनले सम्झे– पृथ्वीमा थरिथरिका वायुहरू रातदिन चलिरहन्छन् । यी बिउहरू हावामा उडाइदिए हावाले नै ती बिउहरू चारैतिर–लेक, बेसी, पहाड, मधेसमा छरिदिन्छ । त्यसो भए पृथ्वीले आफ्नै शक्तिद्वारा सारा झार, जङ्गल, वनस्पति आदि उमारेर आफ्नो शोभा बढाउँछ ।

यस कुराको तथ्य विचार गरी पोरोक्मी योम्फामीले आफैलाई बनाएका ती वनस्पतिका बिउहरू सबै हावामा उडाइदिए । हावाले ती सारा बिउहरू पृथ्वीका कुनाकुनासम्म उडाएर छरिदियो र अब झार, जङ्गल पृथ्वीमा उम्रन्छन् भनी तिनी ढुक्क भएर बसे ।

तर धेरै दिन व्यतित हुँदा पनि केही उम्रेन । पोरोक्मी योम्फामी छक्क परे । के कारणले यी छरिएका बिउहरू उम्रेनन् भनी तिनी चिन्तामा परे तर तिनले बिउहरू उम्रन नसकेको कारण पत्तो लाउन सकेनन् । अन्त्यमा तिनले आफ्नो टाउको माथि आकाशतिर फर्काई हेर्दा निलो आकाशमा चर्को घाम लागिरहेको देखे । त्यसै बेला झट्ट तिनका मनमा आफ्ना बिउहरू उम्रन नसकेको कारण पत्ता लागेझैं भयो तर आफूले शङ्का गरेको कारण ठीक हो कि होइन भनी जाँच गर्नलाई तिनले आफ्नो टाउको फेरि पृथ्वीतिर फर्काए । तिनले बनाएका

वनस्पतिका बिउ साह्रै मसिना थिए, हावाले तिनलाई उडाएर छरस्ट पारेको थियो । यसैले गर्दा तिनले ती बिउहरू देख्न सकेका थिएनन् । यस कारण तिनी थपक्क भुइँमा बसी हावाले छरस्ट पारेका ती बिउहरू हेर्न लागे । राम्ररी नियालेर हेर्दा तिनले ती मसिना बिउहरू सुकिरहेका देखे । आफूले शङ्का गरेको कुरो ठीक रहेछ भन्ने तिनले ठहराए । सूर्यको किरणको शक्तिले तिनको शक्तिलाई दबाएको रहेछ र उम्रन दिएको रहेनछ । पृथ्वीको शोभाको वृद्धि हुन नदिएको कारण यही रहेछ भन्ने तिनलाई यकिन भयो । तिनले आफैलाई भगवान्पछिको दोस्रो शक्ति मै हुँ भनी सम्झे तर पछि त्यसो होइन रहेछ, सूर्य पो दोस्रो शक्ति रहेछ भन्ने तिनलाई लाग्यो । उनले गमे–सूर्यको शक्तिले मेरो शक्तिलाई दबाइदियो । त्यस शक्तिको दाँजो गर्न म सक्तिनँ । यसैले अब मलाई हारेर बस्न कर लागेको छ ।

यस्तै कुराको विचार गर्दै पोरोक्मी योम्फामी भुइँमा बसी केही कोर्दै विलाप गरिरहँदा तिनका आँखाबाट आँसुका थोपा झर्न लागे । रिस र विलाप गर्दै तिनी अब फलाक्न थाले । तिनले भने " मैले सूर्यको केही हानि गरेको थिइनँ तापनि मैले गरेको काममा सूर्यले डाहाडे भएर सबै बिउलाई आफ्नो रापले सुकाइदिएछ । अब कुन शक्तिले मैले यी बिउहरू उमार्न सकूँ, भगवान् ?"

डाँको छाडेर रुन लाग्दा पोरोक्मी योम्फामीको आँखाबाट जमिनमा धेरै आँसु झर्न लाग्यो र त्यसै आँसुले गर्दा पृथ्वीमा छरेका ती बिउहरू भिज्न लागे । भिजेका बिउहरू जम्मै ढाडिएर उम्रन लागे र ससाना बोट भए ।

हेर्दाहेर्दै तिनले ती बिजनहरू बढेर दुईपाते, त्यसपछि टुसा लागेका र ती टुसाहरू बोट भई झाँगिएर ठूलो घारी भएका देखे तर ती घारीचाहिँ रूख भएनन् । तब पोरोक्मी योम्फामीका हृदयमा एउटा नयाँ विचार फुऱ्यो । तिनले सम्झे–मेरा यति थोरै आँसुले एउटा यत्रो ठूलो घारी बनाउन सक्दोरहेछ भने धेरै आँसुले किन ठूलाठूला रूखहरू उमार्न नसक्ला । भगवान्को आँसुमात्र त्यति धेरै हुनसक्छ । यसैले आकाशबाट आँसु झार्न पाए त्यसैले पृथ्वीमा मैले छरेका ती बिउहरूबाट बडेबडे रूखहरू उम्रन सक्छन् । यो विचार गरेर तिनले आकाशबाट भगवान्को आँसु झार्न अनेक उपाय सोचे तर सकेनन् । अन्त्यमा तिनी सृष्टिकर्त्ताका सामुन्ने गई भन्न लागे " मैले आफ्नो शक्तिले भ्याएसम्म किसिमकिसिमका झारपातका बिउ बनाई हावाको शक्तिले पृथ्वीभरि

फिंजाइदिएँ तर सूर्यको शक्तिले ती बिउहरू सबै सुकाइदियो । मेरो शक्तिको सूर्यको शक्तिले डाहागऱ्यो भन्ठानी चित्त दुखेर विलाप गर्दा मेरा आँखाबाट आँसु झऱ्यो । त्यसै आँसुले भिजेका जम्मै बिउहरू ढाडिएर टुसा पलाई घारी भए तर रूखचाहिँ भएनन् । मेरा मनमा यही विचार आयो कि यदि आकाशबाट आँसु वा पानी झार्न सके पृथ्वीभरि झारपात उम्रेर जङ्गल बन्ने थिए । मैले आकाशबाट आँसु झार्न अनेक उपाय गरें तर मेरो कुनै वश चलेन र अन्त्यमा हजूरको सामुन्ने आकाशबाट आँसु बर्साउने युक्ति सिक्न आएको हुँ ।"

यो कुरा सुनी भगवान्ले भन्नुभयो " पाताल लोकमा जाऊ र एउटा बज्रढुङ्गा लिएर एक बित्ता छेलो हान । त्यसपछि एक-दुई गर्दै शक्तिले भ्याएसम्म जोरसित कोङ्कोङ् लुङ् नामक पहाडको टाकुरो थर्कने गरी आठ हातसम्म छेलो हान्नू । त्यस ढुङ्गाले लाग्नेबित्तिकै पहाडको टाकुरोबाट चटचाङको डेङडेङ गरी शब्द आउनेछ । त्यसपछि त्यहाँबाट बादल निस्केर सूर्यको शक्तिलाई ढाकिदिनेछ । तब बादलको बीचबाट पानी भई बर्सन लाग्नेछ, प्रकृतिको करुणापूर्ण आँसुले सारा पृथ्वी भिज्नेछ र झार, जङ्गल इत्यादि उम्रेर सारा पृथ्वी हरियो भरिलो हुनेछ ।

भगवान्को अर्तीबमोजिम पोरोक्मी योम्फामी पृथ्वी लोकमा आएर वज्र-पत्थर खोजी छेलो हान्न लागे । पहिले एक बित्ता अनि एक हात गर्दै आखिरमा आफ्नो शक्तिले भ्याएसम्म आठौं पटक कोङ्कोङ् लुङ् पहाडको टाकुरामा यति जोडसित हाने कि त्यहाँबाट एक भयानक आवाज गरी बिजुली निस्क्यो । त्यहाँबाट बादल पनि निस्क्यो । त्यस बादलले सूर्यको प्रकाश सबै ढाकिदियो । एक छिनपछि त्यही बादलबाट घनघोर वृष्टि हुन लाग्यो । त्यसो हुँदा पृथ्वीमा छरिएका ती बिउहरू बढेर झारपात, रूख आदि उम्रन लागे र पृथ्वी जङ्गल आदिले शोभायमान भयो ।

पृथ्वीका झारपातहरूमा सिस्नुचाहिँ पोरोक्मी योम्फामीको आँसुबाट पहिले सृष्टि भएको हो भनेर त्यसलाई किरातीहरू वनस्पतिहरूमा जेठो मान्दछन् । यही सिस्नुको पात र फूल किरातजातिको प्रथम तरकारीको (लागि) आहारा भएको हो । यसको बोक्राको धागो निकालेर पहिलेका मानिसहरूले आफ्नो पहिरन बनाएका हुन् । यसको जरा ओखतीको काममा लाउँछन् ।

■

# मज्जाको बुटी

अघि पृथ्वीलोकमा मानिस जाति ज्यादै थोरै थिए औ किरात अनुश्रुतिअनुसार राजा पनि एउटै मात्र थिए । ती राजाको नाउँ मनाहाङ् थियो ।

तिनको दरबारमा सुनचाँदीको ढुकुटी थियो । अन्नपानी पनि त्यस वेला प्रशस्तै थियो । मानिसहरू सदा खुसी भएर बस्थे । त्यस बेला तान्त्रिक ज्ञान भएको मानिसको गणना ठूलो विद्वान्मा हुन्थ्यो । कुनै किसिमको रुपियाँ, पैसा अथवा मुद्राको चलन त्यस समय थिएन । व्यापार–बन्द सबै सुन, चाँदीकै टुक्रा बनाई दाम तोकेर चलाइन्थ्यो । प्रजा साह्रै आनन्दमा थिए तर मनाहाङ् राजा कहिल्यै प्रसन्न रहँदैनथे । तिनी मोजमज्जा गर्न ज्यादै मन पराउँथे तर कस्तै मोजमज्जाले पनि तिनलाई खुसी पार्न सक्तैनथ्यो ।

एक दिन राजसभामा यस्तो प्रश्न सोधे–" भारदार हो, यस संसारमा असल मोजमज्जाको तरिका कुन होला ? तिमीहरूमध्ये जसले यस प्रश्नको जवाफ दिनसक्छ म त्यसलाई ठूलो पुरस्कार दिनेछु ।"

राजाको यस्तो कुरा सुनेर बुनोक नाउँ भएका एक मन्त्रीले उठेर बिन्ती चढाए–" सरकार, मज्जाको बुटी यहाँ पाइन्छ भनी मलाई थाहा छ । तीन महिनाको बिदा मलाई बक्सिए मज्जाको त्यो बुटी ल्याएर त्यसबाट ओखती बनाई सरकारलाई सेवन गराउने थिएँ । तब मज्जा के चिज हो सरकारलाई पूरै थाहा हुनेथियो ।" राजाले खुसी भएर बुनोक मन्त्रीलाई तीन महिनाको बिदा दिए ।

बुनोक मन्त्री आफ्नो तान्त्रिक शक्तिले शरीरलाई शालकका रूपमा परिणत गरी पृथ्वीभित्र प्वाल खन्दै जाँदा एक महिनापछि पाताललोक पुगे । त्यहाँ तिनले एउटा ठूलो घर देखे । घरको ढोका खुला थियो । तिनी सरासर त्यस घरभित्र पसे । घरको एक कोठामा तिनले घरकी मालिक्नी युमा नाराङ्लाई बसिरहेकी देखे । " नमस्ते बज्यै" भन्दै सालक युमा नाराङ्का सम्मुख गए । युमा नाराङ् पनि आफू बसेका आसनबाट जुरुक्क उठिन् र झट्टै एउटा राढी ओछ्याई उनले उनलाई बस्नुहोस् भनेर नमस्कार गरिन् । तिनीले भित्री कोठामा पसेर सुगन्धी रसले भरिएको सुन्तला रंगको एक कचौरा जल शालकको अगाडि राखेर भनिन्–" यहाँ औधी गर्मी भएकाले यो शीतल पानी नपिई शरीर फुर्तिलो हुँदैन । यसैले यो पानी लिनुहोस् । शालकले पनि युमा नाराङ्को एक

इज्जतदार पाहुना भएर आदरपूर्वक राढीमा बसी खुब चनाखो भई ती बूढी बज्यैसित कुराकानी गर्न मुख खोलेका मात्र थिए कि बुढीले भनिन्– " पहिले यो शीतल जल ता पिउनुहोस्, त्यसपछि जो कुराकानी छ, सो गर्दै गरुँला ।"

शालकले पनि आफ्ना अगाडि सुनको रङ्ग जस्तै चहकिलो मगमग बासना आउने पवित्र जल देख्ता तिर्खा मेट्न कचौरा थपक्क उठाएर एकै घुट्कामा कचौरा रित्याइदिए । बुढी बज्यैले पनि फेरि त्यस्तै जल कचौराभरि दिइन् । त्यसपछि बुढी बज्यैले सोधिन्–" माथि पृथ्वी लोकमा बस्ने मानिस, आज तपाई के कति कामले यस पाताललोकमा आउनुभएको हो ?" शालकले बडो होसियारीसित एक-दुई कुरा गर्नमात्र लागेका थिए तिनको जिब्रो लट्पटियो । बुढीले भनिन्–" पहिलोपल्ट यो शीतल जलको सेवन गर्नेलाई यसरी नै अप्ठ्यारो लाग्छ तर पछि बानी परेपछि होस खुल्छ र सफासँग कुरा गर्न सकिन्छ । यस जलको सेवन गर्ने कायदा नै यसै पिउनुहोस् न ।"

त्यो जल गुलियो थिएन तर स्वादिलो भने थियो । शालकले अर्को घुट्को पिए यसपल्ट तिनी त्यस पानीको प्रभावले निदाइहाले । आफू कुन कुरो लिएर पाताललोक पसेको तिनलाई सम्झनै भएन । एक-दुई घण्टा निदाई शालक बिउँझदा तिर्खाले सताइरहेको हुन्थ्यो । आफ्ना अगाडि शीतल जलले भरिएको कचौरा देख्नासाथ उनी त्यो जल पिएर फेरि निदाइहाल्थे । यसरी तीनै महिना तिनले सुतेर नै काटे ।

यस्तै चलाकी गरेर युमा नाराङ्ले शालकलाई कहिल्यै होसमा आउन दिइनन् किनभने मज्जाको बुटी तिनैसित थियो । मानिस जाति बदमाश हुन्छन्, दाउ परे यिनीहरूले बुटी चोर्छन् भनी तिनी सधैं होसियार रहन्थिन् ।

तीन महिना बित्यो । बुनोक मन्त्रीको केही खबर नआउँदा पृथ्वीलोकमा मनाहाङ् राजा छटपटाइरहेका थिए । चार महिना बित्यो तैपनि बुनोक मन्त्रीको केही पत्ता लागेन । राजाले साह्रै विकल भएर आफ्ना सारा भारदारहरूलाई बोलाएर सभा गरे । सभामा तिनले भने– " बुनोक मन्त्री मज्जाको बुटी ल्याउन गएको अहिले चार महिना बितिसक्यो तर तिनको कुनै पत्तो छैन । यसैले उनको खोजी गर्नुपर्छ भन्ने मेरो विचार छ ।"

सभामा बुदुम मन्त्रीले जुरुक्क उठेर राजासँग बिन्ती चढाए– " सरकार, दुई महिनाको बिदा बक्से म बुनोक मन्त्रीको खोजी गर्न

जानेछु ।"  बुदुम मन्त्री पनि तन्त्रविद्यामा निपुण थिए । यसैले राजाले पनि तिनलाई खुसीसाथ बिदा दिए ।

बुदुम मन्त्री तान्त्रिक शक्तिले आफ्नो शरीरलाई सर्पको रूपमा परिणत गरी अघि शालकले खनेको प्वालमा पसेर जाँदा पाताललोक पुग्न तिनलाई उति गाह्रो भएन । युमा नाराङ्का घरमा पुगी बूढी बज्यैलाई देख्नासाथ 'नमस्ते बज्यै'  भन्दै उनी भित्र पसे । आफ्ना मित्र बुनोक मन्त्रीलाई भित्री कोठामा शालकका रूपमा मस्त सुतिरहेको तिनले देखिहाले ।

युमा नाराङ्ले पनि बुदुम मन्त्री आएको कारण बुझी झट्टै एउटा आसन दिएर तिनलाई आदरसाथ बसाइन् । फेरि भित्र पसेर एक कचौरा त्यही शीतल जल ल्याई बुदुम मन्त्रीको सामुन्ने राखी दुई हात जोडी लिनुहोस् भनिन् । बुदुम मन्त्री पनि सर्पको रूपमा प्वालभित्र जाँदा साह्रै थाकेका थिए । तिनलाई हरहर तिर्खा पनि लागेको थियो । त्यसैले शीतल जलको सुवासले तिनी मोहित भई झट्टै कचौरा उठाई एक्कै घुट्कामा त्यो कचौरा रित्याइदिए । त्यतिले तिनको तिर्खा पनि शान्त भएन । बूढी बज्यैले फेरि शीतल जल थपिदिइन् । थप्नासाथै तिनले त्यो पनि पिइहाले । बूढी बज्यैले कचौरा फेरि भरिदिइन् तर दुवै कचौरा शीतल जलको प्रभावले बुदुम मन्त्रीले आफ्नो शिर उठाउन सकेनन्, अरू कुरै नगरी उनी निदाइहाले । बुढीले तिनीहरू निद्राबाट बिउँझनासाथ तुरुन्तै त्यहाँ शीतल जल खुवाई उनीहरूलाई लट्ठ  पारिराख्थिन् ।

यस्तै किसिमले बुदुम मन्त्रीले पाएको दुई महिनाको बिदा पनि समाप्त भयो । पृथ्वीलोकमा मनाहाङ् राजा साह्रै छक्क परे । मेरा दुवै मन्त्रीहरू हराए, मज्जाको बुटी पनि आएन । यो ता साह्रै खेदको कुरा हो भनी उनी चिन्ता गर्न लागे ।

तिनले फेरि एउटा राजसभा बोलाए । सारा भारदारहरू जम्मा भए । राजाले भने – " मेरा दुई ठूलाठूला मन्त्री बुनोक र बुदुम दुवै गएका गयै भए । विद्वान् मन्त्रीहरू यसरी लोप हुँदै गए देशको कति हानि हुनेछ ? तपाईहरूलाई विदितै छ । यसकारण अब मैले के गर्नुपर्ने हो ? म तपाईहरूसित सल्लाह माग्छु ।"

त्यसै बखत सिङ्ली नाउँ भएका एउटा बूढा र बुद्धिमान् मन्त्रीले उठेर राजासँग बिन्ती गरे –"  सरकार !  मलाई एक महिनाको मात्र बिदा बक्से म बुनोक र बुदुम–दुवै मन्त्रीको पत्ता लगाई त्यो मज्जाको

बुटीसमेत लिएर हाजिर हुने थिएँ । राजाले तिनलाई पनि एक महिनाको बिदा दिए ।

सिङ्ली मन्त्री पनि तान्त्रिक शक्तिद्वारा आफ्नो शरीरलाई साङ्ले किराका रूपमा परिणत गरी शालकले खनेकै प्वालबाट पाताल लोकमा पुगे । तिनी पनि पहिले युमा नाराङ्कै घरमा गए । त्यहाँ युमा नाराङ्लाई देखी तुरुन्तै तिनको गोडामा ढोगेर भने – " बज्यै, तपाईलाई शाष्टाङ्ग दण्डवत् छ । तपाई ता मेरी साक्खै बज्यै हुनुहुन्छ । तपाई यहाँ पाताललोकमा बस्नुभएको छ भनी मेरा माता-पिताले मलाई म सानै छँदा भन्नुभएको थियो । मेरा माता–पिता मेरो बाल्यावस्थैमा परलोक हुनुभएकाले म टुहुरो भएँ । दुःख पाएँ । मानिसहरूले मलाई भेडाबाखाको गोठालो तुल्याए । मलाई खानसमेत दिएनन् । झुत्रोझात्रो लगाएर कष्टसित समय बिताएँ । बज्यै, मैले ता साह्रै पो दुःख पाएको छु ।" भन्दाभन्दै तिनी डाँको छोडी रुन लागे । फेरि तिनले भने–" बज्यै, मैले तपाईकहाँ आउनलाई अनेक चेष्टा गरें तर बाटै पाउन सकिनँ । आखिरमा बल्ल एउटा प्वाल भेट्टाएँ । त्यसै प्वालबाट बडो मुस्किलसित आउँदाआउँदा म यहाँ आइपुगेको छु । बज्यै, अब म पृथ्वीलोकमा जान्नँ । मलाई मार्नुभए पनि अथवा पाल्नुभए पनि हजूरकै काखमा बस्नेछु । मलाई फेरि पृथ्वीलोकमा दुःख भोग्नलाई नपठाउनुहोस् ।" यति भनी तिनी झन् पनि ठूलो स्वरले रुन लागे ।

बूढी बज्यै छक्क परिन् । यो के फसाद आइलाग्यो भनी तिनी बिलखबन्द भइन् । आखिरमा तिनले एउटा राम्रो ठाउँ बनाई 'यहाँ बस्' भनिन् तर सिङ्ली बस्नै मानेनन् । बुढीले हत्त र पत्त उही शीतल जल ल्याई तिनका सामुन्ने 'लौ, यो खा' भनेर राखिन् तर तिनले पिउन मानेनन् । बुढीले फेरि सोधिन्, किन यत्ति बिघ्न रोएको ? तँलाई के भयो ?" तिनले भने–" बज्यै, तपाईले मलाई यहाँ नराखी फेरि वहाँ पृथ्वीलोकमा पठाउनुहुनेछ र त्यहाँको दुःख सम्झेर रोएको हुँ ।

बुढीले सान्त्वना दिंदै भनिन्–" म तँलाई पृथ्वीलोकमा पठाउनेछैन यहीं नै राख्नेछु । तँ मसँगै यस पाताललोकमा बस्नेछस् ।"

बुढीको यस्तो सान्त्वना पाएर सिङ्लीले रुन छोडे । तिनी त्यही बज्यैसित बसी घरभित्र बज्यैका अघिपछि हिंड्न थाले । बुढी बज्यैले मज्जाको बुटी भित्ताका प्वालमा लुकाइराखेकी थिइन् । यो कुरो सिङ्लीले थाहा पाउँछ भनेर तिनले त्यो बुटी जैरेमा लुकाइन् । सिङ्ली साङ्लेका रूपमा भएकाले घरको बाहिर-भित्र सबै ठाउँ जान सक्थे, यसैले मौका

पारी मज्जाको बुटी लुकाएको ठाउँ खोज्न लागे तर भेट्टाउन सकेनन् । घरका सारा चोटा र कोठा घुमी हिंड्दा तिनले बुनोक र बुदुम मन्त्रीहरूलाई शालक र सर्पको रूपमा घोर निद्रामा सुतिरहेका देखे ।

साङ्ले नाति घरभित्र-बाहिर साह्रै घुमेको देखी बुटी बज्यैलाई साह्रै शङ्का लाग्न थाल्यो । तिनलाई पनि सुताउने अभिप्रायले उस्तै शीतल जल बनाई एक कचौरा ल्याएर पिउन दिइन् । त्यो कचौरा हातमा लिई पिएझैं भान पारी तिनले एकातिर लगी फालिदिए ।

भान्साका धन्दामा पनि बज्यैलाई मद्दत गर्ने निहुँ गरी सिङ्लीले अगेनासम्म गएर त्यो शीतल जल बनाउने कायदा पनि सिके । बज्यैले लुकाएर त्यो मज्जाको बुटी शीतल जल बनाउँदा हाल्ने गर्दथिन् । सिङ्ली ढोकाको चेपबाट सबै हेरिरहन्थे । बुढीलाई भने पत्तो हुँदैनथ्यो । समयमा सिङ्लीले त्यो मज्जाको बुटी जैरेमा लुकाएको पत्तो लगाए ।

अर्को दिन सिङ्लीले मज्जाको बुटी जैरेबाट झिक्ने अभिप्रायले बुढी बज्यैलाई भने – " बज्यैको जिउ ता साह्रै मैला भएछ । आज नुहाउनुपर्छ । म नुहाइदिन्छु तर नुहाउँदा चिसो पस्ला । त्यसैले पहिले सर्दीको ओखती खानुपर्छ ।" यति भनेर तिनले छिपिएको जाँड बुढी बज्यैलाई पिउन लाए । तिनी आफैले पनि पिएझैं भान पारे । जाँड झिक्न भित्र पस्ता मज्जाको बुटी जैरेबाट झिकी घुच्चुकको केशभित्र लुकाइन् । नुहाउने बेलामा बज्यैले आज जिउमात्र नुहाउँछु, कपाल त नुहाउँदिनँ भनिन् । यसैले सिङ्लीले मज्जाको बुटी कपालमा लुकाएको थाहा पाइहाले । हुन्छ त भनी उनले बज्यैको जिउमात्र नुहाइदिए । नुहाई सकेपछि सिङ्लीले बुढीलाई भने – " बज्यै, अब घाममा बस्नुपर्छ । घामले चाँडै शरीर तात्छ ।"

बुढी घाममा गएर बस्ता त्यो अघि खाएको जाँडको प्रभावले उनी उँघन लागिन् । त्यसै वेला सिङ्ली बज्यैको कपाल छामेर भन्न लागे–" बज्यै, तपाईको कपालमा त जुम्रा पो परेछन् । म हेरिदिऊँ है ?" बुढीलाई निद्रा लागेको थियो । सिङ्लीले तिनको कपाल यसो छामिदिंदा नै तिनी भुसुक्क निदाइहालिन् । मौका पाएर सिङ्लीले बुढीको घुच्चुकको कपालभित्र लुकाई राखेको मज्जाको बुटी झिकेर त्यहाँबाट पृथ्वीलोकमा पाइला हाल्नासाथ तिनले मानिसकै रूप धारण गरे ।

निद्राबाट बिउँझनासाथ बुढीले सिङ्लीलाई खोजिन् । उसलाई नदेख्ता तिनलाई शङ्का भयो र उनले छामिन् । त्यो त बेपत्ता भएछ ! साङ्ले नातिले मज्जाको बुटी चोरेर लगेछ भन्ने थाहा पाएर उनी धुरुधुरु

रुन लागिन् । मानिस जातिले मेरो मज्जाको बुटी लगिहाले । अब तिनीहरू 'जानेर खाए ओखती, नजानी खाए बिष होस्' भनेर सराप दिइन् । मज्जाको बुटी चोरिई सकेपछि अब मानिसको डर भएन र बज्यैले बुनोक र बुदुमलाई पनि छोडिदिइन् । उनीहरू पनि घर फर्के ।

उक्त पृथ्वीलोकमा पुग्नासाथै सिङ्ली मन्त्रीले राजदरबारमा गएर बुनोक र बुदुम मन्त्रीको पत्ता लगाएको कुरा र मज्जाको बुटी ल्याएको कुरा मनाहाङ् राजालाई सुनाए । राजाले सिङ्ली मन्त्रीका सबै कुरा सुनी तिनको सम्मानमा भारदारहरूलाई एउटा ठूलो भोज खुवाउने प्रबन्ध गरे ।

भोजका दिन सिङ्ली मन्त्रीले खानपिनको साथसाथै नाचगानको प्रबन्ध पनि हुनुपर्छ भनी राजालाई बिन्ती चढाए । त्यस भोजमा सिङ्ली मन्त्रीले असल मिठो शीतल जल सारा भारदारहरूलाई खुवाउने बन्दोबस्त पनि गरे । सो शीतल जल तिनले पहिले राजालाई टक्र्याएर भने, – " सरकार यो शीतल जल सेवन गर्नाले संसारका सारा शोच-विचार, फिक्री इत्यादि खतम भई मज्जैमज्जा मात्र हुनेछ । यसले दिलमा आनन्द उत्पन्न गराउँछ । सेवन गरिबक्सियोस् ।"

राजालाई त्यो शीतल जल टक्र्याएपछि तिनले सारा भारदारहरूलाई पनि एकएक कचौरा शीतल जल दिए । सिङ्ली मन्त्रीले भनेझैं त्यो शीतल जल पिउनासाथै राजा तथा सारा भारदारहरूका मनमा एक किसिमको मज्जा पैदा भयो । एक छिनपछि तिनीहरू कोही हाँसेका हाँस्यै भए, कोही गाएका गायै भए, कोही हँसी र मजाक उडाउन थाले, कोही नाच्नेहरूका साथमा नाच्न लागे, कोही गाउनेहरूका साथमा गाउन थाले । राजाचाहिँ हाँसेका हास्यै भए ।

त्यसै दिनदेखि पृथ्वीलोकमा मद्यपानको चलन सुरु भयो । अनि मज्जाको बुटीलाई उनीहरूले 'मर्चा' नाउँ दिए ।

■